सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० जेठ २०८२, शुक्रबार (13 June 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

२४२ जना सवार एयर इन्डियाको विमान उडेलगत्तै दुर्घटना

भग्नावशेषबाट दुई सयभन्दा बढीको शव संकलन

चिकित्सकहरूको आवासीय भवनमा विमान बजारिँदा पाँच मेडिकल विद्यार्थीको पनि मृत्यु





विश्वासकुमार जो उछिट्टिएर बाँचे

अहमदाबाद सिभिल अस्पतालमा उपचारार्थ उनको अवस्था खतरामुक्त

एजेन्सी

पश्चिम भारतको गुजरातमा चालक दलका सदस्यसहित २४२ जना सवार एयर इन्डियाको विमान दुर्घटना भएको छ। अहमदाबादको सरदार बल्लभभाइ पटेल अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समयअनुसार बिहीबार दिउँसो १:३८ बजे बेलायतको लन्डन ग्याटविकका लागि उडान भरेको बोइङ-७८७-८ ड्रिमलाइनर विमान दुई मिनेटमै मेघनीनगर आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भएको हो।

» पृष्ठ २ मा क्रमशः

सदन खोल्न तीन दलमा 'अस्पष्ट' सहमति

रास्वपा छानबिन समिति गठनको अडानमै

गृहमन्त्री रमेश लेखकको राजीनामा र संसदीय समिति गठनविना नै सदन खोल्न प्रमुख प्रतिपक्षी माओवादी लचिलो भए पनि रास्वपाको समर्थन जुटाउन कठिन

कांग्रेस, एमाले र माओवादीबिच भएको सहमतिको मस्यौदा

१ भिजिट भिसा र अध्यागमनबारे अख्तियारले गर्ने छानबिनलाई पूर्णतः सहयोग गर्ने र अख्तियारले मागेको सहयोग सरकारले दिने

२ अध्यागमन भिजिट भिसाबारे विगतदेखि देखिएका समस्याबारे सरकारले अध्ययन-छानबिन गरी नीतिगत, कानुनी, संरचनागत सुधारका लागि आवश्यक कदम चाल्ने



● **श्याम घिमिरे**
प्रमुख सचेतक, कांग्रेस

तीन दल एकै ठाउँमा छौं। छलफल सकारात्मक छ, भोलि सहमति भएपछि सार्वजनिक गर्छौं।



● **शक्ति बस्नेत**
उपमहासचिव, माओवादी

दुई वा तीनबुँदेवरिपरि सकारात्मक छलफल भएको छ। छलफल गर्दै जाँदा धेरै विषय ठाउँमा आउँछ, शुक्रबारसम्म निष्कर्षमा पुग्ने प्रयास छ।

कमलराज भट्ट / नयाँ पत्रिका

भिजिट भिसा प्रकरणमार्फत भएको मानव तस्करी र ठगीका कारण १३ जेठदेखि अवरुद्ध प्रतिनिधिसभा सुचारु गर्न तीन प्रमुख दल कांग्रेस, एमाले र माओवादीबिच प्रारम्भिक सहमति जुटेको छ। तर, गृहमन्त्री रमेश लेखकको राजीनामा र संसदीय छानबिन समितिको माग मस्यौदामा समावेश छैन।

तीन दलले तयार पारेको दुईबुँदे सहमतिमा अख्तियारले भिजिट भिसा र अध्यागमनसम्बन्धी

» पृष्ठ २ मा क्रमशः

■ रास्वपाको अडान



बिहीबारको प्रतिनिधिसभा बैठक अवरोध गर्दै विपक्षी दलका सांसद। तस्बिर : **संजित परियार**



● **डिपी अर्याल**, उपसभापति, रास्वपा

उहाँहरू (सत्तापक्ष) अध्ययन र छानबिन भन्ने विषयमा अडिरहनुभएको छ। हामीले स्पष्टसँग छानबिन समिति हुनुपर्‍यो, टाइमलाइन र टिओआर हुनुपर्‍यो भनेका छौं।

भिजिट भिसा प्रकरणमा सत्तापक्षले अघि सारेको अध्ययन र छानबिनका लागि आवश्यक संरचना बनाउने प्रस्तावमा रास्वपा सहमत भएको छैन। पाँचबुँदे मस्यौदा प्रस्तुत गरेको रास्वपा स्पष्ट टिओआर र टाइमलाइनसहित उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने अडानमा छ। रास्वपा उपसभापति डिपी अर्यालले सत्तापक्षबाट छानबिनको प्रतिबद्धता आएको बताए। छानबिनको मोडालिटी, टिओआर र टाइमलाइनबारे छलफल हुन बाँकी रहेको उनको भनाइ छ। 'सत्तापक्षले दुई बुँदा र हामीले पाँच बुँदा अघि सारेका छौं। आज उहाँहरू (सत्तापक्ष)बाट मिलाएर जानुपर्‍यो, मध्यविन्दुमा आउनुपर्‍यो भन्ने अनुरोध आयो। सबै प्रतिपक्षीहरूको माग छानबिन हुनुपर्‍यो भन्ने छ। छानबिनमा गइसकेपछाडि स्वतः नैतिकताका आधारमा राजीनामा दिने कुरो आइहाल्छ भन्ने छ,' उनले भने, 'यसमा छलफल चलिरहेको छ। टुंगिएको केही पनि छैन। भोलिसम्म अब केही गर्न सकिन्छ कि छलफल गरौं भन्ने भएको हो।' स्पष्ट टाइमलाइन र टिओआरसहित छानबिन समिति बनाउने न्यूनतम बटमलाइन भन्दै अर्यालले शुक्रबार पनि निरन्तर छलफल गरेर सदन बैठकअघि टुंग्याउन प्रयास गरिने बताए। 'उहाँहरू (सत्तापक्ष) अध्ययन र छानबिन भन्ने विषयमा अडिरहनुभएको छ। हामीले स्पष्टसँग छानबिन समिति हुनुपर्‍यो, टाइमलाइन र टिओआर हुनुपर्‍यो भनेका छौं,' उनले भने।

भिजिट भिसा प्रकरणमा प्रहरीको अपराध अनुसन्धान कार्यालयले पनि अनुसन्धान थाल्ने



विमानस्थलका कर्मचारीले अख्तियारको दुरुपयोगसँगै गिरोहसँग मिलेर संगठित तवरले मानव तस्करी नै गर्ने गरेको विवरण फेला पारेपछि घटनाको अनुसन्धान गर्न अख्तियारले प्रहरीलाई पत्र पठाएको छ। उक्त पत्र अपराध अनुसन्धान कार्यालयमा पुगिसकेको छ। ७ जेठमा अख्तियारले विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईसहित कविता पौडेल, बालकृष्ण खड्का र भरत सुवेदीलाई पक्राउ गरेको थियो। उनीहरूको मोबाइललगायत डिभाइस बरामद गरेर अख्तियारले अनुसन्धान गरिरहेको छ।

नयाँ पत्रिका

भिजिट भिसाको आवरणमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने मानव तस्करी र ठगीको अनुसन्धान अब काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पनि गर्ने भएको छ। विमानस्थलका कर्मचारीले अख्तियारको दुरुपयोगसँगै गिरोहसँग मिलेर संगठित तवरले मानव तस्करी नै गर्ने गरेको विवरण फेला पारेपछि घटनाको अनुसन्धान गर्न अख्तियारले नेपाल प्रहरीको प्रधान कार्यालयलाई पत्र पठाएको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कर्नर किक

● रवि मिश्र



चिकित्सकीय लापरबाहीले बिरामीको मृत्यु

पीडित परिवारलाई ५६ लाख क्षतिपूर्ति दिन उपभोक्ता अदालतको आदेश

(विस्तृत पृष्ठ ३)

असार तेस्रो सातापछि प्रधानमन्त्री ओलीको भारत भ्रमण तय गर्न कूटनीतिक कसरत



१७-२० मंसिरमा उत्तरी छिमेकी चीनको औपचारिक भ्रमण गरे पनि प्रधानमन्त्री ओलीका लागि भारतीय प्रधानमन्त्री मोदीसँगको 'असहज' सम्बन्धका कारण दिल्ली भ्रमणको चाँजोपाँजो मिलाउन कठिन हुँदै आएको छ

पर्शुराम काफ्ले / नयाँ पत्रिका

पछिल्लो कार्यकालको एक वर्ष पुग्न लाग्दा प्रधानमन्त्री केपी ओलीको दक्षिणी छिमेकी भारत भ्रमणको तयारी सुरु भएको छ। असार तेस्रो सातापछि प्रधानमन्त्री ओलीले भारत भ्रमण गर्ने गरी दुवै देशको कूटनीतिक तहमा छलफल भइरहेको छ। यद्यपि, विभागीय मन्त्रालयले यसको औपचारिक पुष्टि गरेको छैन।

'प्रधानमन्त्री ओलीको भारत भ्रमण अर्को महिना जुलाई (असार तेस्रो सातापछि)मा हुने गरी तयारी भइरहेको छ। भारतीय प्रधानमन्त्रीसँग भेटघाटको समय तय हुनासाथ मिति तय हुन्छ,' नयाँदिल्लीस्थित कूटनीतिक स्रोतले भन्यो। परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद

नेपाल र भारतबिच साझेदारी र सम्पर्क सञ्जालमार्फत समृद्धि : परराष्ट्रमन्त्री

» पृष्ठ २ मा क्रमशः



IGI PRUDENTIAL INSURANCE LIMITED
सुरक्षाको पूर्वाधार, भविष्यको आधार

दिलभूषणका सहकर्मी अर्यालमाथि पनि प्रहरीको धरपकड प्रयास



दिलभूषण पाठक



नारायण अर्याल

टेकराज थामी / नयाँ पत्रिका

प्रेस काउन्सिलको अधिकार क्षेत्र अतिक्रमण हुने गरी पत्रकार दिलभूषण पाठकलाई पक्राउ गर्न अदालतबाट पुर्जी लिएको प्रहरीले उनका सहकर्मी नारायण अर्यालमाथि पनि धरपकडको प्रयास गरेको छ। तर, पत्रकारहरूले प्रहरीलाई अवरोध गरेर अर्याललाई पक्राउ पर्नबाट भने जोगाएका छन्।

नेपाल प्रहरीको साइबर ब्युरोको टोली बिहीबार बिहानबाटै अर्यालको निगरानीमा थियो। उनी कुपण्डो लमा रहेको सूचनापछि ब्युरोबाट डिएसपी कुमार थापाको टोली पछ्याउँदै पुगेको थियो। प्रहरी पछि लागेको शंकापछि अर्याल कुपण्डोलस्थित नटराज ट्राभलको कार्यलय छिरेका थिए। उक्त सूचना पाएपछि प्रेस युनियनका अध्यक्ष शिव लम्सालसहितको टोली

» पृष्ठ २ मा क्रमशः

पत्रकारविरुद्ध पक्राउ पुर्जी र समाचार हटाउन अदालतको आदेशपछि कानुनी उपचार खोज्न महासंघको पहल, प्रेस काउन्सिल पनि अध्ययन गर्दै

नेपाल पत्रकार महासंघले पत्रकार पाठक र आर्यालविरुद्ध प्रहरीले जारी गरेको पक्राउ पुर्जी तथा बिजमाण्डुडटकम र नेपालखबरडटकममा प्रकाशित समाचार हटाउन अदालतले दिएको आदेशविरुद्ध कानुनी उपचार खोज्न नेपाल बार एसोसिएसनसँग छलफल गरेको छ। छलफलका लागि बारका अध्यक्ष विजयप्रसाद मिश्रसहितको टोली बिहीबार महासंघ कार्यालय पुगेको थियो। छलफलमा महासंघकी अध्यक्ष निर्मला शर्मासहितको टोली सहभागी थियो। छलफलमा पत्रकारविरुद्ध जारी भएको पक्राउ पुर्जी र समाचार हटाउन अदालतले दिएको आदेशलाई मुख्य एजेन्डा बनाइएको थियो। छलफलपछि बारका पदाधिकारीले महासंघको एजेन्डामा सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। महासंघका महासचिव रामप्रसाद दाहालले भने, 'समसामयिक विषयमा बारका पदाधिकारीबिच छलफल भयो। महासंघको एजेन्डामा उहाँहरू सहयोग गर्न तयार हुनुभएको छ। महासंघले पनि सहयोगकै निम्ति उहाँहरूलाई छलफलमा बोलाएको थियो।'

पत्रकार पाठक र अर्यालविरुद्ध जारी भएको पक्राउ पुर्जीका सम्बन्धमा प्रेस काउन्सिल नेपालले पनि ध्यानाकर्षण भएको जनाएको छ। बिहीबार विज्ञप्ति जारी गर्दै काउन्सिलले भनेको छ, 'प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यममा सम्प्रेषण भएका सामग्रीमा आचारसंहिता पालना भए/नभएको सम्बन्धमा नियमित अनुगमन गर्दै आइरहेको छ। यसै सन्दर्भमा मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल (विशेषगरी युट्युब च्यानल)बाट सम्प्रेषित सामग्रीको समेत अनुगमन भइरहेको छ। पछिल्लो समय सञ्चारमाध्यमबाट सम्प्रेषित समाचार हटाउन भएको आदेश, कतिपय पत्रकारले प्रयोग गरेको सामाजिक सञ्जालमा राखिएका सामग्रीका विषय र पत्रकार पकाउ पुर्जीबारे आएका विषयवस्तुप्रति काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ। यसँग सम्बन्धित विषयमा सूक्ष्म रूपमा अध्ययन गर्दै काउन्सिलले सम्बद्ध निकायसँग छलफल गरिरहेको छ।'

दिलभूषणका...

पृष्ठ १ बाट क्रमशः

बिहानबाटै अर्यालको निगरानीमा थियो । उनी कुपन्डोलमा रहेको सूचनापछि ब्युरोबाट डिएसपी कुमार थापाको टोली पछ्याउँदै पुगेको थियो । प्रहरी पछि लागेको शंकापछि अर्याल कुपन्डोलस्थित नटराज ट्राभलको कार्यालय छिरेका थिए । उक्त सूचना पाएपछि प्रेस युनियनका अध्यक्ष शिव लम्सालसहितको टोली घटनास्थल पुगेको थियो । पत्रकारहरू पुगेसँगै पक्राउ गर्न अवरोध भएपछि प्रहरी पछि हटेको थियो ।

युनियन अध्यक्ष लम्सालले पत्रकार आर्यालालाई प्रहरीले पक्राउ गर्ने कोसिस गरेको, तर अवरोधपछि 'ब्याक' भएको बताए । 'अर्याल प्रहरीको निगरानीमा रहेछन् । उनी कुपन्डोलमा रहेको सूचनापछि प्रहरी टोली पछ्याउँदै पुगेको रहेछ । शंका लागेपछि अर्याल एउटा ट्राभलमा छिरे । त्यही क्रममा हामी पुग्यौँ । उहाँहरू पक्राउका लागि प्रक्रिया नपुऱ्याई आएकाले ब्याक हुनुभयो । अर्याल अहिले सुरक्षित छन्,' लम्सालले भने ।

अर्याल प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएर पक्राउको प्रयास गरिरहेका अर्का पत्रकार पाठकसँगै कार्यरत छन् । प्रकाशित/प्रसारित समाचारमा चित्त नबुझे उजुरी गर्ने निकाय प्रेस काउन्सिल हुँदाहुँदै काउन्सिलको अधिकार क्षेत्र नै अतिक्रमण हुने गरी पाठकलाई विद्युतीय अपराध ऐनअन्तर्गत फौजदारी मुद्दा चलाउन खोजेपछि सञ्चारसम्बद्ध संगठनहरूले विरोध गर्दै आएका छन् । तर, उनका सहकर्मीलाई समेत पक्राउ गर्न खोज्नुले सरकार प्रेसप्रति असहिष्णु देखिएको छ ।

पाठकले इन्टरफेस नेपाल नेटवर्कबाट सञ्चालित युट्युब च्यानल इन्टरफेस नेपाल डटकमबाट नक्सालस्थित पाँचतारे होटेल हिल्टनमा कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीर देउवाको लगानी रहेकोबारे सामग्री प्रसारण गरेका थिए । उनले च्यानलमार्फत जयवीरको दुबई, अस्ट्रेलिया र क्यानडामा रियल इस्टेटको बिजनेस रहेको बताएका थिए । यसैलाई आधार बनाएर जयवीरले प्रहरीमा उजुरी दिएका थिए । समाचारको खण्डन गर्दै हिल्टनको सञ्चालक शंकर ग्रुपले गत २१ वैशाखमा विज्ञप्ति नै जारी गरेको थियो । तर, सोही समाचारलाई लिएर उजुरी परेपछि प्रहरीको साइबर ब्युरोले पाठक र अर्यालविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । ब्युरोले पाठकलाई पनि निगरानीमा राखेको छ । तर, उनी भने पक्राउ परेका छैनन् ।

प्रेस काउन्सिलमा पत्रकार पाठकको निवेदन

समाचार लेखेकै आधारमा कुनै पनि पत्रकारलाई पक्राउ गर्न नमिल्ने भन्दै नेपाल पत्रकार महासंघ, प्रेस चौतारी नेपाल, प्रेस सेन्टरलगायत संघसंस्थाले चर्को विरोध गरेका छन् । पक्राउ गर्न प्रहरी पछि लागेपछि पत्रकार पाठकले सहयोगका लागि महासंघ र प्रेस काउन्सिलमा निवेदनसमेत लेखेका छन् ।

निवेदनमा उनले भनेका छन्, 'मैले प्रसारण गरेको सामग्रीका विषयमा कुनै असहमति, गुनासो वा फरक मत भएमा सबैभन्दा पहिला मसँग अनि त्यसमा पनि चित्त नबुझेमा प्रेस काउन्सिलमा उजुरी गर्नुपर्ने र त्यसमाथि प्रेस काउन्सिलले नै अनुसन्धान तथा छानबिन गर्नुपर्ने कानुनी व्यवस्था रहँदारहँदै किन विद्युतीय अपराध ऐन आकर्षित गर्न खोजियो र फौजदारी कानुनमार्फत कारबाही गर्न खोजियो भन्ने कुराले गम्भीर आशंका उब्जाएको छ ।'

हिल्टनमा जयवीरको लगानीबारे सामाजिक सञ्जालमा लेख्ने युवाविरुद्ध मुद्दा दर्ता

हिल्टन होटेलकै लगानीलाई लिएर सामाजिक सञ्जालमा स्टाटस लेख्ने राष्ट्रिय प्रजातन्त्र पार्टीनिकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनका संयोजक सुजित केसीविरुद्ध सरकारी वकिल कार्यालय काठमाडौंले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ । उनले कांग्रेस सभापति शेरबहादुर देउवा, परराष्ट्रमन्त्री आरजु राणा र जयवीर देउवाविरुद्ध फेसबुकमा स्टाटस पोस्ट गरेका थिए । सोही पोस्टलाई लिएर केसीविरुद्ध विद्युतीय कारोबार ऐन, ०६३ को दफा ४७ प्रयोग गरेर किटानी जाहेरी परेको थियो ।

केसीविरुद्ध जाहेरी दिन जयवीर ब्युरोको कार्यालय पुगेका थिएनन्, जाहेरी लिन प्रहरी टोली नै जयवीर बसेको ठाउँ पुगेको थियो । जाहेरीमा जयवीरले आफ्नो नाम पनि लेखेका थिएनन् । उनले 'साइबर ब्युरो ५५' नामबाट जोहरी दिएका थिए ।

जाहेरीपछि साइबर ब्युरोले अनुसन्धान गरेको थियो । त्यसलगत्तै, केसी पक्राउ परेका थिए । तर, उनका परिवारले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको मुद्दा हालेपछि उनी ६ दिनपछि हिरासत मुक्त भएका थिए ।

केसीले लेखका थिए, 'भ्रष्टाचारबाट आर्जन गरिएको कालो धनलाई सेतो बनाउन गरिएको प्रपञ्च । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री आरजु देउवाका छोरा जयवीरसिंह देउवाले काठमाडौं नक्सालस्थित हिल्टन होटेल खरिद गरेका छन् ।'

तीनकुने घटनामा दुर्गा प्रसाईंलाई थुनामा पठाउने अदालतको आदेश

काठमाडौं/ गत १५ चैतमा राजावादी प्रदर्शनका क्रममा तीनकुनेमा भएको हिंसात्मक घटनामा काठमाडौं जिल्ला अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थुनामा पठाउने आदेश गरेको छ । बिहीबार मध्यराति काठमाडौं जिल्ला अदालतका न्यायाधीश ध्रुवराज कार्कीको इजलासले प्रसाईंसहित सातजनालाई पुर्पक्षमा पठाउने र ३२ जनालाई जमानतमा छाड्ने आदेश गरेको हो । घटनामा ३९ जनाविरुद्ध मुद्दा दर्ता गरिएको थियो ।



काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार प्रसाईंलाई आपराधिक उपद्रवको कसुरमा पुर्पक्ष पठाउने आदेश गरेको हो । राजावादी आन्दोलनका नेता तथा अधिवक्ता स्वागत नेपालले क्यान्सर अस्पतालमा उपचार गराउने गरी प्रसाईंलाई पुर्पक्षमा पठाउने आदेश गरेको बताए ।

उनीसहित सरोज गौतम, गोकर्ण शाही, सुशील बराल, केशव बस्नेत, कुमार तामाङ र दण्डपाणि रेग्मीलाई थुनामा राख्ने आदेश भएको छ । अन्य ३२ जना धरौटीमा छुटेका छन् ।

जिल्लाको आदेश बदर गराउन उच्च अदालत जाने अधिवक्ता नेपालले बताए । राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणाको हकमा भने उनीहरू अदालतमा उपस्थित भएपछि मात्र आदेश हुने भएको छ । हाजिरी जमानीमा छुटेका उनीहरू अहिले फरार छन् ।

अनेरास्ववियुमा डा. कडरिया विजयी



डा. सुजन कडरिया (अध्यक्ष)



दीपक धामी (महासचिव)

काठमाडौं/ एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुको अध्यक्षमा डा. सुजन कडरिया निर्वाचित भएका छन् । बिहीबार मध्यराति सम्पन्न मतगणनामा प्रतिस्पर्धी प्रकाश पौडेललाई सात मतान्तरले पराजित गर्दै कडरिया अध्यक्षमा निर्वाचित भएका हुन् । कडरियाले ७३२ मत पाउँदा पौडेलले ७२५ मत ल्याएका थिए ।

उपाध्यक्षमा विकास श्रेष्ठ र महिला उपाध्यक्षमा अञ्जना शिवाकोटी निर्वाचित भएका छन् । महासचिवमा दीपक धामी र उपमहासचिवमा कमल जोशी निर्वाचित भएका छन् । १५५१ मतदाता रहेको अखिलमा १४५० मत खसेको थियो । यसपालि अनेरास्ववियुले नेतृत्वका लागि ३२ वर्षीय उमेरहद कायम गरेको थियो ।

असार तेस्रो सातापछि...

पृष्ठ १ बाट क्रमशः

ढकालले पनि प्रधानमन्त्री ओलीको भारत भ्रमणको तयारी भइरहेको संकेत गरेका छन् । 'प्रधानमन्त्रीज्यूको भ्रमण तय भइसकेपछि जानकारी गराउनेछौँ,' प्रवक्ता ढकालले नयाँ पत्रिकासँग भने ।

गत ३१ असारमा प्रधानमन्त्री भएयता ओलीले भारत भ्रमणमा जान निरन्तर प्रयास गर्दै आएका छन् । तर, भारतीय पक्षले चासो नदेखाउँदा प्रधानमन्त्री ओलीको दिल्ली भ्रमणको साइत जुर्न सकेको छैन । जानकारका अनुसार ओली-मोदी सम्बन्धमा देखिएको तिक्तताले भ्रमण विलम्ब हुँदै आएको छ ।

प्रधानमन्त्री ओलीले गत १७-२९ मंसिरमा उत्तरी छिमेकी चीनको औपचारिक भ्रमण गरेका थिए । चीनबाट फर्केकै दिन ओलीले भारत भ्रमण तय गर्ने उद्घोष गरेका थिए । भ्रमण तय भए प्रधानमन्त्रीका रूपमा ओलीको तेस्रो भारत भ्रमण हुनेछ ।

प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदीबिच थाइल्यान्डको बैंककमा २२ चैतमा भेटवार्ता भएको थियो । बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुन गएका दुवै प्रधानमन्त्रीबिच एक्लाएक्लै भेट भएको थियो, जहाँ मोदीले ओलीलाई भारत भ्रमणमा आउन भनेको दाबी गरिएको थियो । स्वदेश फर्केलगत्तै ओलीले आफू भारत भ्रमणमा जाने बताएका थिए ।

भारतीय नवनियुक्त विदेशसचिव विक्रम मिश्री गत साउनमा परिचयात्मक भ्रमणमा काठमाडौं आउँदा प्रधानमन्त्री ओलीले समकक्षी मोदीको निमन्त्रणाको अपेक्षा गरेका थिए । मिश्रीले २७ साउनमा सुरुमा प्रधानमन्त्री ओली र अपराह्न परराष्ट्रमन्त्री आरजु राणा देउवासँग शिष्टाचार भेट गरेका थिए । प्रधानमन्त्री ओलीले मिश्रीमार्फत मोदीबाट निमन्त्रणापत्र आउने अपेक्षा गरे पनि भेटमा त्यससम्बन्धी चर्चा गरेनन् । बरु मिश्रीले परराष्ट्रमन्त्री राणासँग भेटे र डा. एस जयशंकरले पठाएको निमन्त्रणापत्र राणालाई हस्तान्तरण गरे ।

मोदीको निमन्त्रणाा नआएपछि प्रधानमन्त्री ओलीको सचिवालयले साँझ प्रेस नोट जारी गरेर ओलीले मोदीलाई नेपाल भ्रमणका लागि विदेशसचिव मिश्रीमार्फत निमन्त्रणा गरेको सार्वजनिक गऱ्यो । परराष्ट्रमन्त्री डा. राणा देउवाले मोदीलाई ३ भदौमा दिल्लीस्थित उनको निवासमा भेटेर ओलीको निमन्त्रणापत्र हस्तान्तण गरिन् ।

प्रधानमन्त्री ओलीले न्युयोर्कमा ७ असोजमा र २२ चैतमा बैंककमा भएको भेटमा समकक्षी मोदीलाई निमन्त्रणा सम्झाएका थिए । जानकारहरूका अनुसार बैंककमा मोदीको जवाफ थियो, 'मभन्दा पहिला तपाईं दिल्ली आउनुहोस् ।'

नेपाल-भारत सम्बन्धका जानकार एवं भारतीय रक्षा मन्त्रालयअन्तर्गतको चिन्तन संस्था मनोहर पारिकर रक्षा अध्ययन तथा विश्लेषण संस्थान (एमपिआइडिएसए)का अनुसन्धाता डा. निहार नायकले प्रधानमन्त्री ओलीको भ्रमण दुवै देशका लागि महत्त्वपूर्ण हुने बताए । 'भारतका प्रधानमन्त्री मोदीलाई आतंकवादविरुद्ध अपरेसन सिन्दूर सञ्चालनपछिको अवस्थाबारे नजिकको छिमेकी नेपालका समकक्षीसँग छलफल गर्ने मौका मिल्नेछ । नेपालको जलविद्युत् विकास र ऊर्जा व्यापारबारे थप गहन छलफल गर्ने अवसर प्रधानमन्त्री ओलीका लागि पनि मिल्नेछ,' उनले भने ।

नेपाल र भारतबिच साझेदारी र सम्पर्क सञ्जालमार्फत समृद्धि : परराष्ट्रमन्त्री

काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपाल-भारतबिच संयुक्त साझेदारी र सम्पर्क सञ्जाल माध्यमबाट साझा समृद्धि हासिल हुने बताएका छन् । नेपाल र भारतका दुई चिन्तन संस्थान सेन्टर फर सोसल इनोभेसन एन्ड फरेन फोलिसी एवं अनन्था अस्पेन सेन्टरद्वारा बुधबार आयोजित नेपाल-भारत रणनीतिक संवादलाई सम्बोधन गर्दै उनले दुई देशबिच आर्थिक साझेदारी वृद्धि हुँदै गएकोमा खुसी व्यक्त गरिन् ।

उनले नेपाल-भारतबीच व्यापार, पारवहन र लगानीमा सहकार्य बढाउँदै सम्पर्क सञ्जालका माध्यमबाट आर्थिक साझेदारी अघि बढाउँदै लगिएको बताइन् । दुई देशबिचको सम्पर्क सञ्जाललाई विभिन्न माध्यममार्फत समृद्धिमा रूपान्तरण गर्ने समय आएको परराष्ट्रमन्त्रीले बताइन् ।

'म एउटा यस्तो भविष्यको प्रतीक्षामा छु कि जहाँ नेपाली किसानको अदुवा २४ घण्टामा मुम्बईको बजारमा पुग्छ र एक भारतीय पर्यटक दिल्लीमा बिहानको बैठक सकेर साँझको उडानमा पोखरा पुग्छ । यो त्यस्तो निकटता होस् कि दुई देशका नागरिकको आर्थिक समृद्धिको आधार बनोस्,' परराष्ट्रमन्त्रीले भनिन् ।

नेपाल र भारतले सडक, रेलवे, जलमार्ग, हवाईमार्ग, डिजिटल पूर्वाधारलगायतमा लगानी गरेर पारस्परिक सम्पर्क सञ्जाल बढाउनुपर्ने उनको भनाइ थियो ।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.
VACANCY ANNOUNCEMENT
Positions:
Risk and Compliance Head- 1
Database Administrator- 1
Accounts Head - 1
Sales Officer- 1
Junior Software Developer - 1
Lead , Social Media and Advertisements- 1
Management Trainee (Business)- 1
Operations Associate - 1
To Apply:
www.merojob.com

मालपोत कार्यालय काभ्रेपलाञ्चोकको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

काभ्रेपलाञ्चोक जिल्ला, साविक पिपलटार गा.पं. वडा नं. २ बस्ने भिम बहादुर तामाङले तपसिलमा लेखिएका जग्गाधनीका नामको तपसिल बमोजिम जग्गाको आधी आधी बाँडफाँट गरी पाऊँ भनी यस कार्यालयमा निवेदन गर्नुभएको र जग्गाधनीका नाममा २१ दिने म्याद जारी गरेकोमा म्यादमा हाजिर हुन नआउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यो सूचनाको म्यादभित्र मोही बाँडफाँट गरी आधी जग्गामा मोहीलाई दिन नपर्ने हो भने आफ्नो प्रमाण सहित आफैं वा कानून बमोजिम वारेस गरी पठाउनुहोला अन्यथा माग बमोजिम भई जानेछ, म्यादभित्र उजुर वा दाबी नपरी म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ । म्याद नाघी आएको दाबी उजुरी माथि कुनै कारबाही नहुने व्यहोरा सूचना मार्फत जानकारी गराइन्छ ।

जिल्ला/न.पा./गाविस	वडा नं.	कि.नं.	क्षेत्रफल	मोहीको नाम	जग्गाधनीको नाम
काभ्रेपलाञ्चोक/पिलटटार हाल भुम्लुटार ३	१ ख	५४७	२-९-०-१	भिम बहादुर तामाङ	फणिन्द्र नाथ उप्रेती, भुम्लुटार ८
	१ ख	५२०	१-१५-१-१	भिम बहादुर तामाङ	यादवनाथ उप्रेती, भुम्लुटार ८

सदन खोल्न...

पृष्ठ १ बाट क्रमशः

गर्ने छानबिनमा पूर्ण सहयोग गर्ने र सरकारद्वारा आवश्यक नीतिगत, कानुनी तथा संरचनागत सुधारका लागि कदम चालिने उल्लेख छ । यद्यपि, रास्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्पष्ट कार्यदिश र टाइमलाइनसहितको उच्चस्तरीय संसदीय छानबिन समिति गठनको मागमा अडिग छ ।

बिहीबार सत्ता र विपक्षी दलहरूले संयुक्त र छुट्टाछुट्टै छलफल गरे पनि सहमतिले अन्तिम रूप दिन सकेन । अवरोधबिच ६ मिनेट बैठक चलाएका सभामुख देवराज घिमिरेले सहमति खोज्नका लागि प्रतिनिधिसभा शुक्रबार १ बजेसम्मका लागि स्थगित गरेका छन् ।

सदन स्थगितपछि संसद् भवनको ल्होत्से हलमा कांग्रेस, एमाले र माओवादीका नेता छलफलमा जुटेका थिए । सोही छलफलमा सहमतिको दुईबुँदे मस्यौदा तयार भएको हो । छलफलमा कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, प्रमुख सचेतक श्याम घिमिरे, एमालेबाट सचिव योगेश भट्टराई र मुख्य सचेतक महेश बर्तौला तथा माओवादी उपमहासचिव शक्ति बस्नेत र प्रमुख सचेतक हितराज पाण्डे सहभागी थिए ।

एमाले सचिव योगेश भट्टराईका अनुसार मस्यौदाको पहिलो बुँदामा भिजिट भिसा र अध्यागमनबारे अख्तियारले गर्ने छानबिनलाई पूर्णतः सहयोग गर्ने, अख्तियारले मागेको सहयोग सरकारले दिने उल्लेख छ । दोस्रो बुँदामा अध्यागमन भिजिट भिसाबारे विगतदेखि देखिएका समस्याबारे सरकारले आवश्यक अध्ययन छानबिन गरी नीतिगत, कानुनी, संरचनागत सुधारका लागि आवश्यक कदम चाल्ने उल्लेख छ ।

माओवादी उपमहासचिव शक्ति बस्नेतले छानबिनको प्रतिबद्धताबारे सरकार, कांग्रेस र एमालेको प्रतिक्रिया सकारात्मक रहेको बताए । 'दुई वा तीनबुँदेवरिपरि सकारात्मक छलफल भएको छ । छलफल गर्दै जाँदा धेरै विषय ठाउँमा आउँछ, शुक्रबारसम्म निष्कर्षमा पुग्ने प्रयास छ,' उनले भने ।

एमाले सचिव भट्टराईले दुईबुँदे मस्यौदामा शुक्रबार हस्ताक्षर हुने बताए । 'तीन दलबिच दुइटा बुँदामा सहमति भयो । मस्यौदामा शुक्रबार प्रमुख दलका सचेतकले हस्ताक्षर सहमति भएको छ । भोलिदेखि संसद् सुचारु हुन्छ,' उनले भने ।

रास्वपाले शुक्रबारसम्म समय मागेको र त्यसपछि आएर सहमति गर्ने भट्टराईको भनाइ छ । 'सरकारले आफैँ संरचना बनाएर छानबिन गर्छ । समस्याग्रस्त विषयमा सुधार गर्छ । कानुनी सुधार गर्न संसद्मा विधेयक ल्याउँछ,' उनले भने, 'तर, संसदीय समिति बन्दैन । तीन दल यसभन्दा पछाडि हट्दैनौँ ।'

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले तीन दलबिच साझा धारणा बनेको बताए । 'तीन दल एकै ठाउँमा छौँ । छलफल सकारात्मक छ, भोलि सहमति भएपछि सार्वजनिक गर्छौं,' उनले भने ।

त्यसअघि प्रतिनिधिसभा बैठकअगाडि बाहिरिएका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अवरुद्ध सदन खोल्न सकारात्मक र रचनात्मक ढंगले संवाद अघि बढेको बताएका थिए । 'भिजिट भिसा प्रकरण र अध्यागमनमा भएका बेथितिबारेमा गम्भीर अध्ययन, छानबिन गर्ने कुरा मुख्य हो । भोलि गरिने अध्ययन, छानबिन इत्यादिबारे अब लिखित सहमति गर्ने ठाउँतिर गयौँ । मस्यौदाको चरणमा पुग्यौँ,' उनले भने ।

३ बजे बोलाइएको प्रतिनिधिसभाको बैठकअगाडि साढे २ बजे विपक्षी दलहरूको बैठक बसेको थियो । बैठकले सत्तापक्षबाट छानबिनको प्रतिबद्धता आए सदनको अवरोध हटाउने निर्णय गरेको थियो । 'प्रतिपक्षीसँग छलफल गरिसकेपछि मैले सत्तापक्षसँग छानबिन गर्ने प्रतिबद्धता नभईकन प्रतिपक्ष त तयार हुने स्थिति छैन भनेर राखेँ,' प्रचण्डले भने, 'जनमत जसरी गएको छ, यो विषयको गम्भीरता, संवेदनशीलता हेर्दा एउटा गृहमन्त्रीको मात्रै कुरा होइन, झन्डै ०६४ देखि नै लगातार अध्यागमनको समस्या अलि विकरालै देखियो र यसलाई सत्ता र प्रतिपक्षी सबैले त्यही गम्भीरताका रूपमा लिनुपऱ्यो भनेर हामीले कुरा गर्‍यौँ ।'

प्रचण्डका अनुसार विपक्षीको कुरामा सत्तापक्षका तर्फबाट छलफल गरेर अध्ययन र छानबिन गर्ने र आवश्यक संरचना बनाएर ठोस रूपमा पहल लिने भन्ने प्रतिबद्धता आएको छ । जसले प्रतिपक्षीबिच अत्यन्त सकारात्मक वातावरण बनेको छ ।

तर, रास्वपाले सत्तापक्षको प्रतिबद्धतामा थप अध्ययन गर्न समय मागेपछि सदन कार्यसूचीमा नलगी स्थगित गरियो । 'त्यसमा अझै पनि प्रतिपक्षीका केही साथीले अझै हामीले केही छलफल गर्न पाउनुपऱ्यो, हामी पनि एकचोटि सत्तापक्षको साथीहरूसँग कुरा गर्छौं भन्नुभयो । रास्वपाका साथीहरूले अलि छलफल गर्न चाहनुभयो । त्यसपछि सदन सुरु गरेर स्थगित गर्ने र शुक्रबार टुंग्याउने कुरा भयो,' प्रचण्डले भने ।

विपक्षी दलका नेता प्रचण्डले सत्तापक्षको प्रतिबद्धताबमोजिम तत्कालै छानबिन र अध्ययन प्रारम्भ हुने बताए । अख्तियारको छानबिन पछि हो कि भन्ने प्रश्नमा प्रचण्डले भने, 'छानबिन र अध्ययन गर्ने कुरा त अबदेखि सुरु गर्ने कुरा हो । अख्तियारसँग यसको कुनै सम्बन्ध हुँदैन,' उनले भने ।

नेताहरूका अनुसार विपक्षी दलका नेता प्रचण्डले सदनको गतिरोध हटाउन बिहीबार साँझसम्मै सत्ता र प्रतिपक्षसँग चरणबद्ध संवाद गरेका थिए । सभामुख देवराज घिमिरेलाई भेटेर सदन सञ्चालनका लागि सरकारसँग पहलकदमी लिन ध्यानाकर्षणसमेत गराएका थिए ।

भिजिट भिसा...

पृष्ठ १ बाट क्रमशः

थियो । प्रधान कार्यालयले उक्त पत्र अपराध अनुसन्धान कार्यालयलाई पठाएको हो ।

गत ७ जेठमा अख्तियारले विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईसहित कविता पौडेल, बालकृष्ण खड्का र भरत सुवेदीलाई पक्राउ गरेको थियो । पक्राउपछि उनीहरूलाई तारेखमा छाडेका थिए । उनीहरूविरुद्ध अख्तियारले अहिले थप अनुसन्धान गरिरहेको छ । भिजिट भिसामा विदेश पठाइदिने आश्वासनमा ठगिएका तीन पीडितहरूले पनि मंगलबार अख्तियारमा उजुरी दिएका थिए ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले विमानस्थलको भिजिट भिसासम्बन्धी अनुसन्धान गर्न भन्दै अख्तियारले पठाएको पत्र आइपुगेको संकेत गरे । 'भिजिट भिसासम्बन्धी अनुसन्धान गर्न भन्दै अख्तियारले पठाएको पत्र हामीकहाँ आएको हुन पनि सक्छ । सबै कुरा मलाई थाहा हुँदैन । कहिलेकाहीँ हाम्रो सम्बन्धित पिलरमा छाडिएको पनि हुन सक्छ । यदि हामीकहाँ पत्र आएकै हो भने प्रक्रिया अघि बढाइहाल्छौँ ।'

अख्तियारको टोलीले पक्राउ गरेपछि भट्टराईसहित चारैजनाको मोबाइल फोन बरामद गरेको थियो । त्यसलगत्तै परीक्षणका लागि फरेन्सिक ल्याब पठाएको थियो । ल्याबबाट प्राप्त विवरण विश्लेषणपछि घटना संगठित तबरले खुलेको थियो । त्यसकारण घटनाको अनुसन्धान प्रहरीले पनि गर्नुपर्ने निष्कर्षमा पुगेको अख्तियारले नेपाल प्रहरीलाई पत्राचार गरेको थियो ।

'विमानस्थलमा संगठित तवरले भिजिट भिसाका नाममा मानव तस्करी हुने गरेको उहाँहरूकै मोबाइल फोन विश्लेषणपछि देखियो । अख्तियारले अधिकारको दुरुपयोग भएको घटनामा मात्रै अनुसन्धान गर्ने हो । घटनामा प्रहरीको तर्फबाट पनि अनुसन्धान आवश्यक रहेको महसुस भएपछि पत्राचार भएको छ । त्यसो हुँदा अब प्रहरीले घटनाको मिहिन ढंगले अनुसन्धान गर्नेछ,' प्रहरी स्रोतले भन्यो ।

भिजिट भिसामा हुने गरेको मानव तस्करीको जालो यसअघि पनि अपराध अनुसन्धान कार्यालयकै टोलीले तोडेको थियो । १८ मंसिर ०८० मा विमानस्थलस्थित अध्यागमनका अधिकृत नरवीर खड्कालाई प्रहरीले घुस लिँदालिँदै पक्राउ गरेको थियो । त्यतिवेला दुबईमा मात्रै दैनिक २५० जनाको भिजिट भिसाको आवरणमा तस्करी हुने गरेको अनुसन्धानबाट खुलिसकेको छ । त्यसबापत विमानस्थलका कर्मचारीले दैनिक कम्तीमा ३५ लाख रुपैयाँ बुझ्थे । त्यसलगत्तै, रोकिएको मानव तस्करी पछिल्लो वर्ष पुनः मौलाएको थियो । पछिल्ला दिन भने दैनिक ३०० जना भिजिट भिसाका नाममा तस्करी हुने गरेको अख्तियारको अनुसन्धानले देखाएको छ । उनीहरूबाट विमानस्थलका कर्मचारीले दैनिक ५० लाख बुझ्ने गरेको अनुसन्धानमा खुलेको छ ।

मानव तस्करी रोक्न प्रहरीले विमानस्थलमा दुईपटक मातहतको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली खटाएको थियो । तर, अध्यागनका कर्मचारीको चर्को विरोधपछि ब्युरोको टोली फिर्ता भएको थियो ।

प्रहरीका अनुसार दुबईमा मात्रै महिला र पुरुष गरी दैनिक कम्तीमा २५० जनाको तस्करी हुँदै आएको छ । बाँकी १०० देखि १५० सम्मको मानव तस्करी भने अन्य मुलुकका लागि हुँदै आएको छ । यसबापत विमानस्थलका कर्मचारीले प्रतिव्यक्ति १५ हजार असुल्छन् । यस आधारमा प्रत्येक दिन विमानस्थलका कर्मचारीले मानव तस्करीमा सेटिङ मिलाएबापत कम्तीमा ४५ लाखदेखि ५० लाखसम्म असुल्छन् ।

२४२ जना सवार...

पृष्ठ १ बाट क्रमशः

विमानको भग्नावशेषबाट रातिसम्म २०४ जनाको शव निकालिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । विमानबाट उछिट्टिएका एक यात्रुको भने जीवितै उद्धार भएको हिन्दुस्तान टाइम्सले जनाएको छ । भारतीय मूलका बेलायती नागरिक ४० वर्षीय विश्वासकुमार रमेश दुर्घटनामा बाँचेको समाचार फोटोसहित प्रकाशित गरेको छ ।

दुर्घटनामा विमान टुक्रा-टुक्रा भएको र तत्कालै ठुलो आगोको लप्का देखिएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै बिबिसीले उल्लेख गरेको छ । उड्नेबित्तिकै उचाइ लिन नसक्दा विमान उडेको दुई मिनेटमै आकाशबाट जमिनतर्फ खस्न थालेको र नजिकैको आवासीय चिकित्सकहरूको एउटा अवासीय भवनमा बजारिएको थियो । जहाज बजारिएको थाहा पाएपछि भवनमा रहेका एक चिकित्सकले दोस्रो तलाबाटै हामफालेर ज्यान जोगाएका थिए ।

विमान बजारिँदा भवनमा ठूलो विस्फोटको आवाज सुनिएको थियो । विस्फोटमा होस्टेलका पाँच मेडिलक विद्यार्थीको समेत मृत्यु भएको र केही घाइते भएका भारतीय समाचार संस्था एनडिटिभीले जनाएको छ ।

विमानमा चालक दलका सदस्यसहित २४२ यात्रु रहेको र तीमध्ये १६९ भारतीय, ५३ ब्रिटिस नागरिक, सात पोर्चुगलका, एक क्यानडेली नागरिक थिए । विमानमा चालक दलका सदस्य १२ जना थिए । मृत्यु हुनेमा गुजरातका पूर्वमुख्यमन्त्री विजय रुपानीसमेत छन् । दुर्घटनाग्रस्त क्षेत्र विमानस्थलबाट करिब १.७ किलोमिटरको दूरीमा पर्छ ।

भारतीय नागरिक उड्डयन कार्यालयको मौसम पूर्वानुमान शाखाका अनुसार दुर्घटनाको समयमा मौसम एकदम सफा थियो । हावाहुरीको कुनै सम्भावना नभएको र भिजिबिलिटी ६ किलोमिटरसम्म रहेको समाचार आएका छन् । यसका बाबजुद बोइङ ७८७-८ उडेको दुई मिनेटमै कसरी खस्यो भन्नेबारे धेरैको चासो बढेको छ । विमानमा प्राविधिक समस्या देखिएको हुन सक्ने अनुमान गरिएको छ ।

जहाजले उड्नेबित्तिकै एयर ट्राफिक कन्ट्रोलमा सम्पर्क गरेर मे डे कल (आपत्कालीन सूचना) दिएको थियो । लगत्तै कन्ट्रोल रुमसँग जहाजको सम्पर्क विच्छेद भयो । एयर ट्राफिक कन्ट्रोलले विमानमा देखिएको समस्याबारे सोध्दा चालकले कुनै जवाफ नफर्काएको समाचारहरूमा उल्लेख छ । पाइलटहरू क्याप्टेन सुमित सभरवाल र प्रथम अधिकृत क्लाइभ कुन्दरले उडान भरेका थिए । सभरवालसँग आठ हजार दुई सय घण्टा र कुन्दरसँग एक हजार एक सय घण्टा उडान अनुभव थियो ।

विश्वासकुमार जो उछिट्टिएर बाँचे

यति ठूलो दुर्घटनामा एक यात्रु भने बाँचेका छन् । भारतीय सञ्चारमाध्यमहरूका अनुसार सिट नम्बर ११-ए का यात्रु भारतीय मूलका बेलायती नागरिक ४० वर्षीय विश्वासकुमार रमेशको जीवितै उद्धार भएको हिन्दुस्तान टाइम्सले पुष्टि गरेको छ । अहमदाबाद सिभल अस्पतालमा उपचारार्थ उनको अवस्था पनि खतरामुक्त रहेको समाचारमा उल्लेख छ । हिन्दुस्तान टाइम्सका अनुसार विश्वास परिवार भेट्न केही दिनका लागि भारत आएका थिए । 'टेकअफ भएको ३० सेकेन्डमै ठुलो आवाज आयो । अनि जहाज दुर्घटना भयो । एकैछिनमा सब तहसनहस भयो,' उनले हिन्दुस्तान टाइम्ससँगको कुराकानीमा भनेका छन्, 'जब म उठेँ, मेरो वरिपरि शवहरू छरिएका थिए । म डराएँ । उठेर दौडिएँ । कसैले मलाई समातेर एम्बुलेन्समा राखेर अस्पताल पुऱ्यायो ।'

बोइङलाई झट्का

एयर इन्डियाको बोइङ-७८७-८ ड्रिमलाइनर विमान दुर्घटनापछि अमेरिकी जहाज निर्माण कम्पनी बोइङ फेरि आलोचित बनेको छ । बोइङ जहाजको सुरक्षामाथि निरन्तर प्रश्न तेर्सिरहेका वेला ड्रिमलाइनर जहाज यति ठूलो दुर्घटनामा परेको हो । सन् २०२१ देखि २०२३ को बिचमा बोइङको विमानको कार्यक्रमले 'डेलिभरी सस्पेन्सन'लगायत थुप्रै असफलता भोगेको थियो । अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए)ले बोइङलाई एक महिनामा सातवटा विमान बनाउनका लागि आफ्नो उत्पादन गति बढाउन अनुमति दिएको थियो । बिक्रीको मामिलामा बोइङले व्यापक कठिनाइको सामना गरिरहेको बताइन्छ । यसैबिच, एयर इन्डियाले दुर्घटनापछि सामाजिक सञ्जालमा आफ्नो प्रोफाइल ब्ल्याकआउट गरेको छ । अमेरिकी उड्डयन सुरक्षा सल्लाहकार तथा वासिङटन डिसीस्थित सेफ्टी अपरेटिङ सिस्टमका सिइओ जोन एम कोक्सले एयर इन्डियाको विमान उडानका लागि राम्ररी व्यवस्थित गरिएको थियो कि थिएन भन्नेबारे अनुसन्धान हुनुपर्ने बताए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरु
१)	**१) ऋणी कम्पनी: न्यू एस.एस.** पोल्ट्री फर्म प्रा.लि., संचालक तथा जमानीकर्ता: सुसन घिमिरे दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. ३०७७६५/०७९/०८०, दर्ता मिति: २०७९/११/११, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १०	१) सुसन घिमिरे २) मन कुमारी बजगाई घिमिरे ३) खोम प्रसाद घिमिरे
	२) ऋणी कम्पनी: जय शम्भु एकिकृत दाना उद्योग प्रा.लि., संचालक तथा जमानीकर्ताहरु: १) खोम प्रसाद घिमिरे २) अनुप महतो दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. ३०७३५०/०७९/०८०, दर्ता मिति: २०७९/११/०४, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा., वडा नं. १०	१) सुसन घिमिरे २) मन कुमारी बजगाई घिमिरे ३) अनुप महतो ४) दुखनी महतो ५) खोम प्रसाद घिमिरे
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: मन कुमारी बजगाई घिमिरे** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १०, बाबु: खड्ग प्रसाद वजगाई, ससुरा: होम नाथ घिमिरे, पति: खोम प्रसाद घिमिरे	१) सुसन घिमिरे २) खोम प्रसाद घिमिरे
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **४) ऋणी: खोम प्रसाद घिमिरे** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १०, बाबु: होम नाथ घिमिरे, बाजे: हरि प्रसाद घिमिरे	१) सुसन घिमिरे २) मन कुमारी बजगाई घिमिरे
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **५) ऋणी: सुसन घिमिरे** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १०, बाबु: खोम प्रसाद घिमिरे, बाजे: होम नाथ घिमिरे	१) मन कुमारी बजगाई घिमिरे २) खोम प्रसाद घिमिरे

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा प्रोप्राइटर/संचालकको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

योजना बिक्रीको आरोपमा मधेश प्रदेश सांसद सिंह अख्तियारको नियन्त्रणमा

कमिसन रकम आफ्नो, पत्नी र निजी सचिवको बैंक खातामा



सांसद सिंह

जनकपुरधाममा **हदिश खुद्दार**
काठमाडौंमा **सुवास भट्ट**

निर्वाचन क्षेत्रमा सरकारी योजना कार्यान्वयनका लागि कमिसन लिने गरेको आरोप लागेका जसपा नेपाल मधेश प्रदेशका सांसद सरोजकुमार सिंहलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौंबाट पक्राउ गरेको छ। १२ जेठमा निजी सचिव विनोदकुमार लाल कायस्थलाई पक्राउ गरी अनुसन्धान गरिरहेको अख्तियारले बिहीबार सिंहलाई पनि नियन्त्रणमा लिएको हो। तर, अख्तियारले निजी सचिवलाई पक्राउ गरेपछि उनी काठमाडौं आएका थिए।

मधेश सरकारले चालू आव ०८१/८२ मा प्रत्यक्ष निर्वाचित सांसदलाई सांसद विकास कोषको शैलीमा तीनदेखि सात करोडसम्म बजेट दिएको थियो। यही बजेट आफ्नो निर्वाचन क्षेत्र महोत्तरी ४ (ख) मा कार्यान्वयनका क्रममा पूर्वराज्यमन्त्री सिंहले पालिकाका वडाध्यक्ष, उपभोक्ता समितिमार्फत कमिसन लिएको आरोप लागेपछि अख्तियारले अनुसन्धान थालेको थियो। १२ जेठमा महोत्तरीस्थित सिंहको घरमा छापा मारेर मोबाइलसहित विद्युतीय उपकरण जफत गरेको अख्तियारले निजि सचिव कायस्थलाई पनि नियन्त्रणमा लिएको थियो। सरकारी बजेट उपभोक्ता समितिमार्फत खर्च गर्दा सांसद सिंहले कमिसन रकम आफ्नो, पत्नी र निजी सचिवको बैंक खातामा राख्ने गरेको पाइएको छ। विभिन्न उपभोक्ता समिति खडा गरेको देखाएर समितिका खातामा रकम दाखिला गरी सिंहले आफ्ना निजी सचिवमार्फत झिक्ने गरेका थिए। उक्त रकम आफ्नो, पत्नी र निजी सचिवको बैंक खातामा राख्ने गरेको पाइएको छ।

योजना बिक्रीमा भौतिकमन्त्रीमाथि छानबिन गर्न संसदीय समिति



मन्त्री यादव

मधेश प्रदेशमा योजना बिक्रीको आरोप प्रकरणमा भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवसहित सरकारी अधिकारीमाथि छानबिन गर्न संसदीय छानबिन विशेष समिति गठन भइसकेको छ। विकासे आयोजना कार्यान्वयनमा जाँदा भौतिक पूर्वाधारसहितका मन्त्रीहरूले योजना लगेको र बिक्री गरेको आरोप छ।

गत २२ जेठको सहमतिअनुसार विशेष समितिमा प्रदेश सभामा रहेका १० वटै दलबाट प्रतिनिधि छन्। समिति सांसद केशव राय, कुमरकान्त झा, किरणकुमारी, शम्भुकुमार साह, रहबर अन्सारी, रविता प्रधान, कनिष्क पटेल, उर्मिलादेवी सिंह, कञ्चन विच्छा र विमला अन्सारी रहेका छन्। समितिले सबै मन्त्रालयको विकास योजनाको छानबिन गर्न सक्ने गरी टिओआर दिइएको र छानबिन गरी प्रदेश सभामा प्रतिवेदन पेस गर्ने सभामुख रामचन्द्र मण्डलले बताए।

मधेश प्रदेश सभाको ४ औँ अधिवेशनमै छानबिन समिति गठन गर्ने सहमति भए पनि सत्तापक्षले समितिमा बस्ने सदस्यको नाम दिन आनाकानी गरेपछि समिति गठन हुन सकेको थिएन। त्यसपछि पाँचौं अधिवेशनको पहिलो बैठकमा प्रमुख प्रतिपक्षी दल जसपा नेपाललसहितका प्रतिपक्षीले छानबिन समिति गठन नभएसम्म सदन चल्न नदिने अडान लिएपछि पहिलो बैठक कार्यसूचीमा प्रवेश नगर्दै स्थगित भएको थियो।

भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवले आफू कमिसन लिएर योजना बाँडेको सभामा सांसदहरूले आरोप लगाएपछि अख्तियारको बर्दिवास कार्यालयले समेत पूर्वाधार विकास मन्त्रालयका सचिव तथा आठवटै पूर्वाधार विकास कार्यालयका प्रमुखहरूसँग बयानसमेत लिएको थियो। सांसदहरूले योजनामा जाने उपभोक्ता समितिहरूको योजनाको चिठी मन्त्रीको सचिवालयबाट वितरण हुने तथा योजनाको चिठी दिनुअघि कमिसन लिने जस्ता आरोप लागेको छ।

सौर्य बत्ती जडानमा अढाइ करोड भ्रष्टाचार, गाउँपालिका पूर्वअध्यक्षसहित १० विरुद्ध मुद्दा

सौर्य बत्ती जडानमा मिलेमतो गरी कानुनविपरित खरिद गरेर साढे दुई करोड भ्रष्टाचार गरेको आरोपमा अख्तियारले सर्लाहीको चक्रघट्टा गाउँपालिकाका तत्कालीन अध्यक्षसहित १०विरुद्ध बिहीवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष ०७८/७९ मा सौर्य बत्ती जडान कार्यक्रमका लागि गरेको खरिदमा भ्रष्टाचार भएको भन्दै अख्तियारले तत्कालीन अध्यक्ष विक्रम यादव, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालबाबुप्रसाद साह, लेखा अधिकृत शिवशंकर प्रसाद कुशवाहा, लेखापाल सञ्जयकुमार ठाकुर, जिन्सी शाखा प्रमुख कैलाश राय यादव, सवइन्जिनियरद्वय सन्तोष राय र राजु रायलाई अख्तियारले प्रतिवादी कायम गरेको छ। आपूर्तिकर्ता कम्पनीहरू स्काई राइज र त्यसका प्रोपाइटर जय प्रकाश राय, एमके र त्यसका प्रोपाइटर रंजु कुमारी शाह तथा जियो टेक्निकल र यसका सञ्चालक संगिता कुमारीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ।

गाउँपालिकालाई हानी पुऱ्याउने नियतले पोल तथा बत्तीका सामग्री कम गुणस्तरका भएकामा निर्धारित गुणस्तरको भनी प्रमाणित गर्ने,



आपूर्तिकर्ताबाट सामान आपूर्ति नहुँदै अन्तिम भुक्तानी तथा फाइनल बिल एवं निरीक्षण बिल अनुसारको सामान आपूर्ति भएको भनी झुट्टा बिल भरपाइ बनाइ दुई करोड ४९ लाख ४० हजार ११० रुपैयाँ भुक्तानी दिएको पुष्टि भएको अख्तियारको दावी छ। यसैलाई अख्तियारले बिगो कायम गरेको छ।

बदनियत राखी ठेक्कालाई टुक्र्याएर पाँच वटा प्याकेजमा विभाजन गरी बजेट आकार बढाइएको थियो। त्यसमा पनि आफन्तबीच नै प्रतिस्पर्धा गराएर पाइएको छ। जनप्रतिनिधि र कर्मचारीको मिलेमतोमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थाविपरित निश्चित आपूर्तिकर्तासँग मिलेमतो गरी खरिदको सुरु चरणदेखि नै गैरकानुनी कार्य गरेको अख्तियारको दावी छ।

गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रममा वडा नम्बर १ देखि ९ सम्मका लागि सौर्य बत्ती जडान गर्ने योजनामा ९ वटा शीर्षकमा कुल दुई करोड १६ लाख रुपैयाँ विनियोजन भएको थियो। पोल खरिद, सोलार प्यानल खरिद, लाइट/तार/नटबोल्ट खरिद, ब्याट्री खरिद र चार्ज कन्ट्रोलर खरिद तथा इन्स्टलेसनसमेतको लागि बदनियत राखी टुक्र्याएर पाँच वटा प्याकेजका लागि छुट्टाछुट्टै कार्य अधि बढाइएको थियो। स्वीकृत विनियोजित बजेट भन्दा बढी दुई करोड ५३ लाख १७ हजार २५० को लागत अनुमान स्वीकृत गरी गराई बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको थियो।

एक सेट सौर्य बत्ती जडान भई सञ्चालन हुन आवश्यक पाँचै थरी मालसामान एकै प्याकेजमा खरिद गर्नुपर्ने थियो। तर, टुक्र्याएर पाँच वटा प्याकेज बनाइ उपलब्ध बजेटभन्दा बढी रकमको लागत अनुमान स्वीकृत गरिएको थियो। यसपछि बोलपत्र आह्वानको सूचना प्रकाशन गरी करिब एकमहिनापछिमात्र गाउँपालिकाको विशेष सभाले सोही अनुसार पाँच प्याकेज बनाइ बजेट थप गरिदिएको थियो।

■ चिकित्सकीय लापरबाहीले बिरामीको मृत्यु

पीडित परिवारलाई ५६ लाख क्षतिपूर्ति दिन उपभोक्ता अदालतको आदेश

अजित अधिकारी/नयाँ पत्रिका

उपभोक्ता अदालतले चाबहिलस्थित ओम अस्पतालको चिकित्सकीय लापरबाहीका कारण बिरामीको मृत्यु भएको ठहर गर्दै पीडित परिवारलाई ५६ लाख ८१ हजार रुपैयाँ क्षतिपूर्ति दिन आदेश दिएको छ। अस्पतालले समयमै उचित उपचार नगरेका कारण बिरामीको मृत्यु भएको उपभोक्ता अदालतका अध्यक्ष रामप्रसाद शर्मा र सदस्यहरू गेहेन्द्रराज रेग्मी तथा आनन्दराज पोखरेलको संयुक्त इजलासको ठहर छ।

काठमाडौं महानगरपालिका- ३ का ९८ वर्षीय हरिहरप्रसाद गौतम गत ५ माघमा बाथरुममा लडेर घाइते भएपछि ओम अस्पतालमा भर्ना भएका थिए। तर, समयमै उपचार नभएकाले बिरामीले ज्यान गुमाउनुपरेको भन्दै मृतकका छोरा वसन्त गौतमले ओम अस्पताल, डा. सायुज्यराज घिमिरे र डा. सरोजकुमार गोहिवारलाई विपक्षी बनाएर पाँच करोड रुपैयाँ क्षतिपूर्तिको मागसहित १ चैतमा उपभोक्ता अदालतमा मुद्दा दायर गरेका थिए।

सोही मुद्दामा ओम अस्पतालले ५० लाख ७० हजार र प्रतिचिकित्सक तीन लाख पाँच हजार पाँच सय रुपैयाँका दरले पीडित परिवारलाई क्षतिपूर्ति दिने फैसला भएको अदालतका म्रेस्तेदार शोभाकर खरेलले बताए। 'अदालतमा आएको फिरादपत्र र त्यसपछिको बहसका क्रममा ओम अस्पतालको चिकित्सकीय लापरबाहीले नै निवेदकको बुबाको मृत्यु हुन पुगेको ठहर भयो,' उनले भने, 'त्यसैले अस्पताल र उपचारमा संलग्न दुवै चिकित्सकबाट पीडितलाई क्षतिपूर्ति भराउने फैसला भएको हो।'

अदालतमा परेको मुद्दा विवरणअनुसार बाथरुममा लडेर घाइते भएका हरिहरलाई उपचारका लागि ओम अस्पतालको इमर्जेन्सीमा भर्ना गरिएको थियो। लगत्तै एक्सरे गर्दा फ्याक्चर्स देखिए पनि चिकित्सकद्वय डा. घिमिरे र गोहिवारले नदुख्ने औषधी दिएर पठाएका थिए।

तर, चार दिनसम्म दुखाइ कम नभएपछि १० माघमा ह्याम्स अस्पताल लगिएको थियो। ह्याम्सका चिकित्सकले फ्याक्चर भएको स्थानमा धेरै नै असर परिसकेकाले उपचार गर्न ढिलाइ भएको जानकारी दिएका थिए। यद्यपि, घरमै उपचार गर्ने क्रममा उनको मृत्यु भयो।

त्यसपछि ओम अस्पतालका चिकित्सकले लापरबाही गर्दा बुबाको मृत्यु भएको भन्दै छोरा वसन्तले १ चैतमा फिरादपत्र दर्ता गरेका थिए। 'ओम अस्पतालको चिकित्सकीय लापरबाहीले हाम्रो पिताको ज्यान गएको छ,' उनको उजुरीमा थियो।

त्यस्तै, नानीकाजी खड्काले यामाहा मोटरसाइकल खरिद गर्दा ठगिएको भन्दै दिएको उजुरीमा पनि बिक्रेतालाई तीन लाख ९३ हजार रुपैयाँ क्षतिपूर्ति दिन फैसला भएको म्रेस्तेदार खरेलले बताए। खड्

तीनवटै फैसला उपभोक्ताको पक्षमा

१ उपचारमा गरेको लापरबाहीले बिरामीको मृत्यु भएको ठहर्दै चाबहिलस्थित ओम अस्पताल र दुई चिकित्सकलाई ५६ लाख ८१ हजार क्षतिपूर्ति मृतकका परिवारलाई भराइ पाउने फैसला

२ डिलरले झुक्याई पुरानो मोडल र वारेन्टी अवधिभर ब्याट्रीले समेत काम नगर्ने यामाहा मोटरसाइकल दिएको मुद्दामा बिक्रेतालाई नयाँ मोटरसाइकल किन्न पुग्ने तीन लाख ९३ हजार क्षतिपूर्ति दिनुपर्ने फैसला

३ चाँदीको मूर्ति साताभित्रै फिर्ता लिन नमान्ने विशालबजारस्थित स्वस्तिक सिल्भर प्यालेसलाई २० हजार रुपैयाँ क्षतिपूर्ति दिन आदेश

उपभोक्ता अदालतमा अझै पाँच मुद्दा

१९ माघको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार ३० फागुनमा स्थापना गरिएको उपभोक्ता अदालतमा हालसम्म १० मुद्दा परेका छन्। म्रेस्तेदार शोभाकर खरेलका अनुसार तीमध्ये दुईमा मिलापत्र, तीनको फैसला र पाँच सुनवाइकै क्रममा छन्। 'एउटा ल्यापटपसम्बन्धी मुद्दामा बिक्रेताले नयाँ दिने र सुजुकी कार मर्मतमा लापरबाहीमा आयातकर्ताले चाँडै बनाएर दिने मिलापत्र भएपछि निवेदकले मुद्दा फिर्ता लिनुभयो,' उनले भने, 'अहिलेसम्म तीनवटा मुद्दाको फैसला भइसकेको छ। अन्य पाँच मुद्दा सुनुवाइकै प्रक्रियामा छन्।'

काले खरिद गरेको मोटरसाइकल तोकिएभन्दा चार वर्ष पुरानो मोडलको भएको र वारेन्टी अवधिअनुसार ब्याट्रीले समेत काम नगरेको भनी फिर्ता गर्न खोज्दा बिक्रेताले नमानेपछि खड्का अदालत गएका थिए।

यसअघि गत २५ वैशाखमा अदालतले चाँदीको गहनमा ठगिएकी ललितपुरको गोदावरी नगरपालिका-१३ बस्ने सावित्री खत्री थापाको पक्षमा फैसला गरेको थियो। उनले विशालबजारस्थित स्वस्तिक सिल्भर प्यालेस प्रालिबाट २५ फागुनमा १.१ तोला चाँदीले भरिएको मूर्ति चार हजार ६ सय रुपैयाँमा खरिद गरेकी थिइन्।

तर, प्रचलित बजार मूल्यभन्दा बढी तिर्नुपरेको आशंका लागेपछि उनी एक साताभित्रै १ चैतमा फिर्ता गर्न गइन्। त्यहाँ उनले ज्याला, जर्तीलगायत कट्टा गरी दुई हजार दुई सय २५ रुपैयाँ मात्रै फिर्ता पाएकी थिइन्।

तर, यसमा उनले चित्त बुझाइनन्। र, ३५ हजार सात सय क्षतिपूर्ति मागदाबी गर्दै अदालतमा उजुरी दिइन्। यही मुद्दामा अदालतले स्वस्तिक सिल्भरलाई २० हजार रुपैयाँ क्षतिपूर्ति भराउन आदेश गरेको छ। अदालतले गरेको आदेश चित्त नबुझे ३० दिनभित्र उच्च अदालत, पाटनमा पुनरावेदनमा जान सकिने व्यवस्था छ।

नारायणगढ-बुटवल सडक सात घण्टापछि खुल्यो



बाढीले पुरेको विनयी खोलाको डाइभर्सन

नवलपरासी/ बुधबार रातिको बाढीले विनयी खोलाको डाइभर्सन पुरेपछि अवरुद्ध पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटबल सडकखण्ड सात घण्टापछि सञ्चालनमा आएको छ। बाढीले विनयी त्रिवेणी गाउँपालिकाको विनयी खोलाको डाइभर्सन पुरेपछि बिहीबार बिहान ८:४५ बजेदेखि अवरुद्ध सडक दिउँसो ३:४० बजेदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ। डाइभर्सन मर्मत गरी यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी मधु नेपालले बताए।

गत २६ पुसमा भारतीय हेभी ट्रक पास हुने क्रममा दुम्कीबासस्थित विनयी खोलाको २४५ मिटर पुरानो पुल भाँचिएपछि डाइभर्सनका भरमा यातायात सञ्चालन हुँदै आएको छ। खोलाले यो डाइभर्सनमा अवरोध गरेको यो चौथोपटक हो। यसअघि तीनपटकसम्म खोलाले डाइभर्सन बगाएको थियो। निर्माणाधीन नयाँ पक्की पुल आउँदो १४ असारदेखि सञ्चालन हुने बताइएको छ। नारायणगढ-बुटबल सडक आयोजनाका सूचना अधिकारी शिव खनालका अनुसार ढलान भएको २८ दिनपछि पुलमा यातायात सञ्चालन गर्न मिल्नेछ। २३ जेठमा पुलको अन्तिम स्पानको ढलान सकिएको थियो।



धान रोपाइँको चटारो बर्खा लागेसँगै धान रोपाइँमा व्यस्त भक्तपुरको घ्याम्पेडाँडा क्षेत्रका किसान। सिँचाइ सुविधा भएको क्षेत्रमा धान रोपाइँ भइरहेकामा बुधबारदेखि वर्षा हुन थालेपछि सहज भएको छ। पूर्वी नेपालमा मात्र केन्द्रित मनसुनी वायु बिहीबार पश्चिम गण्डकी र लुम्बिनीसम्म विस्तार भएर वर्षा हुन थालेपछि अब देशभर रोपाइँ बढ्ने अपेक्षा गरिएको छ। तस्बिर : संजित परियार/नयाँ पत्रिका

संक्षेप

न्यायाधीश थारूमाथि इजलासमै मोसो प्रहार, तीनजना पक्राउ

वीरगन्ज/ उच्च अदालत जनकपुर, वीरगन्ज इजलासका न्यायाधीश खुसीप्रसाद थारूमाथि बिहीबार इजलासमै मोसो प्रहार भएको छ। मोसो प्रहार गर्ने तीनजना पक्राउ परेका छन्। जनकारबाही भन्दै मोसो प्रहार गर्ने नेकपा बहुमतका केन्द्रीय सदस्य किशोर कुँवर (अविनाश), सर्लाही इन्चार्ज पदमबहादुर मगर र सिराहा जिल्ला कमिटीका सदस्य गर्भु महतोलाई प्रहरीले पक्राउ गरेको हो। पर्सा प्रहरीका डिएसपी किशोर लम्सालका अनुसार तीनजनालाई हिरासतमा राखेर अनुसन्धान भइरहेको छ। न्यायाधीश थारूसहितको १४ जेठको इजलासले रौतहट बमकाण्डमा जिल्ला अदालतबाट दोषी ठहर भएका कांग्रेस नेता अफ्ताब आलमसहितलाई सफाइ दिने फैसला गरेको थियो। सोही फैसलाको विरोधमा इजलासभित्रै न्यायाधीशमाथि दुर्व्यवहार भएको बताइन्छ।

भाग्न खोज्ने दुई अभियुक्तमाथि प्रहरीले चलायो गोली

धनगढी/ नियन्त्रणमा लिएका दुईजना अभियुक्त भाग्न खोजेपछि प्रहरीले कैलालीको भजनी नगरपालिका- ७ मा बिहीबार गोली चलाएको छ। टीकापुरमा गत १५ जेठमा एक व्यक्तिमाथि भएको खुकुरी प्रहारमा संलग्न भएको आरोपमा धनगढीका मिलन चन्द र अछामका रिदम ढुंगाना पक्राउ परेका थिए। कैलारीको शिवरत्नपुरबाट पक्राउ परेका दुवैलाई गाडीमा टीकापुर लजाँदै गर्दा भजनी पुगेका वेला पिसाब फेर्ने बहानामा भाग्न खोजेपछि गोली हानेर नियन्त्रणमा लिनुपरेको कैलाली प्रहरीका प्रवक्ता डिएसपी राजकुमार सिंहले बताए। तिघ्रामा गोली लागेका दुवैजनाको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। टीकापुरका स्थानीय टेकेन्द्रसिंह विष्टमाथि खुकुरी प्रहार गरेको आरोपमा दुवैजना पक्राउ परेका हुन्। टीकापुरस्थित घरनजिकै क्यापेमा कफी पिउँदै गरेका विष्टमाथि खुकुरी प्रहार भएको थियो। टाउको, पेट र तिघ्रामा चोट लागेका उनको शिक्षण अस्पताल काठमाडौंमा उपचार भएको छ।

नौ महिनामा रामेछापबाट ६ हजार ७६ जना बिदेसिए

रामेछाप/ रामेछापबाट नौ महिनामा ६ हजार ७६ जना युवा वैदेशिक रोजगारीका लागि बिदेसिएका छन्। सुरक्षित आप्रवासन कार्यक्रम (सामी)ले बिहीबार मन्थलीमा आयोजना गरेको अन्तर्क्रियामा बर्सेनि वैदेशिक रोजगारीका लागि जाने युवाको संख्या बढेको तथ्यांक प्रस्तुत गरिएको हो। चालू आर्थिक वर्ष ०८१/८२ को नौ महिनामा चार हजार ७२० पुरुष र एक हजार ३५६ महिला श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा रोजगारीका लागि गएको सामीका जिल्ला संयोजक दीपक केसीले बताए। उनका अनुसार गत आव ०८०/८१ मा सात हजार ४३१ ले श्रम स्वीकृति लिएका थिए। रामेछापबाट वैदेशिक रोजगारीमा गएकामध्ये ६ वर्षमा ३१ जनाको मृत्यु भएको र १५ जना अंगभंग भएका छन्। यो तथ्यांक वैदेशिक रोजगार विभाग र आप्रवासी स्रोत केन्द्रको हो।

लागुऔषध मुद्दाका फरार अभियुक्त पक्राउ

धनकुटा/ लागुऔषध गाँजा मुद्दाका फरार सहिदभूमि गाउँपालिका-६ आँखीसल्लाका डम्बर राई पक्राउ परेका छन्। छुट्टाछुट्टै तीनवटा मुद्दामा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भए पनि फरार रहेका उनलाई धनकुटा नगरपालिका- ६ बाघेखोलाबाट पक्राउ गरिएको धनकुटा प्रहरीका सूचना अधिकारी डिएसपी ओमप्रकाश खनालले बताए। फरार अभियुक्त नियन्त्रण गर्न खटिएको विशेष टोलीले प्रदेश १-०६-००१ च ००१८ नम्बरको कारमा धरानबाट धनकुटातर्फ आफ्नै कारमा आउँदै गर्दा उनलाई पक्राउ गरिएको प्रहरीले बताएको छ। २५ चैत ०८० मा साँगुरीगढी गाउँपालिका- ६ भेडेटारबाट को.१ख ३२ ९४ नम्बरको मिनीट्रकमा १८ बोरामा ५४४ केजी गाँजा ओसारपसारमा राईको संलग्नता रहेको प्रहरीको आरोप छ। त्यस्तै, २९ वैशाख ०८० मा मूलघाटमा को.१ख ३३६७ नम्बरको मिनीट्रकमा लोड भएको १७ बोरामा ५१० केजी ओसारपसारसँगै सहिदभूमि गाउँपालिका- ६ मार्गास्थित फर्निचर व्यवसायको टहरोमा दुई केजी गाँजा बरामद घटनामा पनि उनको संलग्नता रहेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

चैतेधानको समर्थन मूल्य माग्दै आन्दोलनमा किसान

समर्थन मूल्यको आधामा पनि चैतधान बिक्री नभएपछि गौरादहका किसानले राँके जुलुससहित गरे प्रदर्शन, नगरपालिका हाताभित्र प्रवेश नपाएपछि नाराजुलुस

झापामा **चिरञ्जीवी घिमिरे**

चैतेधानको समर्थन मूल्य नपाएका झापाको गौरादह नगरपालिकाका किसान बिहीबार राँके जुलुससहित सडक आन्दोलनमा उत्रिएका छन्। सरकारले तोकेको समर्थन मूल्यको आधामा पनि चैतेधान बिक्री नभएपछि किसानले धोबिनिया चोकबाट नगरपालिकाको कार्यालयसम्म एक किलोमिटर क्षेत्रमा जुलुस प्रदर्शन गरेका हुन्।

किसानले उत्पादन गरेको चैतेधानले समर्थन मूल्य पाउनुपर्ने, मलबिउ, औषधि समयमा पाउनुपर्ने, खेत जोत्ने ट्र्याक्टरको दररेट न्यूनतम हुनुपर्ने, कृषिको सिँचाइ महसुल छुट हुनुपर्ने, उत्पादनमा अनुदान कार्यक्रम, भाडामा चल्ने कम्पाइन हार्भेस्टको दररेटमा एकरूपता हुनुपर्ने माग राखेका छन्।

नगरपालिकाको कार्यालय कम्पाउन्डभित्र भवनमा रहेको गेटबाट प्रहरीले प्रवेश गर्न नदिएपछि किसानले कार्यालय परिसरमै नाराजुलुस र कोणसभा गरेका थिए। करिब डेढ घण्टासम्म नाराजुलुस र कोणसभा गरेपछि मेयर छत्रपति सुवेदीले पाँचजना प्रतिनिधि पठाएर मागबारे जानकारी गराउन भन्दै प्रहरीमार्फत खबर पठाए। तर, यसअघि नै पटक-पटक ज्ञापनपत्र बुझाएको भन्दै किसान प्रतिनिधि भित्र जान मानेनन्। त्यसपछि मेयर बाहिर आएर सम्बोधन



गौरादह नगरपालिकाले मूल गेटमै किसानलाई रोकेपछि नाराजुलुस गर्दै किसान।

गरे। 'खासमा हामी प्रतिनिधि मात्र मेयरको कार्यकक्षमा गएर के गर्न सकिन्छ भनेर छलफल गर्ने योजनामा थियौं। तर, गेटमै हामीमाथि दुर्व्यवहार भयो। त्यसपछि हामी अपमान सहेर प्रतिनिधि मात्र भित्र जान सकेनौं,' गौरादह नगर मूल कृषक समूहका अध्यक्ष लय बरालले भने, 'मेयरले जानकारी छैन भनेर झुटो बोल्नुभयो। हामीले पटक-पटक हाम्रो समस्याबारे जानकारी गराएका छौं। पछिल्लोपटक मात्रै २६ जेठमा नगरपालिकामा ज्ञापन पत्र दिएका हौं।'

किसान संघर्ष समिति संयोजक इन्द्र पोखरेलले आफ्नो कपडा प्रहरीले च्यातिदिएको बताए। 'हामी नगरपालिकालाई माग सुनाउन आएका थियौं। तर, जनप्रतिनिधिले प्रहरी लगाएर किसानमाथि दमन गरे,' पोखरेलले भने, 'शान्तिपूर्ण आन्दोलनलाई सशक्त बनाउँछौं।'

■ मुस्किलले समर्थन मूल्यको आधा पाउँछन् किसान

सरकारले यस वर्ष १८ प्रतिशतसम्म चिस्यान रहेको चैतेधानको समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार आठ सय रुपैयाँ तोकेको छ। तर, किसानले प्रतिक्विन्टल १२ सयदेखि १५ सयसम्ममा बेच्नुपरेको छ। सरकारले १८ प्रतिशतभन्दा बढी चिस्यान भएको हकमा भने एक प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल एक हजार २०० ग्रामका दरले हुन आउने तौल घटाई हुने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम हुने गरेको छ। गत वर्ष चैतेधानको समर्थन मूल्य दुई हजार ७०७ रुपैयाँ थियो।

अहिले चैतेधान भित्र्याएर बर्खेधान रोप्ने वेला हो। त्यही भएर किसानलाई चटारो छ। तर, देशभरका किसानले चैतेधानको समर्थन मूल्य पाएका छैनन्। नेपालमा एक लाख १० हजार हेक्टरसम्ममा चैतेधानको खेती हुने गरेको छ। प्रतिमन एक हजार १२० रुपैयाँ पाउनुपर्ने भए पनि पाँचदेखि ६ सय प्रतिमनमै धान बेच्नुपरेको गौरादहका किसान कामेश्वर राजवंशीले बताए। 'धानको उचित मूल्य पाएका छैनौं। उत्पादन लागत पनि उठेको छैन। खेती गर्ने वेलामा मल हुँदैन। पारि (भारत)बाट मल ल्याउनुपर्ने बाध्यता छ,' उनले भने।

एक बिघामा सय मन धान फलाएका झापाको गौरीगन्ज गाउँपालिका- १ महाभाराका किसान सुरेश राजवंशीले भाउ नहुँदा धान खेतीको लगानी पनि नउठेको बताए। सरकारले तोकेअनुसार प्रतिमन एक हजार १२० रुपैयाँ पाउनुपर्ने हो, तर पाँच सयदेखि ६ सय प्रतिमनमा बेच्नुपरेको झापाका किसानको दुखेसो छ। 'बर्खेधान लगाउनका लागि पनि पैसाको जोहो गर्नुपऱ्यो,' राजवंशीले भने, 'भाउ अझ घट्छ भन्ने पनि हल्ला छ, घाटा लागेर पनि धमाधम बेचिरहेका छौं।' गत वर्ष प्रतिमन १२ सयसम्म धान बेचेका झापाका किसान झनै मर्कामा छन्।

हरित गणतन्त्रका लागि संविधानको पूर्ण कार्यान्वयन

संविधानमा समाविष्ट हरित गणतन्त्रको अवधारणालाई मूर्त रूप दिने कानुनी प्रावधानको पूर्ण कार्यान्वयनको खाँचो छ




● जीवेश झा ● विष्णुचन्द्र नेपाली

अग्रलेख

नेपालको संविधानले वातावरण संरक्षण र प्रवर्द्धनसँग सम्बन्धित मौलिक हकलगायत व्यवस्थालाई समेटी हरित गणतन्त्रको अवधारणा अघि बढाए पनि बढ्दो प्रदूषणको माहामारीले वेला-वेलामा हामीलाई गिजोलिरहेको हुन्छ।

संविधानको धारा ३० ले प्रदूषकबाट क्षतिपूर्ति भराउनेदेखि वातावरणमा उल्लेख्य सुधारका लागि नागरिकसमेत गम्भीर हुन दायित्व र अवसर दुवै प्रदान गरेको छ। यद्यपि, प्रदूषणको रापले कहिले हाम्रो मुटु पोल्ने समस्या हुने त कहिले श्वासप्रश्वासमा समस्या आउने, त कहिले नाक छोपेर हिँड्न बाध्य हुनुपर्ने हाम्रो सामान्य जीवनचक्र बनेको छ। आखिरमा यो कसको गल्ती हो त ? सरकार, जनता वा कानुनको ? हरेक वर्षझैँ यस वर्ष पनि ५ जुनमा विश्व वातावरण दिवस मनाइयो। तर, यो दिवस मनाउनुको सार्थकता देखिन सकेको छ त हामीकहाँ ?

संवैधानिक व्यवस्था : संविधानमा समावेश भएका हरित कानुनी प्रावधानले हरित गणतन्त्रको अवधारणालाई मूर्तरूप दिएका छन्। जसमध्ये सफा वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई धारा ३० ले समेटेको छ। यस धाराले प्रत्येक नागरिकका स्वच्छ वातावरणमा जीवनयापन गर्न पाउने हक सुनिश्चिततासँगै वातावरणीय प्रदूषणबाट मर्का परेकालाई अदालतमा मुद्दा दायर गरी हक प्रचलन गर्न-गराउन मार्गप्रशस्त गरेको अवस्था छ।

त्यसैगरी, सफा पानी र सरसफाइको हकलाई धारा ३५ ले प्रत्याभूत गरेको छ भने खाद्य सम्प्रभुताको हकबारे धारा ३६ मा व्यवस्था गरिएको छ। कृषि सुधार वा वातावरण संरक्षणका लागि भूमिसुधार गर्न राज्यलाई उल्लेख्य कदम चाल्न धारा २५ ले जिम्मेवारी तोकेको छ। गुणस्तरीय खाद्यपदार्थ र सेवा प्राप्त गर्ने उपभोक्ताको हकबारे धारा ४४ मा व्यवस्था गरिएको छ।

यी प्रावधानले वातावरण प्रदूषण हुने वा प्रदूषण गराउने सम्भावना भएका क्रियाकलाप रोक्न र नियन्त्रण गर्न कानुनी आधार प्रदान गरेका छन्। जग्गा-जमिनउपरको प्रदूषण होस् कि खाद्यान्न स्वच्छताको प्रश्न होस्, सफा पानीको प्रश्नमा गम्भीर हुनुपर्ने विषय होस् कि स्वच्छ हावा, पानी र प्राकृतिक वातावरणको विषय होस्, संविधानले वातावरणसँग सम्बन्धित हरेक आयामबारे स्पष्ट व्यवस्था गरेको भए पनि सरकार र जनता दुवै वातावरणीय प्रदूषणविरुद्धको लडाइँमा चुकेको देखिन्छ। साथै, उच्च र सर्वोच्च अदालतलाई वातावरण संरक्षण र प्रवर्द्धनका लागि निर्देशन, आदेश, निर्णय वा परमादेश जारी गर्न सक्ने अधिकार प्रदान गरिएको छ। यसरी संविधानले नै स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई मानव अधिकारको मूल हकका रूपमा ग्यारेन्टी गरेको छ।

न्यायिक दृष्टिकोण : जनहित संरक्षण मञ्च (प्रो पब्लिक) विरुद्ध नेपाल सरकार भएको ऐतिहासिक मुद्दामा सर्वोच्च अदालतले इँटाभट्टाबाट हुने प्रदूषणले जनघनत्व भएका क्षेत्र, विद्यालय, सांस्कृतिक र पर्यटकीय क्षेत्रमा असर पार्ने भएकाले यस्ता क्षेत्रमा प्रदूषण न्यूनीकरणका लागि प्राथमिकता दिनुपर्ने आदेश दिएको थियो। अदालतले सरकारलाई विभिन्न मन्त्रालयका प्रतिनिधि मिलाएर टोली गठन गर्न निर्देशन दियो, जसको उद्देश्य वातावरण प्रदूषण गर्ने उद्योग, प्रदूषण नियन्त्रण यन्त्र जडान गरेका र नगरेका उद्योगको विवरण संकलन गर्नु थियो। साथै, सरकारले इँटाभट्टा बन्द गर्दा राष्ट्रिय निर्माण तथा विकास कार्यमा पर्ने असरको मूल्यांकन गर्न र यसका विकल्पको अध्ययन गर्न पनि आदेश दिएको थियो।

भारतमा इँटाभट्टालाई उत्तर प्रदेश राज्यअन्तर्गतको आगराको ताजमहलबाट २० देखि २०० किलोमिटर टाढा सञ्चालन गर्न अनुमति दिइएको छ। यस्तो प्रावधान र सोच नीति-निर्माताबाट आएको नभई भारतीय सर्वोच्च अदालतले एमसी मेहताविरुद्ध भारत सरकार भएको मुद्दामा दिएको अन्तिम आदेशको उपज हो।

त्यस्तै, सूर्यप्रसाद शर्मा ढुंगेलविरुद्ध गोदावरी मार्बल उद्योग प्रालि (ने.का.प २०५२, भाग १ अंक १ निर्णय नं. ०४) भएको मुद्दामा सर्वोच्च अदालतले प्रदूषित वातावरणमा मानव जीवन संकटमा पर्ने भन्दै वातावरण संरक्षणले नै मानव जीवनको संरक्षण गर्ने सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। 'प्रदूषित वातावरणमा मानव जीवन खतरामा हुन्छ। प्रदूषित वातावरणको सिर्जनाबाट कुनै पनि व्यक्तिको जिउज्यानको अपहरण हुन्छ। त्यस्तो प्रदूषित वातावरणबाट मुक्ति पाउनु व्यक्तिको अधिकार हो। यस अर्थमा पर्यावरण संरक्षणको सम्बन्ध परोक्ष रूपमा मानिसको जिउज्यानसँग सम्बन्धित हुँदा प्रस्तुत विषय नेपाल संविधानभित्र समावेश भएको मान्नुपर्ने।' भनी सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको देखिन्छ।

उक्त मुद्दामा गोदावरी डाँडाबाट गोदावरी मार्बल उद्योगद्वारा मार्बल उत्खनन रोक्न माग गर्दै रिट दायर गरिएको थियो। अदालतले यस उत्खननले वन विनाश, बाढी तथा प्रतिकूल परिस्थिति निम्त्याउने निष्कर्ष निकालेको थियो।

सो मुद्दामा, 'गोदावरी क्षेत्रको पर्यावरण संरक्षणजस्तो संवेदनशील, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको विषयमा उपर्युक्त निष्कर्षअनुसार प्रभावकारी र सन्तोषजनक उपचारात्मक कार्य पनि भएको नदेखिँदा त्यसलाई समेत मध्यनजर राखी लागू नभएको खनिज पदार्थ ऐन, ०४२ लागू गर्न, वायु, जल, ध्वनि एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानुन तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षणतर्फ कारबाही गर्ने भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकाले विपक्षीका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको' थियो। केदारभक्त श्रेष्ठविरुद्ध यातायात विभागसमेत (२०५८) विपक्षी रहेको मुद्दामा सर्वोच्च अदालतले नयाँ डिजेल टेम्पो काठमाडौंबाहिर समेत दर्ता नगर्ने सरकारको कदमलाई जायज ठहर गरेको थियो। यसैगरी, धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको विष्णुमती नदीमा भएको प्रदूषणविरुद्धमा भरतमणि गौतमले नेपाल सरकारलाई विपक्षी बनाई रिट दायर गरेका थिए। राष्ट्रिय महत्त्व बोकेको सम्पदाको संरक्षण, नदीको सफाइ, खानेपानीको सुनिश्चितता र वातावरणमैत्री रूपमा फोहर व्यवस्थापन गर्नुपर्ने दायित्व सरकारको रहेको ठहर गरी सो मुद्दामा न्याय निरूपण भएको थियो।

अधिवक्ता भोजराज ऐरसमेत विरुद्ध प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको परमादेश (भाग : ४६ साल : २०६१ अंक : १०, निर्णय नं. ७४५३) मुद्दामा, सर्वोच्च अदालतले काठमाडौं उपत्यकाको वातावरण दिन-प्रतिदिन प्रदूषित बन्दै गइरहेको भन्ने तथ्य विभिन्न अध्ययन अनुसन्धानबाट स्थापित भइरहेको र यसबाट वैयक्तिक स्वतन्त्रताको हकअन्तर्गत अन्तर्निहित स्वच्छ एवं स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार एवं वातावरण संरक्षण ऐनले स्वच्छ एवं स्वस्थ वातावरण कायम गर्न प्रत्याभूत गरेको व्यवस्थामा समेत नकारात्मक असर परिरहेको सन्दर्भमा प्रदूषण नियन्त्रण गर्ने कार्यका लागि कोष खडा गर्ने उद्देश्यले पेट्रोलियम पदार्थको हाल कायम मूल्यबाटै वा उपभोक्तालाई सकेसम्म थप आर्थिक भार नपर्ने गरी अन्य उपयुक्त तरिकाबाट प्रदूषण नियन्त्रण कोष खडा गर्ने व्यवस्था मिलाउन ऐनको उपर्युक्त व्यवस्था लागू हुने मिति नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको थियो।

यसरी, सर्वोच्च न्यायालयबाट लगभग २१ वर्षपहिले भएको आदेशको पनि पूर्ण कार्यान्वयन अझै हुन सकेको अवस्था छैन। काठमाडौं विश्वका मुख्य प्रदूषित सहरमध्ये अग्रणी स्थानमा पर्छ भन्ने विभिन्न अध्ययन प्रतिवेदनले देखाउँदै आएको र त्यसको ध्यानाकर्षण अदालतले समेत सरकारलाई समय-समयमा गराइरहेको अवस्थामा समेत वातावरण प्रदूषणमा रोकथाम हुन सकेको स्थिति छैन। दुई दशकपहिले पनि स्थिति त्यही थियो र अहिले पनि स्थिति त्यही छ। परिवर्तन भएको त फगत राजनीति हो। वातावरण त प्रदूषण थियो, छ र रहिरहने नै देखियो।

> संविधानले वातावरणसँग सम्बन्धित हरेक आयामबारे स्पष्ट व्यवस्था गरेको भए पनि सरकार र जनता दुवै वातावरणीय प्रदूषणविरुद्धको लडाइँमा चुकेका देखिन्छन्

सैद्धान्तिक दृष्टिकोण : सार्वजनिक न्यासको सिद्धान्त र राज्यको अभिभावकीय सिद्धान्तको अवधारणा एक-अर्काको परिपूरकका रूपमा रहेका छन्। प्राचीन रोमन साम्राज्यकालदेखि नै विकसित हुँदै आएको सार्वजनिक न्यासको सिद्धान्तअनुरूप सबै जनताको सम्पत्ति एवं नासोका रूपमा रहेका सडक, सरकारी घर, नदीनाला, जंगल, ताल, पोखरी, कुवा, पानी, पँधेरो, गौचर, चिहान, पाटीपौवा, खेल मैदान, पर्ती जग्गाजस्ता सबै जनताले सहज पहुँच एवं उपभोग गर्न पाउने सम्पत्तिलाई सबैको साझा सम्पदाका रूपमा लिनुपर्छ। यी वस्तुलाई प्राकृतिक वरदानका रूपमा लिँदै जुनसुकै प्रकारको हैसियतका भए पनि सबै नागरिकले समान रूपमा यो प्रयोग गर्न पाउनुपर्छ। यस्ता प्राकृतिक स्रोत सम्पदाको प्रभावकारी रूपमा व्यवस्थापन एवं संरक्षण गरी भावी पुस्ताको प्रयोगका लागि सुरक्षित राख्नु तथा दुरुपयोग भएमा वा गलत रूपमा प्रयोग भएमा त्यसविरुद्ध नागरिकलाई प्रश्न उठाउने अधिकार प्रदान गर्नु पनि यही सिद्धान्तको अवधारणाले समेटेको देखिन्छ। यसैगरी, राज्यको अभिभावकीय सिद्धान्तअन्तर्गत राज्यले उल्लिखित प्राकृतिक स्रोत-साधनको संरक्षकत्वको जिम्मेवारी लिनुपर्छ। राज्य केवल संरक्षककर्ता मात्र मानिन्छ। राज्यले चाहेर पनि यस्ता सम्पत्तिको स्वामित्व कसैमा हस्तान्तरण गर्न नसक्ने भनी नरोत्तम रानाविरुद्ध नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय (ने.का.प २०६६, भाग ५१, अंक १२ निर्णय नं. ८२८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ।

अबको बाटो : यसरी संवैधानिक तथा सैद्धान्तिक दृष्टिकोणसमेतको आलोकमा हेर्दा वातावरणीय सम्पत्तिको संरक्षकको भूमिकामा राज्य उभिनैपर्छ। वातावरण संरक्षण जनहितका लागि आवश्यक छ। वर्तमान र भविष्यका पुस्ताका हकमा यी स्रोतको संरक्षण गर्नु राज्यको परम कर्तव्य हो र यो कर्तव्यबाट विमुख भएको खण्डमा संविधान तथा प्रचलित कानुनमाथि धाबा बोलिएको सन्देश राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुग्न सक्छ। यस्तो अवस्थामा नागरिकको स्वास्थ्यसमेतमा प्रतिकूल असर परी सुशासन, समृद्धि र विकासको पथमा लम्किन पनि असहज हुने हुँदा वातावरण संरक्षणमा राज्यका हरेक निकाय गम्भीर हुनुको विकल्प छैन। हरित लोकतन्त्रका निम्ति संविधानमा समावेश भएका हरित कानुनलाई सक्रिय रूपमा कार्यान्वयन गर्न चुक्नु हुँदैन।

भारतमा झैँ स्नातक तहको सबै कोर्समा वातावरण शिक्षा अनिवार्य रूपमा पढाइनुपर्छ। पालिकाले विभिन्न किसिमका सन्देशमूलक सूचना सम्प्रेषण गरी नागरिकलाई वृक्षरोपणलगायत वातावरण संरक्षणको सवालमा सजग बनाउन अहं भूमिका खेल्नुपर्छ।

सरकारी कार्यालयमा कम्तीमा ५० बोटबिरुवा संरक्षित गर्नैपर्ने गरी नीति ल्याउन सकिन्छ। सरकारले वातावरण संरक्षणमा उल्लेख्य योगदान पुऱ्याउने संस्था वा व्यक्तिलाई समय-समयमा पुरस्कृत गर्ने परिपाटीको समेत थालनी गरिएमा साकारात्मक नतिजा आउने हुन्छ। जनचेतना र जनप्रतिबद्धताविना प्रदूषणरहित वातावरणको परिकल्पना केवल दिवास्वप्न मात्र हुनेछ।

अतः विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम गरी विकास र वातावरण संरक्षण दुवैलाई राष्ट्रिय उद्देश्यका रूपमा लिएर संविधानले निर्दृष्ट गरेको मार्ग अवलम्बन गरी सुखी नेपाली, समृद्ध नेपालको अवधारणालाई थप मलजल दिन ढिला नगरौँ।

प्रदूषण सरकार र नागरिक दुवैको साझा शत्रु हो। प्रदूषणविरुद्धको लडाइँमा सबै एकजुट नभए वातावरणीय संरक्षण असम्भव कार्यको रूपमा परिणत हुने हुँदा सबै मिली वातावरण संरक्षणमा सकारात्मक योगदान पुऱ्याउनुपर्ने वेला आएको छ। ढिलो गरे राज्यप्रतिको बेइमानी हुनेछ।


(लेखकद्वय न्याय सेवा (अदालत) मा शाखा अधिकृत पदमा कार्यरत छन्)



---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्रा. केदारभक्त माथेमालाई**



शैक्षिक संस्थामाथि विद्यार्थी नेताहरूले नै आक्रमण गर्नुले के संकेत गर्छ ?

यो दण्डहीनता र अराजकताको पराकाष्ठा हो। यहाँ जसले जे गरे पनि कुनै दण्डसजाय हुँदैन, उल्टो राजनीतिक संरक्षण प्राप्त हुन्छ। दशकौँदेखि यहाँ यही चल्दै आएको छ। यहाँ शैक्षिक संस्थामाथि तोडफोड मात्र होइन, व्यक्तिमाथि भौतिक आक्रमणसमेत भइरहेका छन्। अमेरिकातिर विश्वविद्यालयको आफ्नै प्रहरी फोर्स हुन्छ। तर, हामीकहाँ यहाँका शैक्षिक संस्थाभित्र सुरक्षाको कुनै संयन्त्र नै हुँदैन। दक्षिण एसियाका भारत, बंगलादेश, श्रीलंकालगायत देशमा यस्ता घटना कम हुँदै गएका वेला नेपालमा चाहिँ बढ्नु चिन्ताको विषय हो।

यस्ता अराजक गतिविधि पटकपटक किन दोहोरिइरहेका होलान् ?

जब देशमा दण्डहीनताले प्रश्रय पाउन थाल्छ, जब जस्तोसुकै अपराध गरे पनि दण्डसजाय हुँदैन, अपराध गर्नेलाई राजनीतिक संरक्षण प्राप्त हुन्छ तब यस्ता अराजक गतिविधि पटकपटक दोहोरिइरहनु अनौठो होइन। यहाँ कुनै पनि दल या विद्यार्थी संगठनले को विद्यार्थी हो र को 'गुन्डा' हो भनेर छुट्याउन जरुरी ठान्दैनन्। जसले गर्दा गलत कार्य गर्ने, अराजकता मच्चाउने तत्त्व थप प्रोत्साहित हुन्छ र यस्ता घटना कम हुनुको साटो बढ्न थाल्छन्।

यस्ता घटना नरोकिनुमा राजनीतिक दल, तिनका भ्रातृ संगठन र शैक्षिक संस्थाको नेतृत्व कहाँकहाँ चुकिरहेका छन् ?

यसमा शैक्षिक संस्थाको नेतृत्वलाई दोष दिन मिल्दैन। बिचरा उहाँहरूले चाहेरै पनि के नै गर्न सक्नुहुन्छ र ? यसमा विद्यार्थीले आफ्नो सीमा नाघ्नु हुँदैन। उनीहरूका जायज माग, जायज बाटोबाट आएका छन् भने सुन्नुपर्छ, पूरा गर्नुपर्छ। तर, माग राख्ने नाममा हुने गुन्डागर्दी र अराजकता भने सह्य हुँदैन। गुन्डागर्दीमा उत्रिने विद्यार्थीलाई राजनीतिक दलहरूले कानुनको सीमा ननाघ्न सचेत गराउन सक्नुपर्छ। गलत गरेमा तिमीहरूलाई हामी संरक्षण गर्न सक्दैनौँ, कानुनले जे भन्छ त्यही हुन्छ, भन्न सक्नुपर्छ।

प्रेरक प्रसंग

परिश्रमको निरन्तरता

एक व्यापारीलाई व्यापारमा चर्को घाटा लाग्यो। उनको व्यापार पूरै डुब्यो। व्यापार डुबेपछि उनी ऋणमा डुबे। उनी निकै निराश भए। ऋणैऋणमा डुबेको जीवनदेखि दिक्क भएर उनी एक दिन एउटा घना जंगलमा पुगे। त्यहाँको शान्त वातावरणमा उनी लामो समयसम्म एक्लै बसे। मन केही स्थिर भएपछि उनले भगवान्लाई सम्बोधन गर्दै भने- हे भगवान्! मैले जीवनमा जहिल्यै इमानदारीपूर्वक परिश्रम गरेँ। तर, मलाई जहिल्यै असफलतासिवाय केही हात लागेन। अब त म जीवनदेखि हारिसकेँ प्रभु! मलाई मार्गदर्शन गर्नुहोस्।

व्यापारीको पुकार सुनेर भगवान् उनीसामु प्रकट भए। भगवान्ले नजिकै रहेको बाँसको घारी र जमिनमा रहेको बाक्लो झारघाँस देखाउँदै भने- तिमीले उः त्यो बाँस र यो घाँस देखेका छौ नि ? यी दुवैको बीज मैले एकसाथ रोपेको थिएँ। मैले दुवैको समान रेखदेख गरेँ, दुवैलाई बराबर मलजल गरेँ, समान रूपमा प्रकाश दिएँ। घाँसको बिउ छिटै अंकुरित भयो, छिटोछिटो बढ्न थाल्यो। हेर्दाहेर्दै छोटो समयमै धर्तीलाई हराभरा बनायो। तर, बाँसको बिउमा टुसासम्म उम्रेन। मैले हिम्मत नहारी लगातार उसको सेवा गरिरहेँ। पहिलो वर्षको मेरो परिश्रम त्यसै खेर गयो। मैले बाँसको बिउमा मलजल गरिरहेँ। दोस्रो वर्ष पनि त्यसमा कुनै प्रगति भएन। यसैगरी तेस्रो, चौथो वर्षमा पनि मेरो परिश्रमको कुनै अर्थ देखिएन। तर, निराश नभई मलजल गर्दै रहेँ। आखिरमा पाँच वर्ष बितेपछि बाँसको बिउ पनि अंकुरित भयो। मौलाएर पृथ्वीलाई नै ढाकिसकेको घाँसको तुलनामा बाँसको बिरुवा निकै सानो र कमजोर देखिन्थ्यो। तर, ६ महिनापछि बाँस एक सय फिटभन्दा बढी अग्लो भयो। मैले पाँच वर्षसम्म यति सेवा गरेको थिएँ कि उसको जरा एक सय फिटभन्दा अग्लो बाँसलाई थाम्न सक्ने गरी मजबुत भइसकेका थिए। त्यसैले, तिमी पनि एकपटकको व्यापार असफल भयो भनेर किन दुःखी हुन्छौ ? परिश्रमलाई निरन्तरता दिइराख, सफलता तिम्रा सामु आफैँ उपस्थित हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शैक्षिक संस्थामा 'गुन्डाराज' रोक

त्रिभुवन विश्वविद्यालयका उपकुलपति कार्यालयमा तोडफोड गर्ने नेविसंघका नेतालाई सत्ताले संरक्षण गरेको समाचार पढियो। हुन त यस्तो समाचार नेपालका सन्दर्भमा नौलोचाहिँ होइन। यसअघि त्रिविकै प्राध्यापक प्रेम चलाउनेमाथि सांघातिक आक्रमण भएको र आक्रमणकारीलाई राज्यसत्ताले नै संरक्षण गरेको समाचार आएकै हो। तर, यसरी शिक्षाको मन्दिरभित्र कहिलेसम्म गुन्डाराजलाई प्रश्रय दिइरहने ? के सत्तारुढ दलले शैक्षिक संस्थालाई बाहुबल प्रदर्शन स्थल बनाउन खोजेका हुन् ? होइन भने गुन्डागर्दी, कुटपिट, तोडफोडमा उत्रिने 'गुन्डा'हरूलाई किन जोगाउन बल लगाइरहेको छ यो सरकारले ? के यो सरकार देशमा गुन्डाराज भित्र्याउन चाहन्छ हो ? हामीलाई जवाफ चाहियो सरकार!

● **वन्दना गिरी**, टाँडी, चितवन

संसद् नखुलाउने अब ?

यतिखेर देशको आगामी आवको बजेटमाथि घनीभूत छलफल भई त्यसलाई पारित गर्ने दिशामा अघि बढ्नुपर्ने संसद् लगातार अवरुद्ध छ। यति महत्त्वपूर्ण समयमा पनि संसद् चल्दैन भने बेकारमा २७५ सांसदलाई राज्यकोषबाट तलब, भत्ता र अन्य अकुत सुविधा दिएर किन पालिरहने ? हामीले संसद् अवरुद्ध गर्न पठाएका हौँ र तिनलाई ? व्यक्तिगत या पार्टीगत मुद्दामा संसद्लाई बन्धक बनाउने अधिकार तिनलाई कसले दियो ? त्यसैले, कि संसद् खुलाऊ कि राजीनामा देऊ।

● **भूषण गुरुङ**
गंगाहिटी, काठमाडौं

खुरुक्क महसुल तिराऊ

यतिखेर अर्बौं बक्यौता भएका उद्योगले नियमानुसार आफूले उपयोग गरेको बिजुलीको महसुल तिर्नुको साटो उल्टो छुट र पुनरावलोकनका लागि निवेदन दिएको समाचार पढियो। हामीले झुक्किएर एक महिनाको बिल तिर्न बिर्सियौँ भने मोटो जरिवाना तिराउने प्राधिकरणले मोटा ग्राहकलाई चाहिँ छुट दियो, आगामी दिनमा हामी पनि बिजुलीको बिल नतिरी छुटका लागि निवेदन दिन्छौँ। के त्यतिखेर हाम्रो महसुल पनि छुट हुन्छ हो ? होइन भने यिनलाई खुरुक्क महसुल तिराऊ।

● **सुबास्ना केसी**
सतुंगल, काठमाडौं

न्यायालयको गरिमा जोगाऔँ

साढे चार वर्षअघि मुद्दा दर्ता भई २८ दिनअघि अन्तिम सुनुवाइ सकिएको ५२ संवैधानिक पदाधिकारी नियुक्तिविरुद्धको मुद्दाको अन्तिम फैसला आफूहरूले तोकेकै समयमा गर्न नसकेपछि यतिखेर सुनुवाइमा बसेको संवैधानिक इजलासका पाँचजना न्यायाधीशकै कार्यक्षमतामाथि प्रश्न उठेको छ। हुन त बाध्यकारी कुनै कारणले गर्दा पनि निर्णय सुनाउने दिन सार्नुपरेको होइन भनेर ठोकुवा गर्न सकिने आधार त छैन। तैपनि, बाहिर हल्ला चलेजस्तै अचानक निर्णय सुनाउने मिति पर धकेल्नुले प्रश्न भने उठाएकै छ।

समान्यतया मुद्दाको सुनुवाइ सकिएको दिनमै फैसला सुनाउने चलन छ। अन्यथा, फैसला अनेक कारणबाट प्रभावित हुन सक्छ। भ्रष्टाचार, डर, धाक, धम्की र प्रलोभन रोक्नका लागि नै सुनुवाइ सकिएकै दिन फैसला गर्नुपर्छ भन्ने विधिशास्त्रीय मान्यता रहेको छ। तर, हिजोआज अन्तिम सुनुवाइ सकिएको लामो समयसम्म पनि फैसला आउन छोडेको छ। यसले जनमानसमा झनै शंका बढाइदिएको छ। अदालतले आफ्नो गरिमा आफैँ जोगाउन पनि शंकारहित तरिकाले सुनुवाइ र फैसला गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्छ। जुन अहिलेको घटनामा देखिएन। अन्तिम सुनुवाइ सकिएको २८ दिनसम्म पनि फैसला सुनाउन नसक्नु भनेको न्यायालयको कमजोरी नै हो। २८ दिनसम्म इजलासले आफ्नो धारणा किन बनाउन सकेन ? के कारणले इजलासमा बसेका न्यायमूर्तिलाई स्वतन्त्र निर्णय दिन बाधा गऱ्यो ? न्यायालयको गरिमा अरूले जोगाइदिने होइन, स्वयं अदालत र त्यहाँ कार्यरत न्यायमूर्तिले हो।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जातीय गणनासँगै मोदीको 'यू-टर्न'

जातीय जनगणनाको विरोध गर्दै आएका मोदीले अब भारतको नेतृत्व जातलाई बेवास्ता गरेर सम्भव छैन भन्ने बुझेका छन्



देश / विदेश

● अजोय आशीर्वाद महाप्रशस्त

नरेन्द्र मोदीको तेस्रो कार्यकालको पहिलो वर्ष उनको सबैभन्दा ठुलो वैचारिक परिवर्तनका रूपमा चिनियो। पहलगाम आतंककारी आक्रमणपछिको सुरक्षा चुकका सवालबिच सरकारले जनगणनासँगै जातीय गणनाको पनि निर्णय लियो। यसले सबैलाई चकित पारेको छ। जातीय जनगणना विपक्षको दुई वर्षदेखि प्रमुख एजेन्डा बनेको थियो, जसलाई अखिलेश यादव, तेजस्वी यादव र राहुल गान्धीले निरन्तर अघि सारेका थिए। जातीय गणनाले सीमान्तकृत समूहको अवस्था बुझ्न र कल्याणकारी योजनालाई प्रभावकारी बनाउन सहयोग पुग्ने विपक्षको तर्क थियो।

तर, भारतीय जनता पार्टी (भाजपा) ले यस मागलाई उपहास र विरोधका साथ खारेज गर्दै आएको थियो। स्वयं मोदीले जातीय राजनीतिले देशलाई 'आदिम युग'मा फर्काउने भन्दै आलोचना गरेका थिए। एकपटक त उनले गणनालाई 'सहरी (अर्बन) नक्सली' सोचको उपज भनेका थिए। तर, सन् २०२४ को लोकसभा चुनावपछि परिस्थिति फेरियो। मोदीलाई सरकार जारी राख्न नितीश कुमार, चिराग पासवान र चन्द्रबाबु नायडु नेतृत्वका पार्टीसँग साझेदारी गर्नैपर्ने अवस्थामा पुगे। र, यी साझेदार पार्टीका लागि जातीय गणना जति भाजपाका लागि हिन्दुत्व महत्त्वपूर्ण थियो, त्यति नै महत्त्वपूर्ण थियो, नतिजा मोदीले एकल निर्णय गर्ने हैसियत गुमाए।

अघिल्लो लोकसभा चुनावपछिको पुनर्निर्वाचनको दुई महिनापछि नै मोदी सरकारले वैचारिक यू-टर्न लियो, जब मोदीले गठबन्धन र विपक्षको दबाबमा संघ लोक सेवा आयोगद्वारा घोषित ४५ 'लेटरल इन्ट्री' पदको विज्ञापन फिर्ता गराए। यी नियुक्ति अलोकतान्त्रिक र आरक्षण नीति टार्ने प्रयासका रूपमा आलोचित हुँदै आएका थिए। केन्द्रीय मन्त्री जीतेन्द्र सिंहले यसलाई सामाजिक न्यायप्रतिको सरकारको प्रतिबद्धतासमेत भनेका थिए। यो मोदी ३.० सरकारको पहिलो कदमबाट हिन्दुत्व केन्द्रित अभियान विशेषतः राम मन्दिर प्राण प्रतिष्ठाले ओबिसी र दलित मतदातालाई टाढा पार्न सक्छ भन्ने तथ्यलाई अप्रत्यक्ष रूपमा स्वीकार गऱ्यो।

सन् २०१४ यता मोदी सरकारले गैरप्रभावशाली जातीय समूहको समर्थन जित्न प्रयास गर्दै आएको थियो, तर २०२४ को चुनावले त्यो प्रवृत्तिमा उल्टो संकेत देखायो। जातीय सामाजिक न्यायलाई विपक्षको भोट बैंक राजनीति भनेर खारेज गर्दै आए पनि भाजपा चुनावी सफलताका लागि त्यसकै भर पर्न आएको छ, यद्यपि फरक ढंगले। समाजवादी पार्टी, राष्ट्रिय जनता दल र कांग्रेसले जातीय आधारमा समान स्रोत वितरण र लोकतान्त्रीकरणको माग गरे पनि भाजपा मुख्यतः ओबिसी र दलित समूहको राजनीतिक प्रतिनिधित्व बढाउनमा केन्द्रित रह्यो। तर, यसले बजारमुखी विकासलाई प्राथमिकता दिँदै विगतमा सीमान्तकृत समुदायले भर गर्ने सरकारी संस्था कमजोर बनाएको छ। यसबाहेक भाजपाले प्रायः ओबिसी वा दलित समूहलाई अन्य धेरै समूहविरुद्ध उभ्याउने रणनीति अपनाउँदै आएको थियो, जुन चुनावमा आफ्नो संख्यात्मक बहुमत निर्माण गर्न प्रयोग गरिएको ध्रुवीकरणको उपाय थियो। परिणामस्वरूप ओबिसी र दलित समुदायमा आपसी फुट निम्त्याइएको छ र पनि भाजपा आफूलाई गरिबको पार्टीका रूपमा प्रस्तुत गरिरहेकै छ। तर, सन् २०२४ को लोकसभा चुनावको मुखमा भाजपाले राम मन्दिरलाई लिएर सिर्जना गरेको 'उन्माद' र केही 'उच्च जाति'का भगवाधारी नेताका सम्बोधनले जुन प्रकारले ओबिसी र दलितको संवैधानिक अधिकारमाथि खतरा उत्पन्न गऱ्यो, त्यसले भाजपाले हासिल गरेका धेरै राजनीतिक फाइदालाई कमजोर बनाइदियो। यही कुरा मोदीले लोकसभामा बहुमत गुमाउँदा स्पष्ट देखियो। भाजपाले चार सय सिट पार गर्ने दाबीबिच आएको चुनावी नतिजा हिन्दुत्व र आक्रामक राष्ट्रवादको कमजोर हुँदै गएको प्रभावको संकेत थियो।



चित्र : परिप्लव चक्रवर्ती/द वायर

संविधानप्रति प्रतिबद्धता देखाउने र विपक्षीमाथि झुटो प्रचारको आरोप लगाउने भाजपाको प्रयासले उसको भ्रम मात्र होइन, सामाजिक न्यायको राजनीतिबाट उम्कन नसकेको विवशता पनि देखायो।

जातीय जनगणनाको घोषणा गरेर मोदीले अन्ततः जातलाई राजनीतिक रूपमा स्वीकार गरेका छन्। यसअघि त्यसको विरोध गर्दै आए पनि अब विविधतायुक्त भारतको नेतृत्व जातलाई बेवास्ता गरेर सम्भव छैन भन्ने उनले बुझेका छन्। यो उनको दोस्रो ठुलो आत्मसमर्पण हो, पहिलोपटक सन् २०२०-२१ सम्म एक वर्ष चलेको कृषि आन्दोलनपछि कानुन फिर्ता लिएका थिए। यसपटक ती कृषि कानुन फिर्ता गर्दाजस्तो सहज रूपमा यो मुद्दाको निर्क्योल हुने देखिँदैन। यसपटक मोदीले आफैँलाई रणभूमिमा उभ्याएका छन्। जातीय जनगणनामा सहमति जनाएपछि उनी विपक्षीले अघि सारेको अझ ठोस माग, अर्थात् आरक्षणमा रहेको ५० प्रतिशतको सीमा हटाउने दबाबमा पर्ने सम्भावना बढेको छ। राहुल गान्धी र अन्य विपक्षी नेताले खुलेरै ५० प्रतिशतको सीमा कृत्रिम र प्रतिनिधित्वविहीन भएको दाबी गर्दै आएका छन्।

यतिवेला मोदी अप्रेसन सिन्दूरपछि कूटनीतिक रूपमा अलगावमा परिरहेका छन् र मुसलमान समुदायले विवादास्पद 'वक्फ' (संशोधन) ऐनविरुद्ध एकजुट ढंगले आवाज उठाउने सम्भावना बढिरहेको छ। यस्तो अवस्थामा के उनले आरक्षणको ५० प्रतिशत सीमा हटाउने मागलाई सम्हाल्न सक्नेछन् ? यस मामिलामा उनले 'हटाउने हो' वा 'होइन' भने पनि दुवै निर्णयले उनको राजनीतिक करिअरमा दीर्घकालीन असर पार्नेछ, किनभने यसले भारतीय राजनीतिमा गहिरो कम्पन ल्याउनेछ। इतिहास हेर्दा विश्वभरका लोकप्रियतावादी नेता तब ढल्ने गरेका छन्, जब उनीहरूले आफ्ना रणनीतिक क्षमताको अत्यधिक मूल्यांकन गर्दै एकैचोटि धेरै मोर्चा खोल्छन्। उसो त भाजपाले भने उनलाई प्रधानमन्त्री बनेको एघार वर्षको अवसरमा सधैँझैँ महिमामण्डन गरिरहेको छ, तर मोदीको तेस्रो कार्यकालका बाँकी चार वर्ष अब उनको नेतृत्वको सबैभन्दा कठिन परीक्षा बन्नेछ।

(अजोय द वायरका राजनीतिक मामिलाका सम्पादक हुन्)
द वायरबाट

इरानी आणविक संयन्त्रमाथि इजरायली आक्रमण हुने आशंका

मस्कट / संयुक्त राज्य अमेरिका र इरानबिच आइतबार छैटौँ चरणको आणविक वार्ताको आयोजना गर्ने वार्ताको मध्यस्थता गर्दै आएको ओमानले जानकारी दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी कर्मचारीलाई सम्भावित 'खतरा'बाट बचाउन इराक र केही स्थान सुरक्षित सारिएको बताएको केही घण्टापछि ओमानले यो घोषणा गरेको हो। इजरायलले इरानी आणविक संयन्त्रमाथि आक्रमण गर्न सक्ने अनुमानका बिच अमेरिकाले आफ्ना गैरअत्यावश्यक काममा रहेका कर्मचारीलाई सुरक्षित स्थानमा सार्न थालेको छ। इजरायली आक्रमणका लागि अमेरिकाले पनि स्वीकृति दिएको अमेरिकी मिडियाले लेखेका छन्। इरानलाई आणविक बम राख्न नदिने ट्रम्पले जोड दिएका छन्।

बुधबार इरानले आफूमाथि आक्रमण गरिए यस भेगका अमेरिकी सैन्य अड्डालाई निसाना बनाउने धम्की दिएको छ।

ट्रम्पले सुरुमा इरानसँगको वार्ताप्रति आशा व्यक्त गर्दै आएकोमा बुधबार प्रकाशित एक अन्तर्वार्तामा सम्झौता हुनेमा 'न्युन विश्वस्त' भएको बताएका थिए। जनवरीमा पदमा फर्किएपछि ट्रम्पले इरानसँगको आणविक वार्ता सुरु गर्दै वार्ता असफल भएमा सैन्य कारबाहीको चेतावनी दिएका थिए। उनले तेहरानमाथि आफ्नो 'अधिकतम दबाब' अभियान पुनः सुरु गरेपछि वार्ताको प्रस्ताव राखेका थिए। अमेरिकी राष्ट्रपति ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई वार्ताको मौका दिन इरानको आणविक सुविधाहरूमाथि प्रहार गर्नबाट रोकेको दाबी गरेका थिए। तर, ट्रम्पले अहिले धैर्य गुमाउँदै गरेको संकेत दिएका छन्।

'इरानसँगको छैटौँ चरणको अमेरिकी वार्ता यस आइतबार मस्कटमा हुने कुरा पुष्टि गर्न पाउँदा म खुसी छु,' ओमनी विदेशमन्त्री बद्र अलबुसाइदीले एक्समा एक पोस्टमा गर्दै जानकारी दिए।

इतिहासमा आज जुन १३



सन् १९७१ : 'द न्युयोर्क टाइम्स'ले भियतनाम युद्धसम्बन्धी गोप्य दस्तावेज सम्मिलित 'पेन्टागन पेपर्स'को प्रकाशन सुरु गर्‍यो।

सन् १८६६ : अमेरिकी संसद्को तल्लो सदनले संविधानको १४औँ संशोधन पारित गर्‍यो। पूर्वदासदासीलाई समाजमा जोड्न गरिएको यस संशोधनले तिनको अधिकार र स्वतन्त्रतालाई विस्तार गर्‍यो।

सन् १८७८ : रुस-टर्की युद्ध (१८७७-७८)पछि बाल्कन क्षेत्रको भूमिबारे निर्णय गर्न युरोपका प्रमुख शक्तिको सहभागितामा बर्लिन सम्मेलन (कंग्रेस) सुरु भयो।

सन् १९२२ : विश्वमा सबैभन्दा लामो समय बाडुली लागेका व्यक्ति चार्ल्स ओसवर्नलाई आजबाटै बाडुली सुरु भएको थियो।

सन् २००० : दुई कोरियाबिचको पहिलो शिखर सम्मेलनमा भाग लिन दक्षिण कोरियन राष्ट्रपति किम दाय-जुङ उत्तर कोरियाको राजधानी प्योङ्याङ पुगे। शिखर सम्मेलनमार्फत कोरियाली प्रायद्वीपको तनाव कम गर्ने प्रयास सुरु गरेकोमा किम दाय-जुङलाई सो वर्षको नोबेल शान्ति पुरस्कार प्रदान गरियो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: अर्जुन प्रसाद पुडासैनी** स्थायी ठेगाना: मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: मकवानपुर जिल्ला, भिमफेदी गा.पा. वडा नं. ५, बाबु: टेकनाथ पुडासैनी, बाजे: गोपीलाल पुडासैनी **धितोको विवरण** १) गोपीलालको नाति, टेकनाथको छोरा, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स. वडा नं. ७बस्ने अर्जुन प्रसाद पुडासैनीको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स. वडा नं. ८ (हाल भिमफेदी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २१५ को क्षेत्रफल ९-१-०-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) टेकनाथ सापकोटा की छोरी, टेकनाथ पुडासैनीकी बुहारी, अर्जुन प्रसाद पुडासैनीकी पत्नी, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स. वडा नं. ७ बस्ने पम्फा पुडासैनीको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स. वडा नं. ७ (हाल भिमफेदी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २०८ को क्षेत्रफल २-१५-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२)	**ऋणी: सौराज तामाङ्ग** स्थायी ठेगाना: मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३, बाबु: ईन्द्रलाल तामाङ्ग, बाजे: बाबुलाल तामाङ्ग **धितोको विवरण** १) बाबुलालको नाती, ईन्द्रलाल तामाङ्गको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ बस्ने धन राज तामाङ्गको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित किता नं. ८२७३ को क्षेत्रफल ०-०-१२.५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) ईन्द्र बहादुर लोप्चनकी छोरी, बाबुलाल तामाङ्गकी बुहारी, ईन्द्र लाल तामाङ्गकी पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ बस्ने माया तामाङ्को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित किता नं. ५८०४ को क्षेत्रफल ०-२-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३)	**१)ऋणी फर्म:ईन्द्रेणी पोल्ट्री फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: चैतराम चौधरी (थारु) दर्ता नं.:घरेलु तथा साना उद्योग कार्यालय प्रा.फ.नं.घ.उ.का. ५४९६/०७२ मिति २०७२/०१/२२, ठेगाना: जिल्ला कपिलवस्तु, हरिहरपुर गा.वि.स. वडा नं. १ **धितोको विवरण** १) उविराम थारुको नाती, रामफेरु थारुको छोरा,कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बस्ने चैतराम चौधरी थारुको नाममा मालपोत कार्यालय कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. २ (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १५२१ को क्षेत्रफल ०-१-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) ईन्द्रेणी पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **२)ऋणी:चैतराम चौधरी (थारु)** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८, बाबु: रामफेरु थारु (चौधरी), बाजे: उविराम थारु **जमानीकर्ता: कलावती थारु,** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: कपिलवस्तु जिल्ला, बुद्ध भूमि न.पा. वडा नं. ८, बाबु: मोहरा थारु, ससुरा: राम फेरु थारु (चौधरी), पति: चैतराम चौधरी (थारु)
४)	**ऋणी फर्म: एन. बि. स्टोर्स,** प्रोप्राईटर तथा जमानी कर्ता: निरज विश्वकर्मा दर्ता नं.:घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा, प्राइभेट फर्म दर्ता: १०८८-८-२०७९/८०,मिति २०८०/०१/१९ ठेगाना: जिल्ला रुपन्देही, तिलोत्तमा न.पा वडा नं ७ **धितोको विवरण** १) नर बहादुर विश्वकर्माको नाति,हर्ष बहादुर विश्वकर्माको छोरा,रुपन्देही जिल्ला, सुद्धोधन गा.पा. वडा नं. २ बस्ने निरज विश्वकर्माको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (ब.सू.प.) जिल्ला, रामग्राम न.पा. वडा नं ११ स्थित कित्ता नं. ११८ को क्षेत्रफल १३५.०० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) एन.बि.स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables)उपर हाइपोथिकेशन सुरक्षण।
५)	**ऋणी फर्म: जय श्री राम इलेक्ट्रीकल्स एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: श्रीलाल प्रसाद कुशवाहा दर्ता नं.: वाणिज्य वभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३४३२२/०७३/०७४, दर्ता मिति: २०७३/०४/३०, ठेगाना: जिल्ला पर्सा, वीरगंज उ.म.न.पा वडा नं. २७ **धितोको विवरण** १) हृदय नारायण साहकी छोरी, किशान महतोकी बुहारी, श्रीलाल प्रसाद कुशवाहाकी पत्नि, पर्सा जिल्ला, गम्हरिया गा.वि.स. वडा नं. ६ बस्ने रितु कुमारी साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बागवन्ना गा.वि.स. वडा नं. ६ (हाल पर्सागढी न.पा. वडा नं. २) स्थित किता नं. ११ को क्षेत्रफल ०-७-०-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जय श्री राम इलेक्ट्रीकल्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी फर्म: कुशवाहा एण्ड पाण्डे हार्डवेयर,** साझेदार तथा जमानीकर्ताहरु: १) रामेश्वर महतो, २) कविता तिमल्सिना दर्ता नं.: वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा सा.फ.र.नं: १०२२३/०७७/७८, दर्ता मिति: २०७७/०९/२९, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ७ **धितोको विवरण** १) लछन देव महतोको नाति, महिन्द्र महतोको छोरा, बारा जिल्ला, भवानीपुर, जीतपुर गा.वि.स वडा नं. ९ बस्ने प्रेमचन्द्र महतो कोईरीको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, रामपुर टो. गा.वि.स. वडा नं. ६ क (हाल जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ५२ र ५४ को क्षेत्रफल क्रमश: ०-६-१० र ०-३-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लछन देव महतो कोईरीको नाति, महेन्द्र महतो कोईरीको छोरा, बारा जिल्ला, जीतपुर गा.वि.स वडा नं. ९ बस्ने राजेश्वर महतो कोईरीको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, रामपुर टो. गा.वि.स. वडा नं. ५ क (हाल जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २०) स्थित किता नं. ६२ को क्षेत्रफल ०-१०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) लछन देव महतोको नाति, महिन्द्र महतोको छोरा, बारा जिल्ला, भवानीपुर, जीतपुर गा.वि.स वडा नं. ९ बस्ने रामेश्वर महतोको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, रामपुर टो. गा.वि.स. वडा नं. ५ क (हाल जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २०) स्थित किता नं. ५६ को क्षेत्रफल ०-१०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) कुशवाहा एण्ड पाण्डे हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **२) ऋणी फर्म: श्री लक्ष्मी इन्टरनेशनल,** प्रोप्राईटर तथा जमानीकर्ता: गणेश कुमार पाण्डे दर्ता नं.: वाणिज्य विभाग, उद्योग विकास शाखा, कलैया (बारा)मा प्रा.फ.र.नं. ३७१८/०७१/७२, दर्ता मिति: २०७२/०१/०७, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ७ **धितोको विवरण** १) खो बहादुर विष्टकी छोरी, तारानाथ पाण्डेकी बुहारी, दिलिप कुमार पाण्डेकी पत्नि, बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ बस्ने सुन्तला कुमारी पाण्डेको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६ (हाल निजगढ न.पा.वडा नं. ६), स्थित किता नं. १२७, ९५५ र १५९० को क्षेत्रफल क्रमश: ०-९-१९, ०-३-१५ र ०-१-५ (विगाहा) को जग्गा र किता नं. १५९१ को क्षेत्रफल ०-४-० (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) श्री लक्ष्मी इन्टरनेशनलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **३) ऋणी: गणेश कुमार पाण्डे** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५, हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९, बाबु: दिलिप कुमार पाण्डे, बाजे: तारानाथ पाण्डे **धितोको विवरण** तारानाथ पाण्डेको नाति, दिलिप कुमार पाण्डेको छोरा, बारा जिल्ला, निजगढ गा.वि.स वडा नं. ५ बस्ने गणेश कुमार पाण्डेको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ९क (हाल निजगढ न.पा.वडा नं. ९), स्थित किता नं. ५८८, ५९० र ६१५ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-३-० र ०-०-२-० (विगाह)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
७)	**ऋणी फर्म: कृष्ण एकिकृत कृषि फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: राम भुवन महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान सिराहामा प्रा.फ.न.घ.उ.सि. १२६९४/०७७/०७८, दर्ता मिति: २०७८/०१/१२, ठेगाना: जिल्ला सिरहा, धनगढीमाइ नं.पा वडा नं ७ **धितोको विवरण** १) झुलन महतोको नाती,देव नारायण महतोको छोरा सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं ५ बस्ने राम भुवन महतो को नाममा मालपोत कार्यालय लाहान सिराहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, चैनपुर गा.वि.स. वडा नं १ (हाल धनगढीमाई.न.पा वडा नं. ९) स्थित किता नं. ६९२, ३०९ र ६९१ को क्षेत्रफल क्रमश: ०-३-१०-०, ०-५-१५-० र ०-२-५-० (विगाहा) को जग्गा तथा सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं ६ (हाल धनगढीमाई. न.पा वडा नं. ८) स्थित किता नं. ६०४ को क्षेत्रफल ०-५-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कृष्ण एकिकृत कृषि फार्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**१) ऋणी फर्म: कञ्चन वेद कर्नर एण्ड हाम्रो सस्तो पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: सोम वहादुर दमाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ४८२५/०७४/०७५, दर्ता मिति: २०७५/०१/१०, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा. वडा नं. ५ **२) ऋणी: सोम बहादुर दमाई** स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई, बाजे: मछिन्द्रे दमाई **धितोको विवरण** १) चिन बहादुर सुचिकारकी छोरी, आइत बहादुरकी बुहारी, सोम वहादुरकी पत्नि, तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८ बस्ने कमला परियारको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ४ झ स्थित किता नं. ७१ को क्षेत्रफल ०-३-२-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कञ्चन वेद कर्नर एण्ड हाम्रो सस्तो पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **३) ऋणी: कमला परियार** स्थायी ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ४, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: चिन बहादुर सुचिकार, ससुरा: आइते दमाई, पति: सोम वहादुर दमाई **जमानीकर्ताहरु: १) सोम बहादुर दमाई,** स्थायी ठेगाना: तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा. वडा नं. ५, बाबु: आइते दमाई, बाजे: मछिन्द्रे दमाई, **२) कञ्चन परियार,** ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ५, बाबु: सोम वहादुर दमाई, बाजे: आइते दमाई
९)	**१) ऋणी: पुर्ण वहादुर कायस्थ** स्थायी ठेगाना: तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ६, बाबु: एक नारायण कायस्थ, बाजे: कर्ण बहादुर कायस्थ **धितोको विवरण** कर्ण बहादुरको नाती, एक नारायणको छोरा, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५ बस्ने पुर्ण वहादुर कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ४च स्थित किता नं. २३२९ को क्षेत्रफल ०-२-०-३ (रोपनी) घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । **२) ऋणी: सुक्रता कायस्थ** स्थायी ठेगाना: तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ६, बाबु: चन्द्र बहादुर मल्ल, ससुरा: एक नारायण कायस्थ, पति: पुर्ण वहादुर कायस्थ **धितोको विवरण** कर्ण बहादुरकी बुहारी, एक नारायणकी पत्नी, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५ बस्ने विष्णु माया कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ५क स्थित किता नं. ८५४ को क्षेत्रफल ०-२-३-१ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । **३) ऋणी फर्म: कायस्थ स्टोर्स,** प्रोप्राईटर तथा जमानीकता: पूर्ण वहादुर कायस्थ दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ७३४८२/०६२/०६३, दर्ता मिति: २०६२/१०/१४, ठेगाना: जिल्ला तनहुँ, खैरेनीटार गा.वि.स. वडा नं. ८ **धितोको विवरण** १) कर्ण बहादुरको नाती, एक नारायणको छोरा, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५बस्ने पुर्ण वहादुर कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ४च स्थित किता नं. २३२९ को क्षेत्रफल ०-२-०-३ (रोपनी) घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कर्ण बहादुरकी बुहारी, एक नारायणकी पत्नी, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५ बस्ने विष्णु माया कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ५क स्थित किता नं. ८५४ को क्षेत्रफल ०-२-३-१ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) कायस्थ स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **४) ऋणी फर्म: प्रशुन शु सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: विष्णु माया कायास्थ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय दमौली, तनहुँमा प्रा.फ.र.नं. ८३०७/०७७/०७८, दर्ता मिति: २०७७/१०/१५, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा. वडा नं. ६ **धितोको विवरण** १) चन्द्र बहादुर मल्लकी छोरी, एक नारायणकी बुहारी, पुर्ण वहादुर कायस्थकी पत्नि, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५ बस्ने सुक्रता कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ३/३प स्थित किता नं. ७० को क्षेत्रफल १-१३-०-३ (रोपनी) जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कर्ण बहादुरको नाती, एक नारायणको छोरा, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५ बस्ने पुर्ण वहादुर कायस्थको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङ्गा गा.वि.स. वडा नं. ४ स्थित किता नं. २३२९ को क्षेत्रफल ०-२-०-३ (रोपनी) घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) प्रशुन शु सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **कर्जाको किसिम: बिना धितो कर्जा** **५) ऋणी: जोशिला थापा** स्थायी ठेगाना: तनहुँ जिल्ला, खैरेनीटार गा.वि.स. वडा नं. ९, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ७, बाबु: होम बहादुर थापा, ससुरा: धन बहादुर थापा, पति: चितरंजन थापा **जमानीकर्ताहरु: १) सौरभ थापा,** स्थायी ठेगाना: तनहुँ जिल्ला, खैरेनीटार गा.वि.स. वडा नं. ९, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ७, बाबु: चितरंजन थापा, बाजे: धन बहादुर थापा, **२) पुर्ण वहादुर कायस्थ,** स्थायी ठेगाना: तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ५, हालको ठेगाना: तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ६, बाबु: एक नारायण कायस्थ, बाजे: कर्ण बहादुर कायस्थ
१०)	**१) ऋणी फर्म: होटल अन्तरा,** प्रोप्राईटर तथा जमानीकर्ता: शुसासन सेन ठकुरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सू.पू.) मा उ./प्रा.फ. दर्ता नं. २८४१/०७८/०७९, दर्ता मिति: २०७८/१२/०८, ठेगाना: जिल्ला नवलपरासी (ब.सू.पू.), देवचुली न.पा. वडा नं. १७ **धितोको विवरण** १) चित्र बहादुरको नाती, भीम बहादुर सेन ठकुरी छोरा, नवलपरासी जिल्ला, नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ३ बस्ने मीन बहादुर सेन ठकुरीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (ब.सु.पु.) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. ४/ख स्थित किता नं. ४०८ को क्षेत्रफल ०-५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) होटल अन्तराको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
११)	**ऋणी: मनिदेवी मण्डल** स्थायी ठेगाना: मोरङ जिल्ला, रंगोली गा.वि.स. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, रंगोली गा.बि.स वडा नं. ६, बाबु: कुलानन्द मण्डल, ससुरा: उदित नारायण मण्डल पति: अरुण प्रसाद मण्डल **धितोको विवरण** कुलानन्द मण्डलकी छोरी, उदित नारायण मण्डलकी बुहारी, अरुण प्रसाद मण्डलकी पत्नि, मोरङ जिल्ला, रंगोली गा.वि.स. वडा नं. ७ बस्ने मनिदेवी मण्डलको नाममा मालपोत कार्यालय रंगोली, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, रंगोली गा.वि.स. वडा नं. ७ स्थित किता नं. ४६३, ४६५, ५४ र ५२ को क्षेत्रफल क्रमश: ५१०.००, २२२.६४, १५३.०० र ५२०.०० (ब.मी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

आगामी बजेटको अन्तिम तयारीमा प्रदेशहरू
कस्तो छ अहिलेसम्मको खर्च अवस्था ?

आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट सार्वजनिक गर्न सातै प्रदेश अन्तिम तयारीमा छन् । १ असारमा प्रदेशको आन्तरिक स्रोत र संघबाट प्राप्त हुने ऋण र अनुदानका आधारमा प्रदेशले बजेट सार्वजनिक गर्ने गरेका छन् । संघीय बजेट प्रणालीमा जस्तै प्रदेशमा पनि लक्ष्यअनुसार राजस्व संकलन नगर्ने र विकास खर्च गर्न नसक्ने रोग भने कायम छ । सातै प्रदेशको हालसम्म औसत बजेट खर्च ५० प्रतिशत पनि पुगेको छैन ।

धनगढीमा **तेजराज भट्ट**, सुर्खेतमा **रमेश रावल**, बुटवलमा **विष्णुप्रसाद घिमिरे**, मकवानपुरमा **पोष्टराज अधिकारी**, कास्कीमा **रोहितराज पराजुली**, विराटनगरमा **गणेश लम्साल र** जनकपुरमा **हदिश खुदार**

■ सुदूरपश्चिमको १८.७५ अर्ब पुँजीगत बजेटमा ३२.६०% खर्च

सुदूरपश्चिम प्रदेश सरकारले पुँजीगत खर्च ३२.६० प्रतिशत मात्र गर्न सकेको छ । पुँजीगततर्फको १८ अर्ब ७५ करोड ५९ लाख बजेट छुट्याएकामा ६ अर्ब ११ करोड निकासा भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । त्यस्तै, चालूतर्फ १२ अर्ब ७७ करोडमा ५२.२५ प्रतिशत खर्च भएको छ । प्रदेशको कुल खर्च भने ५६.९१ प्रतिशत छ । गत आर्थिक वर्षको जेठ मसान्तसम्म सरकारको पुँजीगत खर्च ४१.७३ प्रतिशत र चालू खर्च ४९.१५ प्रतिशत थियो ।

प्रदेश सरकारले ल्याएका योजना कार्यान्वयन हुन नसक्दा बजेट खर्च न्यून देखिएको हो । आर्थिक वर्ष सुरु भएको करिब दुई महिनापछि बजेट आएकाले पनि खर्च कम देखिएको प्रदेश लेखा नियन्त्रक वासुदेव जोशीले बताए । 'बजेट ढिलो आयो, योजना कार्यान्वयन हुन नसक्दा खर्च कम भएको देखिन्छ,' उनले भने । वैशाख मसान्तसम्म पुँजीगत खर्च २३.९५ प्रतिशत मात्र थियो । सरकारले यस वर्ष एक अर्ब ५० करोड राजस्व संकलनको लक्ष्य लिएको थियो । हालसम्म करिब एक अर्ब ३२ करोड रुपैयाँ राजस्व संकलन भएको प्रदेश लेखा नियन्त्रक जोशीले जानकारी दिए । उनले असार मसान्तसम्म राजस्व संकलन लक्ष्यनजिक पुग्ने अनुमान रहेको बताए ।

आर्थिक मामिला राज्यमन्त्री प्रकाशबहादुर बमले बजेट ढिलो आउनु, योजना संख्या बढी हुनु र धेरै योजना एउटै शीर्षकमा राखिनुले बजेट कार्यान्वयनमा समस्या भएको बताए । सरकारले यस वर्ष ६-७ वटासम्म योजनालाई सँगै जोडेर बजेट विनियोजन गरेको थियो । 'त्यस्ता योजना टुक्र्याएर कार्यान्वयनमा लैजान समस्या भयो,' बमले भने, 'कार्यान्वयन गर्ने जनशक्तिले धान्न नसक्ने गरी योजना संख्या पनि धेरै भयो ।' चालू वर्षको बजेटमा करिब १८ हजार योजना समेटिएका उनले जानकारी दिए ।


■ कर्णालीको ३१.४१ अर्ब बजेटमा ११.०८ अर्ब खर्च

चालू आर्थिक वर्ष ०८१/८२ को जेठसम्म कर्णाली प्रदेशको खर्च प्रगति ३५.२८ प्रतिशत अर्थात् ११ अर्ब आठ करोड १७ लाख ८५ हजार भएको छ । कर्णालीले चालू आवमा ३१ अर्ब ४१ करोड ४१ हजारको बजेट कार्यान्वयन गरिरहेको छ । प्रदेशको खर्च प्रगति ३५ प्रतिशत हाराहारी भएको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका सूचना अधिकारी एवं वरिष्ठ लेखा अधिकृत दीपेन्द्र मगरातीले बताए ।

प्रदेशले चालू आवमा प्रशासनिक खर्चतर्फ सात अर्ब ५७ करोड, पुँजीगततर्फ १८ अर्ब ७५ करोड, वित्तीय व्यवस्थातर्फ २५ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि चार अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरेको छ । यो अवधिमा सबैभन्दा बढी खर्च गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयले १० करोड २६ लाख ५५ (५८.५४ प्रतिशत) खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ । त्यसपछि सामाजिक विकास मन्त्रालयको खर्च दुई अर्ब ५४ करोड ८८ (४४.५६ प्रतिशत) रहेको छ । त्यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ३६.५३ प्रतिशत, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको ३२.०६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ३६.८७ प्रतिशत खर्च भएको छ । विकास बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट खर्च ३० प्रतिशत छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ३६.१२ प्रतिशत खर्च गरेको छ ।

■ बागमतीको खर्च ५० प्रतिशत पनि पुगेन

चालू आर्थिक वर्ष सकिन करिब एक महिना मात्रै बाँकी हुँदा बागमती प्रदेश सरकारले बजेट खर्च ५० प्रतिशत पनि पुऱ्याउन सकेको छैन । प्रदेश महालेखा नियन्त्रक कार्यालय हेटौंडाका अनुसार १५ जेठसम्म बागमतीले २८ अर्ब ४८ करोड खर्च गरेको छ । यो विनियोजित कुल ६४ अर्ब ५४ करोडको ४४.१३ प्रतिशत हो । प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार साढे १० महिनामा पुँजीगत खर्च १५ अर्ब नौ करोड (४०.५३ प्रतिशत), चालूतर्फ १३ अर्ब ३९ करोड (५१.९१ प्रतिशत) खर्च गरेको छ । प्रदेश सरकारको १५ जेठसम्म आम्दानी पनि निराशाजनक देखिएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड आम्दानी गर्ने लक्ष्य राखेको छ । तर, समीक्षा अवधिमा ७९.६८ प्रतिशत अर्थात् ५१ अर्ब आठ करोड मात्रै आम्दानी गर्न सकेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले अधिकांश योजना आर्थिक वर्षको अन्त्यतिर मात्र कार्यान्वयनमा जाने प्रवृत्तिका कारण पुँजीगत खर्चमा ढिलाइ हुने गरेको बताए ।



■ लुम्बिनीमा खर्चसँगै राजस्व पनि कमजोर

चालू आवको साढे १० महिनामा लुम्बिनी प्रदेशको खर्च र राजस्व संकलन कमजोर देखिएको छ । २४ जेठसम्ममा लुम्बिनीले एक अर्ब ६७ करोड ८८ लाख आन्तरिक राजस्व संकलन गरेको छ । यो कुल लक्ष्यको ३५ दशमलव ६३ प्रतिशत मात्रै हो ।

आर्थिक वर्ष ०८१/८२ मा लुम्बिनीले कुल ३८ अर्ब ९७ करोडको राजस्वको परिचालनको लक्ष्य राखेको थियो । तर, २४ जेठसम्म २७ अर्ब ३७ करोड तीन लाख ९९ हजार (७०.२३ प्रतिशत) राजस्व संकलन भएको प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका सूचना अधिकारी वरिष्ठ लेखा नियन्त्रक रवीन्द्र अर्यालले जानकारी दिए । लुम्बिनीमा ११ महिना सकिनै लाग्दा ५४ दशमलव ७७ प्रतिशत मात्रै बजेट खर्च भएको छ । २४



जेठसम्ममा पुँजीगततर्फ जम्मा ५५ दशमलव ४२ प्रतिशत र चालूतर्फ ५३ दशमलव ६५ प्रतिशत बजेट खर्च भएको छ । लुम्बिनी प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको बजेट रहेको छ । प्रदेशले पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख, चालूतर्फ १४ अर्ब ३८ करोड ४१ बजेट छुट्याएको थियो ।

■ गण्डकीको ३२.९७ अर्बको बजेटमा ४६.७० प्रतिशत खर्च

गण्डकी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८१/८२ को ११ महिना सकिन लाग्दा ५० प्रतिशत पनि बजेट खर्च गर्न सकेको छैन । गण्डकीले चालू आवका लागि ३२ अर्ब ९७ करोड ८५ लाखको बजेट ल्याएकोमा १५ अर्ब ४० करोड (४६.७० प्रतिशत) मात्रै खर्च गर्न सकेको हो ।

यस अवधिमा गण्डकीले नौ अर्ब २५ करोड २६ लाख पुँजीगत खर्च गरेको छ । यो विनियोजित पुँजीगत बजेट १९ अर्ब ५३ करोडको ४७.३६ प्रतिशत हो । त्यस्तै, चालूतर्फ ६ अर्ब १५ करोड (४६.८३ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ ३० करोड विनियोजन गरिएको भए पनि खर्च नभएको प्रदेश लेखा नियन्त्रण कार्यालय गण्डकीका सूचना अधिकारी सुदीप गौतमले जानकारी दिए । आन्तरिक आयतर्फ गण्डकीले पाँच अर्ब १७ करोड संकलन गर्ने लक्ष्य लिएकामा तीन अर्ब २९ करोड ९१ लाख संकलन गरेको गौतमले जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले प्रचारमुखी योजना र कार्यक्रमका कारण बजेट खर्चमा समस्या भएको बताए । गण्डकी प्रदेशका अर्थमन्त्री डा. टंकराज गुरुङले बहुवर्षे योजना धेरै रहेकाले बजेट खर्च केही कम भएको बताए । 'पूर्वतयारीविना गरिने विनियोजनका कारण पनि खर्च कम भएको हो,' उनले भने, 'विकास बजेट खर्चका लागि केही अप्ठ्यारा पनि छन्, तिनको समाधानका लागि मन्त्रालयले काम गरिरहेको छ । टेन्डर प्रक्रिया समयमै गरेर काम समयमै कसरी सक्न सकिन्छ ? त्यसतर्फ ध्यान दिएर अघि बढेका छौं ।'

■ कोशीको चालू खर्च औसत, पुँजीगत खर्च न्यून

कोशी प्रदेश सरकारले चालू आवको साढे दश महिनामा कुल विनियोजनमध्ये ५२.३२ प्रतिशत बजेट खर्च गर्न सकेको छ । कोशीले चालू आवका लागि ल्याएको कुल ३५ अर्ब २७ रोड ९३ लाख बजेटमध्ये १७ जेठसम्म १८ अर्ब ४५ करोड ९३ लाख मात्रै खर्च गर्न सकेको हो ।

समीक्षा अवधिमा कोशीको चालू खर्च औसत भए पनि पुँजीगत खर्च न्यून देखिएको छ । यस अवधिमा कोशीले १० अर्ब ८० करोड ९५ लाख चालू खर्च गरेको छ । जुन चालूतर्फ विनियोजित कुल १७ अर्ब ९० करोड १० लाखको ६० दशमलव ३९ प्रतिशत हो । त्यस्तै, पुँजीगततर्फ ७ अर्ब ६४ करोड ९८ लाख रुपैयाँ खर्च भएको छ । जुन पुँजीगततर्फ विनियोजित १७ अर्ब ३५ करोड ८२ लाखको ४४.७ प्रतिशत मात्रै हो । वित्तीयतर्फ करोड विनियोजन गरिएकोमा हालसम्म खर्च भएको छैन ।

जम्मा आम्दानी २७ अर्ब साढे ८१ करोड

चालू आवको १७ जेठसम्ममा कोशीको कुल आम्दानी २७ अर्ब ८१ करोड ५३ लाख रहेको छ । जसमा घरजग्गातर्फ एक अर्ब ३७ करोड ३१ लाख, बाँडफाँटबाट प्राप्त मूल्य अभिवृद्धि करतर्फ ६ अर्ब २४ करोड र अन्तःशुल्कतर्फ दुई अर्ब १४ करोड राजस्व असुली गरेको छ । यसैगरी, सवारी करतर्फ एक अर्ब ४१ करोड, मनोरञ्जन करतर्फ २९ लाख, विज्ञापन करतर्फ ५८ लाख ५४ हजार र व्यवसायी भुक्तानी कर ३१ हजार रुपैयाँ राजस्व असुली गरेको छ ।

■ मधेशमा अपेक्षाअनुसार भएन बजेट खर्च

चालू आर्थिक वर्ष ०८१/८२ सकिन एक महिना मात्रै बाँकी छँदा मधेश प्रदेशको बजेट खर्चको अवस्था निराशाजनक छ । २४ जेठसम्मको तथ्यांकअनुसार प्रदेशले ल्याएको ४३ अर्ब ८९ करोड २१ लाखको बजेटमध्ये २० प्रतिशत मात्रै खर्च भएको छ । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार चालूतर्फ ३४.६१ प्रतिशत र पुँजीगततर्फ १३.६४ प्रतिशत मात्रै खर्च भएको छ ।

मधेशका अर्थमन्त्री सुनीलकुमार यादवले धेरै योजनाको काम अन्तिम चरणमा रहे पनि रकम निकासा नहुँदा विकास खर्च कम देखिएको बताए । अपेक्षाअनुसार बजेट खर्च नभएको स्वीकार गर्दै उनले भने, 'बजेट बनाउने वेलामा हामी थिएनौं । बजेट वक्तव्यमा केही कमिकजोरी थियो । त्यसलाई सच्याउन संकल्प प्रस्ताव पारित भएपछि मात्रै विकास निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । अब खर्च ह्वात्तै बढ्छ ।'

राजस्व संकलनमा पनि निराशा

मधेशले आर्थिक वर्ष ०८१/८२ को ११ महिनामा वार्षिक राजस्व लक्ष्यको ४५ प्रतिशत मात्रै संकलन गरेको छ । अर्थ मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा राजस्वबाट प्रदेश सरकारले नौ अर्ब ७३ करोड आम्दनी गर्ने लक्ष्य लिएकोमा २४ जेठसम्म चार अर्ब ११ करोड ७५ लाख (४५.३८ प्रतिशत) मात्रै राजस्व संकलन भएको छ । मधेश प्रदेशको नीति तथा योजना आयोगका पूर्वसदस्य तथा अर्थविज्ञ डा. सुरेन्द्रकुमार झाले मधेश प्रदेशले स्थापना भएयता हालसम्म कुनै आर्थिक वर्षमा ५० प्रतिशतभन्दा धेरै बजेट खर्च गर्न नसकेको बताए ।

सुनचाँदी व्यवसायी आन्दोलनमा
सुनमा लगाइएको विलासिताको कर र हिरा-पत्थरमा भ्याट हटाउनुपर्ने मुख्य माग



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

नयाँ पत्रिका

सुनमा लगाइएको २ प्रतिशत विलासिता कर र हिरा-पत्थरमा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै देशभरका सुनचाँदी व्यवसायीहरू आन्दोलनमा उत्रिएका छन् । नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त आह्वानमा व्यवसायीहरू बिहीबारदेखि आन्दोलनमा उत्रिएका हुन् । यसमा जिल्लास्थित सुनचाँदी व्यवसायीका संघसंस्थाले पनि ऐक्यबद्धता जनाएका छन् ।

बिहीबार काठमाडौं, पोखरा, बुटवललगायतका बजारमा व्यवसायीले पसल नै बन्द गरेर आन्दोलन गरेका छन् । व्यवसायीहरूले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबार पनि पसल बन्द गरेर आन्दोलन गर्ने व्यवसायीहरूको तयारी छ ।

सुनमा लगाइएको २ प्रतिशत विलासिता कर र बहूमूल्य हिरा पत्थरमा १३ प्रतिशत भ्याट खारेज गर्नुपर्ने उनीहरूको माग छ । यसैगरी सुनमा लगाइएको भन्सार दर पनि १० प्रतिशतबाट घटाएर ६ प्रतिशतमा झार्नुपर्ने उनीहरूको माग छ । यसैगरी सुनचाँदीको कारोबारका लागि प्रस्ट नीति-नियमावली निर्माण गर्नुपर्ने व्यवसायीले माग गरेका छन् । उपभोक्ता, कर्मचारी, कालीगड तथा व्यवसायीमैत्री ऐन जारी गर्नुपर्ने पनि व्यवसायीको माग छ ।

यसअघि १० लाख रुपैयाँभन्दा माथिको सुनको कारोबारमा २ प्रतिशत विलासिताको कर लगाउने व्यवस्था थियो । सरकारले हालै ल्याएको आगामी आवको बजेटबाट भने सबै रकममा गरिने सुनको कारोबारमा २ प्रतिशत विलासिताको कर लगाउने व्यवस्था गरिएको छ । यस्तै, पहिला बहुमूल्य हिरा-पत्थरमा १३ प्रतिशत भ्याट लाग्ने थिएन । आगामी आवको बजेटमार्फत यसमा भ्याट लगाउने व्यवस्था गरिएको छ । यसले उपभोक्ता मर्कामा परेको व्यवसायीको भनाइ छ ।

नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनारले सरकारको यो नीतिले उपभोक्ता मर्कामा पर्ने बताए । साथै, व्यवसायी, कालीगड र कर्मचारीलाई प्रत्यक्ष असर पुग्ने उनको भनाइ छ । सुनमा भारतसरह भन्सार लगाउनुपर्ने उनको भनाइ छ । 'अहिले भारतमा ६ प्रतिशत भन्सार लाग्छ । नेपाल-भारत खुला सिमाना छ । भारतमा भन्सार कम हुँदा त्यहाँ सुनको मूल्य कम हुन गई नेपालमा अवैध रूपमा भित्रिने जोखिम उच्च छ,' उनले भने, 'तसर्थ, सुनको भन्सार दर ६ प्रतिशत कायम गर्न माग गरेका हौं ।'

सुनचाँदी व्यवसायीले शुक्रबार पनि पसल बन्द गरेर आन्दोलन गर्ने कार्यक्रम छ । त्यसपछि पनि सरकारले माग सम्बोधन नगरेमा असार १ गते काठमाडौंकेन्द्रित प्रदर्शन गर्ने तयारी छ । असार ४ गते देशभरका व्यवसायीलाई काठमाडौंमा भेला भएर संघर्षका कार्यक्रम गर्ने अध्यक्ष सुनारले बताए ।

सेयर बजारमा १०१ दिनयताकै ठुलो कारोबार
१२ अर्ब ६ करोडको कारोबार हुँदा डाबर ग्रुप पावरको मात्रै ८.९ प्रतिशत सेयर किनबेच

काठमाडौं/ सेयर बजारमा सय दिनयताकै ठुलो कारोबार देखिएको छ । १०१ दिनअघि (तीन महिना नौ दिनअघि) २० फागुन ०८१ मा सेयर कारोबार १२ अर्ब ९४ करोड रुपैयाँ थियो । बिहीबार १२ अर्ब ५१ करोड रुपैयाँको कारोबार भएको छ ।

बजारमा अन्य धितोपत्र कारोबारबाहेक सूचीकृत कम्पनीको मात्रै कारोबार १२ अर्ब ६ करोडको भएको नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले जानकारी दिएको छ । दुई करोड ५७ लाख ७२ हजार नौ सय ३७ कित्ता सेयर कारोबार भएको छ ।

कुल कारोबारमा डाबर ग्रुप पावर लिमिटेडको मात्रै एक अर्ब आठ करोडको सेयर कारोबार भएको छ । यो कुल सेयर कारोबारको ८.९५ प्रतिशत हो । सानिमा माई हाइड्रोपावरको ७५ करोड ३८ लाखको कारोबार भएको छ । राधी विद्युत्को ५४ करोड ४१ लाख, युनिभर्सल पावरको ४८ करोड ८८ लाख र बुटवल पावर कम्पनीको ४६ करोड ९० लाखको सेयर कारोबार भएको छ ।

कारोबार बढे पनि नेप्से परिसूचक भने घटेको छ । नेप्से ९.०८ अंक (०.३४ प्रतिशत)ले घटेको हो । बिहीबार परिसूचक २६५५.३८ विन्दुमा पुगेको हो । कारोबारमा आएकामध्ये बैंकिङ, विकास बैंक, लगानी, जीवन बिमा, उत्पादन, लघुवित्त, निर्जीवन बिमा, व्यापार र अन्य समूहको परिसूचक घटेको हो । वित्त, होटेल, जलविद्युत् र सामूहिक लगानी कोष समूहको परिसूचक भने बढेको छ ।

पियोर इनर्जीको सेयर मूल्य ९.९९ प्रतिशतले बढेर सर्किट ब्रेकर लागेको छ । चन्द्रागिरी हिल्सको सेयर मूल्य ६.७८ प्रतिशत, रसुवागढी हाइड्रोपावर कम्पनीको ५.९९ प्रतिशत, तेह्रथुम पावर ५.९९ प्रतिशत र नेपाल फाइनान्सको सेयर मूल्य ४.९७ प्रतिशतले बढेको छ ।

गुराँस लघुवित्तको सेयर मूल्य ९.९ प्रतिशतले घटेको छ । रिभर फल्सको सेयर मूल्य ६.९७ प्रतिशतले घटेको छ । बजार पुँजीकरण ४४ खर्ब २३ अर्ब तीन करोड रुपैयाँ पुगेको छ ।

सात वर्षमा १० करोडको रैथाने उत्पादन बिक्री

जुम्लामा **मानदत्त रावल**

विगतका वर्षमा घरमै थन्किएर बस्ने रैथाने अन्नबाली बिक्री हुन थालेपछि जुम्लाका किसान आत्मनिर्भर हुन थालेका छन् । वस्तु रुपैयाँमा विनिमय हुन थालेपछि आम्दानीसमेत बढेको छ । विगतमा रुपैयाँ नभई सहकारीमा नियमित बचत हुँदैनथ्यो । ऋण गरेर बचत गर्नुपर्ने, किस्ता तिर्नुपर्ने अवस्था थियो । तर, चन्दननाथ सहकारीले रैथाने उत्पादनलाई रुपैयाँमा विनिमय गर्न थालेपछि सहज भएको छ । सहकारी संस्थाले ०७४ फागुन महिनादेखि मिनी मार्केटमार्फत रैथाने वस्तुको लेबलिङ र प्याकेजिङ गरेर बिक्री गर्न थालेको हो ।

०६४ मै अर्गानिक जिल्ला घोषणापछि जुम्लाको उत्पादनलाई रुचाउन थालिएको छ । मिनी मार्केट सञ्चालन भएयता १० करोडभन्दा बढीको अर्गानिक खाद्यवस्तु बिक्री भएको चन्दननाथ सहकारीका व्यवस्थापक ऋषिराम पाण्डेले बताए । उनले भने, 'सहकारीमा २० हजारभन्दा बढी सदस्य छन् । मिनी मार्केटमा सहकारी सदस्यको उत्पादन खरिद गर्छौं । उनीहरूले चाहेमा हातमै पैसा लिन्छन् । आवश्यक नपरे खरिद गरेको वस्तुको रुपैयाँ सदस्यको खातामा बचत हुन्छ । यसरी उत्पादनले बजार र मूल्य पाएपछि सहकारीका सदस्यहरू कृषिमा हौसिएका छन् । अहिले अन्य किसान पनि आफैं वस्तु बिक्री गर्न मिनि मार्केटमा आउँछन् । तर, मागअनुसार अझै पुऱ्याउन सकिएको छैन ।'



मिनी मार्केटबाट प्राप्त विवरणअनुसार ०७६ यताका सात वर्षमा १० करोडबराबरको अर्गानिक वस्तुको बिक्री तथा निर्यात भएको छ । जसमा सबैभन्दा बढी एक करोड ७५ लाख ५० हजार रुपैयाँको आठ हजार मेट्रिकटन सिमी, एक करोड २६ लाखबराबरको दाँते ओखर र ८१ लाखको मार्सी चामल बिक्री भएको छ ।

त्यस्तै, ७२ लाखको स्याउको चाना, ५७ लाख ६० हजारको जिम्बो, २१ लाख ६० हजारको टिमुर, ६० लाख १० हजारको चिनुको चामल, ५७ लाख ५० हजारको कागुनो, ५४ लाखको फापरको पिठो बिक्री भएको छ । साथै, १३ लाख ५० हजारको कोदोको पिठो, १६ लाख २० हजारको अर्गानिक जडीबुटी चिया, १३ लाख ५० हजारको जौको पिठो, १८ लाख ९० हजारको सेतो भट्ट, २४ लाख ५० हजारको गहत, १७ लाख ५० हजारको गुराँस, एक लाख १२ हजारको कला बिक्री भएको मिनी मार्केटले जनाएको छ ।

कृषि विकास कार्यालयका अनुसार ०८१/८२ मा मात्रै ३६ लाख ४८ हजारको ६ सय आठ मेट्रिकटन जुम्ली भेडाबाट बनेको राडीपाखी बिक्री भएको छ । त्यस्तै, तीन सय ८० मेट्रिकटन हिमाली भेडाको ऊनको कोटेपाखो बिक्रीबाट ६८ लाख ४० हजार रुपैयाँ जुम्लामा भित्रिएको छ । भने १२ लाख ३६ हजारको खरायोको टोपी, १३ लाख २० हजारको खसीको मासुसमेत बिक्री भएको छ ।

यसरी जुम्लाबाट बर्सेनि करोडौंको अर्गानिक वस्तु बिक्री भए पनि सरकारले रैथाने बालीको उत्पादन बढाउन ठोस नीति र कार्यक्रम ल्याउन सकेको छैन । प्राकृतिक प्रकोपबाट पीडित किसानले राहत नपाउने, स्याउको सिजनमा बजार मूल्य नपाउने, रोग-किरा लागेमा समयमै उपचार नपाउनेजस्ता समस्या किसानले भोगिरहेको सहकारीका व्यवस्थापक पाण्डे बताउँछन् । हाल सहकारीमार्फत कालीकोट, नाम्म बजार, प्रदेश राजधानी सुर्खेत, संघीय राजधानी काठमाडौंलगायतका स्थानमा समेत अर्गानिक मिनी मार्केट सञ्चालन भएको छ ।

‘ग्लोबल स्काई क्लब कार्ड’मा पहिलो टिकट निःशुल्क

काठमाडौं/ ग्लोबल आइएमई बैंकले यती एयरलाइन्ससँगको सहकार्यमा ‘ग्लोबल स्काई क्लब कार्ड स्किम’ सुरु गरेको छ। उक्त क्लब कार्डमार्फत यती एयरलाइन्सको पहिलोपटक टिकट खरिद गर्दा पूरै रकमबराबर क्यासब्याक पाउनेछन्। त्यसैगरी, कार्डवाहक ग्राहकले यती एयरलाइन्सको कुनै पनि टिकट खरिद गर्दा १० प्रतिशत वा अधिकतम पाँच सय रुपैयाँसम्म छुट पाउन सक्ने कम्पनीले जनाएको छ।



त्यसैगरी, ग्राहकले विमानस्थलमा समेत प्राथमिकता पाउनेछन् भने चेक-इन तथा बोर्डिङ प्रक्रिया छिटो-छरितो गराइने बताइएको छ। कार्डवाहक यात्रुले लगेजमा समेत अधिकतम तौल सीमाभन्दा पाँच किलोग्राम अतिरिक्त सामान बोक्न पाउने सुविधा यती एयरलाइन्समा पाइने भएको छ। बढी तौलको लगेजका साथ यात्रा गर्ने यात्रुलाई यो सुविधा निकै फलदायी हुने बैंकको विश्वास छ।

साथै, नियमित कार्ड प्रयोग गरी कारोबार गर्दा ग्राहक तथा यात्रुले विशेष छुट, बोनस प्वाइन्टलगायतका सुविधा प्राप्त गर्नेछन्। यसले ग्लोबल आइएमई बैंकका ग्राहकलाई सरप्राइज प्याकेजसहित नवीन सुविधाको अनुभव गराउने कम्पनीको विश्वास छ।

बैंकका अनुसार कार्ड जारी गर्ने समयमा ग्राहकले १०० बोनस प्वाइन्ट पाउँछन्। यस्तो बोनस छुट, पुरस्कार वा अन्य सेवा उपयोगमा प्रयोग गर्न सकिनेछ। कार्डका माध्यमबाट पिओएस (प्वाइन्ट अफ सेल) वा ई-कमर्स प्लेटफर्ममा खरिद गर्दा हरेक १०० रुपैयाँबराबर एक माइलेज प्वाइन्ट प्राप्त हुनेछ। यसले डिजिटल कारोबारलाई प्रोत्साहन मात्र गर्नेछैन, साथमा कार्ड प्रयोगकर्तालाई बारम्बार फाइदा लिने अवसरसमेत दिनेछ।

सिटिजन्स बैंकले सुदूरपश्चिममा रोप्यो सय बिरुवा

काठमाडौं/ सिटिजन्स बैंकले बिहीबार सुदूरपश्चिम प्रदेशको धनगढीमा वृक्षारोपण गरेको छ।

बैंकले विश्व वातावरण दिवस २०२५ को अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत धनगढी उपमहानगरपालिका-३ कार्यालय परिसरमा सयभन्दा बढी प्रजातिका बिरुवा रोपेको हो। ‘बिट द प्लास्टिक’ भन्ने नारासहित बढ्दो जलवायु परिवर्तन न्यूनीकरण गर्न वृक्षारोपण गरिएको बैंकको भनाइ छ।



बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यसअघि नै देशका विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन तथा सामुदायिक विद्यालय एवं मठ-मन्दिरमा सहयोग गरिसकेको जनाएको छ।

नेपाल एसबिआई बैंक र एनसिएचएलबिच सम्झौता



काठमाडौं/ नेपाल एसबिआई बैंकले एनपिएस नेसनल कार्ड स्विच तथा नेपाल पे कार्डको प्रिन्सिपल मेम्बरसिपका लागि नेपाल क्लियरिङ हाउस (एनसिएचएल)सँग सम्झौता गरेको छ।

सम्झौतापत्रमा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्। सम्झौता कार्यक्रममा बैंकका प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, सल्लाहकार छपिराज पन्त, प्रमुख प्रविधि अधिकृत सुनन्द मल्होत्रा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याललगायतको उपस्थिति थियो।

सम्झौतासँगै बैंकले डोमेस्टिक कार्ड योजना नेपाल पे कार्ड जारी गर्ने र प्राप्त गर्ने प्रयोजनका लागि स्विच एकीकृत गर्न सक्नेछ। बैंकले देशभर फैलिएका सय शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, सात प्रादेशिक कार्यालय, एक सय २५ एटिएमबाट वित्तीय सेवा दिँदै आइरहेको छ।

एभरेस्ट कलरको आइपिओ बिक्री प्रबन्धक लक्ष्मी सनराइज क्यापिटल

काठमाडौं/ एभरेस्ट कलर लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले सात लाख ९० हजार कित्ता आइपिओ निष्कासन गर्ने भएको हो।



कम्पनीले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटललाई नियुक्त गरेको छ। यससम्बन्धी दुवै पक्षबिच भएको सम्झौतामा कम्पनीका प्रबन्ध सञ्चालक सरोज लुइँटेल तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेका हुन्। आइपिओ निष्कासनका लागि कम्पनीलाई केयर रेटिंग्स नेपाललले डबल बी माइनस रेटिङ प्रदान गरेको छ।

ज्योति विकास र तिलगंगा सिटी आई सेन्टरबिच छुट सम्झौता

काठमाडौं/ ज्योति विकास बैंक र तिलगंगा सिटी आई सेन्टरबिच बैंकका ग्राहकलाई छुट दिने सम्झौता भएको छ। बैंकले ग्राहकलाई स्वास्थ्य सेवामा सुविधा प्रदान गर्न काठमाडौं, चुच्चेपाटीस्थित तिलगंगा सिटी आई सेन्टरसँग छुटसम्बन्धी सम्झौता गरेको हो। सम्झौताअनुसार बैंकका ग्राहकले सो आँखा केन्द्रमा आँखा जाँच, शल्यक्रिया, थेरापीलगायतका सेवामा १० प्रतिशत र प्रेस्क्रिप्सन चस्मा खरिदमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।



हालै बैंकले नयाँ बानेश्वरस्थित अल्फा हेल्थ केयर एन्ड डाइग्नोस्टिक सेन्टरमा १५ प्रतिशत र सातदोबाटोस्थित पब्लिक नेपाल डेन्टल हस्पिटलमा ५० प्रतिशतसम्मको छुटसम्बन्धी सम्झौतासमेत गरेको जनाएको छ।

त्यस्तै, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हालसम्म देशभर ६० वटाभन्दा बढी बेबी वार्मर मेसिन प्रदान गरिसकेको छ बैंकले हाल देशका एक सय २१ वटा शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ वटा एटिएममार्फत वित्तीय सेवा दिँदै आएको छ।

आइएमई लाइफमा आबद्धलाई मेडिसिटी हस्पिटलमा १० प्रतिशत छुट



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सका बिमित, अभिकर्ता तथा कर्मचारीलाई मेडिसिटी हस्पिटलमा उपचार गर्दा छुट दिनेबारे सम्झौता भएको छ। सम्झौताअनुसार लाभग्राहीले हस्पिटलमा उपचार गराउँदा १० प्रतिशत छुट पाउनेछन्।

साथै, हेल्थ चेकअप प्याकेजमा विषेश सहुलियतसमेत प्राप्त गर्ने कम्पनीले जनाएको छ।

उक्त छुट सुविधा प्राप्त गर्न कम्पनीका बिमितले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाइ छुट सुविधा लिन सक्नेछन् भने अभिकर्ता तथा कर्मचारीले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधाको लाभ लिन सक्ने जनाइएको छ।

नेपाल र कम्बोडियाबिच व्यापारिक सहकार्य गर्न सम्झौता

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई) र कम्बोडियन फेडेरेसन अफ एम्प्लोयर्स एन्ड बिजनेस एसोसिएसन (क्याम्फेबा) बिच द्विपक्षीय व्यापारिक सहकार्यलाई सुदृढ गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ। श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीको उपस्थितिमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र क्याम्फेबाका उपाध्यक्ष सोक लोरले स्विट्जरल्यान्डको जेनेभामा सो समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्।

समझदारीपत्रमा दुवै पक्षले रोजगारी, श्रम कानुन, व्यवसायका उत्कृष्ट अभ्यासबारे जानकारी, तालिम, अनुसन्धान र क्षमता अभिवृद्धिका संयुक्त कार्यक्रमसहित लगानी प्रवर्द्धनलाई जोड दिइने उल्लेख छ। त्यस्तै, बिटुबी सहकार्यलाई प्राथमिकता तथा दुवै संस्थाले व्यापारिक साझेदार पहिचान, व्यावसायिक मञ्चबिच सहकार्य र लगानीका अवसरबारे आ-आफ्ना सदस्यलाई सहयोग गर्ने प्रतिबद्धता उल्लेख गरिएको महासंघका अध्यक्ष ढकालले बताए।

सम्झौताअनुसार उद्यमशीलता, औद्योगिक सम्बन्ध, मानव संशाधन, व्यावसायिक सुरक्षा, सिप विकास र लगानी प्रवर्द्धनमा संयुक्त पहल गरिने ढकालले जानकारी दिए।

यस्तै, क्याम्फेबाका उपाध्यक्ष सोक लोरले महासंघसँग भएको यो समझदारीले नयाँ अवसर सिर्जना, बलियो सञ्जाल र क्षेत्रीय सहकार्यको मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गरे। यो सम्झौता दुई देशका व्यापारिक समुदायबिच सहकार्य र लगानी प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय

बागमती प्रदेश, हेटौंडा

बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०८२/०२/३०

यस कार्यालयबाट मिति २०८१/१०/३० गते हिमालय टाइम्समा प्रकाशित Construction of Transport Infrastructure Projects within Bagmati Province का लागि बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मिति २०८२/०२/०२ गते प्रक्षेपण राष्ट्रिय दैनिकमा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना बमोजिम मिति २०८२/०२/०९ गते आर्थिक प्रस्ताव खोली आर्थिक प्रस्तावको मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्रहरू स्वीकृति सम्बन्धि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Contract Id	Name of Bidder	Bid Price with VAT & PS
1	LIDPO/Htd/W/ NCB/ 136/081-82	M/S Engineering-Shiva-Hansakriti Joint Venture, Hetauda, Makwanpur	6,14,37,690.66

सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८२/०२/३०, शुक्रबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको सांवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समय देखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफुले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस वित्तीय संस्थाको सम्पुर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसुची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरुको विवरण	
	बुटवल शाखा	
१.	**विजय थापा** ना.प्र.नं. ४११०३५/६८३५० जारी मिति : २०६४/०७/३०, गुल्मी बाबुको नाम : चित्र बहादुर थापा बाजेको नाम :पदम सिंह ठेगाना : जिल्ला गुल्मी, खड्गकोट गा.वि.स वडा नं. १, हाल: जिल्ला गुल्मी, कालिगण्डकी गा.पा वडा नं. ६	**व्यक्तिगत घनजमानी दिने** **१. कुसुम थापा** ना.प्र.नं. ४११०३४/८४९०५ जारी मिति : २०६६/१०/१८, गुल्मी बाबुको नाम : कुमार थापा बाजेको नाम : गंगा बहादुर थापा ठेगाना : जिल्ला गुल्मी, कालिगण्डकी गा.वि.स वडा नं. ७ हाल जिल्ला रुपन्देही, बुटवल उपमहानगरपालीका वडा नं. ११ देविनगर
२.	**निशा शर्मा** ना.प्र.नं. ३७२०१३/४५६०३ जारी मिति : २०६४/०९/०४, रुपन्देही बाबुको नाम : बाबु राम शर्मा बाजेको नाम : हरि लाल गौतम ठेगाना : जिल्ला रुपन्देही, शंकरनगर गा.वि.स वडा नं. १ हाल जिल्ला रुपन्देही, तिलोत्तमा न.पा वडा नं. १	**व्यक्तिगत घनजमानी दिने** **१. दामोदर पौडेल** ना.प्र.नं.११८१९/९६९/०४४ जारी मिति :२०६१/०३/१४, अर्घाखाँची बाबुको नाम : बाबुराम चुदाली बाजेको नाम : शिवलाल चुदाली ठेगाना : जिल्ला अर्घाखाँची, सन्धिखर्क न.पा वडा नं.१२ हाल जिल्ला रुपन्देही, तिलोत्तमा न.पा वडा नं. १
३.	**दुर्गा देवी रेग्मी** ना.प्र.नं.२२५/११९५ जारी मिति : २०४६/०३/१९, बाग्लुङ बाबुको नाम : देवि प्रसाद पौडेल पतिको नाम : वेद प्रसाद रेग्मी ससुराको नाम : देवि प्रसाद पाध्या ठेगाना : जिल्ला बाग्लुङ, पैयूपाटा गा.वि.स वडा नं. २, हाल: जिल्ला कपिलबस्तु ,बाणगंगा न.पा वडा नं. ४	**व्यक्तिगत घनजमानी दिने** **१. वेद प्रसाद रेग्मी** ना.प्र.नं.५२४/४२६ जारी मिति : २०३६/०२/२३, बाग्लुङ बाबुको नाम : देवि प्रसाद पाध्या बाजेको नाम : गजाधर ठेगाना : जिल्ला बाग्लुङ पैयूपाटा गा.वि.स वडा नं. २, हाल: जिल्ला कपिलबस्तु ,बाणगंगा न.पा वडा नं. ४
	बर्दघाट शाखा	
४.	**कल्पना ढुङगाना** ना.प्र.नं. : ५७५९४, जारी मिति : २०५७/११/०२, नवलपरासी पतीको नाम : अमित ढुङगाना बाबुको नाम : वोधराज लामिछाने बाजेको नाम : मकरध्वज लामिछाने ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १४ **व्यक्तिगत घनजमानी दिने** **१. अमित ढुङगाना** ना.प्र.नं. : ३२१७१ जारी मिति : २०५२-१०-२२, नवलपरासी पत्नीको नाम : कल्पना ढुङगाना बाबुको नाम : हरि प्रसाद ढुङगाना बाजेको नाम : तारापति ढुङगाना ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १४	**व्यक्तिगत घनजमानी दिने** **२. नन्द कला ढुङगाना** ना.प्र.नं.:१०९६ जारी मिति : २०४६-१०-२६, नवलपरासी बाबुको नाम : भोलानाथ पंगेनी पतीको नाम : हरि प्रसाद ढुङगाना ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं.१४,न.प
५.	**नन्दा सप्लायर्स (प्रो. अमित ढुङगाना)** घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता नं.१६९७/९२९७ दर्ता मिति :२०७३।०८।२२ स्थायी लेखा नं. : ६०५५०८८१९ मिति : २०७३।०८।२६ ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०७, **संस्थागत घनजमानी दिने** **१. अमित ढुङगाना** ना.प्र.नं. : ३२१७१ जारी मिति : २०५२-१०-२२, नवलपरासी पत्नीको नाम : कल्पना ढुङगाना बाबुको नाम : हरि प्रसाद ढुङगाना बाजेको नाम : तारापति ढुङगाना ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १४	**व्यक्तिगत घनजमानी दिने** **१. कल्पना ढुङगाना** ना.प्र.नं. : ५७५९४, जारी मिति : २०५७/११/०२, नवलपरासी पतीको नाम : अमित ढुङगाना बाबुको नाम : वोधराज लामिछाने बाजेको नाम : मकरध्वज लामिछाने ठेगाना : नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स. वडा नं. ०४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १४, **२. नन्दकला ढुङगाना** ना.प्र.नं.: १०९६ जारी मिति : २०४६-१०-२६, नवलपरासी पतिको नाम : हरि प्रसाद ढुङगाना ससुराको नाम : तारापति ढुङगाना बाबुको नाम : भोलानाथ पंगेनी ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. १४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. १४,
६.	**पदम बहादुर रुचाल मगर** ना.प्र.नं. : २४८१८, जारी मिति : २०५२/०३/१३, नवलपरासी पत्नीको नामः अनिता रुचाल मगर बाबुको नामः लाल बहादुर रुचाल मगर बाजेको नामः मिन बहादुर रुचाल मगर ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १४, **व्यक्तिगत घनजमानी दिने** **१. अनिता रुचाल मगर** ना.प्र.नं. : ३६३०५६/४७१ जारी मिति : २०६३-१०-१४, नवलपरासी पतीको नाम : पदम बहादुर रुचाल मगर बाबुको नाम : पदम बहादुर राना मगर बाजेको नाम : कुल बहादुर राना ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १४	**व्यक्तिगत घनजमानी दिने** **२. सन्तोष रुचाल मगर** ना.प्र.नं. : ३६-०१-७३-०१५५५ जारी मिति : २०७३-०२-२०, नवलपरासी बाबुको नाम : पदम बहादुर रुचाल मगर बाजेको नाम : लाल बहादुर रुचाल मगर ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १४ **३. ठनी सरा वारघरे** ना.प्र.नं. : ४४०६८ जारी मिति : २०६२-०२-१७, नवलपरासी बाबुको नाम : खड्ग बहादुर गाहा मगर बाजेको नाम : आसमान गाहा पतीको नाम : आम बहादुर वारघरे ठेगाना : नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. ०२, हाल नवलपरासी नवलपरासी जिल्ला बिनयी त्रिवेणी गा.पा. वडा नं. ०२

सि.नं.	ऋणी तथा जमानी दिनेहरुको विवरण	
७.	**मन्जु कृषि फर्म (प्रो. मन्जु गुरुङग)** घरेलु तथा साना उद्योग कार्यालय परासी दर्ता नं.७१९/२२४२/०७६/०७७ दर्ता मिति:२०७६।०८।१२ स्थायी लेखा नं.: ६१२५४०२५५ मिति : २०७६।०८।१२ ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १६, **व्यक्तिगत घनजमानी दिने** **१. दुर्गा बहादुर गुरुङ्ग** ना.प्र.नं.:८१०२८ जारी मिति : २०४६।०३।१६, नवलपरासी बाबुको नाम : गम्बर सिंह गुरुङ बाजेको नाम : वासुर गुरुङ ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गाउँ विकास समिति वडा नं. २, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. १६	**व्यक्तिगत घनजमानी दिने** **२. नरेन्द्र गुरुङ** ना.प्र.नं. : ५१८७० जारी मिति : २०५६।०८।०७, नवलपरासी बाबुको नाम : दुर्गा बहादुर गुरुङ्ग बाजेको नाम : गम्बर सिंह गुरुङ ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं.२, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं.१६ **३. मन्जु गुरुङग** ना.प्र.नं. : ३६-०१-७१-०७८४० जारी मिति : २०७१।१२।१०, नवलपरासी पतिको नाम : नरेन्द्र गुरुङ बाबुको नाम : योउ बहादुर गुरुङ बाजेको नाम : भिमराज गुरुङ ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. २, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. १६
८.	**शोभा पंजियार** ना.प्र.नं. : ३६३०३५।११३० जारी मिति : २०६३।१०।१२, नवलपरासी पतीको नाम : तेज बहादुर पंजियार बाबुको नाम : भोज राज महतो बाजेको नाम : पृथीराम महतो ठेगाना : नवलपरासी जिल्ला, बेनिमणीपुर गा.वि.स वडा नं.९, हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) **व्यक्तिगत घनजमानी दिने** **१. सह विर पंजियार** ना.प्र.नं. : ३०३१६, नवलपरासी जारी मिति : २०५९।१०।०८, नवलपरासी बाबुको नामः नर बहादुर पंजियार बाजेको नामः पृथीराम थारु नवलपरासी जिल्ला, बेनिमणीपुर गा.वि.स वडा नं.९, हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)	**व्यक्तिगत घनजमानी दिने** **२. केशवराज पंजियार** ना.प्र.नं. : ३२५०३ जारी मिति : २०६०।०२।२२, नवलपरासी बाबुको नाम : नर बहादुर पंजियार बाजेको नाम : पृथीराम थारु नवलपरासी जिल्ला, बेनिमणीपुर गा.वि.स वडा नं.८, हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४, (बर्दघाट-सुस्ता पूर्व)
९.	**हिमालय शुज सेन्टर (प्रो. पुर्ण बहादुर सार्की)** घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता नं.२०३/११६८८/०७५/०७६ दर्ता मिति :२०७५।०५।०५ स्थायी लेखा नं. : ६०८३०६४५६ मिति : २०७५।०५।०७ ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ११, नवलपरासी **संस्थागत घनजमानी दिने** **१. पुर्ण बहादुर सार्की** ना.प्र.नं. : ३६२९५ जारी मिति : २०५३।०१।१६, नवलपरासी बाबुको नाम : गुन्ज बहादुर सार्की बाजेको नाम : पर्जे सार्की ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ०७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. ०२ **व्यक्तिगत घनजमानी दिने** **१. दिपा सार्की** ना.प्र.नं.:३६१०५६।५६६ जारी मिति : २०६६।०४।१९, नवलपरासी पतिको नाम : पुर्ण बहादुर सार्की ससुराको नाम : गुन्ज बहादुर सार्की बाबुको नाम : सन्ते सार्की ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ०७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. ०२	**व्यक्तिगत घनजमानी दिने** **२. सौगाद सार्की** ना.प्र.नं. : ३६-०६-७८-०००९३ जारी मिति : २०७८।०१।१७, नवलपरासी बाबुको नाम : पुर्ण बहादुर सार्की बाजेको नाम : गुन्ज बहादुर सार्की ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं.१५ **३. मुक्तिराम भट्टराई** ना.प्र.नं.:९११ जारी मिति : २०४२।०९।२९, गुल्मी बाबुको नाम : चुरामनी भट्टराई बाजेको नाम : रविलाल भट्टराई ठेगाना : गुल्मी जिल्ला, जयखानी गा.वि.स वडा नं. ०४, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. ०४
१०.	**ईन्द्र बहादुर खत्री क्षेत्री** ना.प्र.नं. : ४२१२९ जारी मिति : २०५४।०५।१७, नवलपरासी बाबुको नाम : भिम बहादुर खत्री क्षेत्री बाजेको नाम : बम बहादुर खत्री क्षेत्री ठेगाना : नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ०८, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. १४ **व्यक्तिगत घनजमानी दिने** **१. सिता थापा क्षेत्री** ना.प्र.नं. : ८०७१३ जारी मिति : २०५७।०२।१०, पाल्पा पतिको नाम : इन्द्र बहादुर खत्री क्षेत्री बाबुको नाम : गणेश बहादुर थापा क्षेत्री बाजेको नाम : मान बहादुर थापा क्षेत्री ठेगाना : स्थायी जिल्ला पाल्पा, मदनपोखरा गा.वि.स वडा नं. ०७, हाल नवलपरासी जिल्ला बर्दघाट न.पा.वडा नं. १४	**व्यक्तिगत घनजमानी दिने** **२. ईसिका के.सी.** ना.प्र.नं.:३६-०६-७७-०२१८३ जारी मिति : २०७७।१२।१९, नवलपरासी बाबुको नाम : इन्द्र बहादुर खत्री क्षेत्री बाजेको नाम : भिम बहादुर खत्री क्षेत्री ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १४ **३. अश्मिता भट्टराई** ना.प्र.नं.:३७१०१४।३८०६० जारी मिति : २०६५।१२।०६,रुपन्देही पतिको नाम : अनिल भण्डारी बाबुको नाम : गोपाल प्रसाद भट्टराई बाजेको नाम : वाशुदेव भट्टराई ठेगाना : रुपन्देही जिल्ला, आनन्दवन न.पा वडा नं. ०३, हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा.वडा नं. ०८

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

टी–२० विश्वकप छनोटअघि नेपालले वेस्ट इन्डिजविरुद्ध खेल्ने





श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालको राष्ट्रिय पुरुष क्रिकेट टोलीले पहिलोपटक टेस्ट मान्यताप्राप्त वेस्ट इन्डिजविरुद्ध ऐतिहासिक टी-२० आई सिरिज खेल्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार नेपाल र वेस्ट इन्डिजबिच तीन खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज हुने घोषणा गरेको हो। नेपालको क्रिकेट इतिहासकै टेस्ट राष्ट्रविरुद्धको ऐतिहासिक सिरिज संयुक्त अरब इमिरेट्स (युएई)को विश्वचर्चित शारजहाँ क्रिकेट रंगशालामा हुनेछ। दुई टोलीबिचको सिरिज आगामी २७, २८ र ३० सेप्टेम्बरमा हुनेछ।

> सन् २०१२ र ०१६ को टी-२० विश्वकप उपाधि जितेको वेस्ट इन्डिजविरुद्ध नेपालले आगामी सेप्टेम्बरमा ऐतिहासिक तीन खेलको टी-२० आई सिरिज खेल्ने

वेस्ट इन्डिज क्रिकेट बोर्ड र क्यानबिच लामो समयको छलफलपछि सिरिज सम्भव भएको क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिएका छन्। 'आइसिसीको पूर्णकालीन सदस्य राष्ट्रविरुद्ध अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने सपना थियो, जुन वेस्ट इन्डिजसँग सम्भव भएको छ,' लामाले भने, 'दुई क्रिकेट बोर्डबिच अगाडिदेखि छलफल चलिरहेको थियो। अन्ततः वेस्ट इन्डिजको क्रिकेट बोर्डले आफ्नो सिनियर टोलीलाई नेपालसँग खेल्ने सहमति जनायो।'

वेस्ट इन्डिजसँगको टी-२० आई सिरिजको आयोजक नेपाल नै हो। आयोजकका रूपमा युएईमा प्रतियोगिताको आर्थिक पक्ष उसैले व्यहोर्नुपर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। तर, क्यानले यसको सहजीकरण गर्न युएईसँग वार्ता गरिरहेको छ। 'हामीले युएईसँग प्रतियोगिताका विविध पक्षबारे छलफल गरिरहेका छौं,' लामाले भने, 'हामीलाई विश्वास छ, यसमा युएईले सहयोग गर्नेछ।'

वेस्ट इन्डिजको उदीयमान राष्ट्रसँग खेल्ने चाहना

वेस्ट इन्डिज क्रिकेट बोर्डले अन्तर्राष्ट्रिय क्षेत्रमा चम्किरहेको राष्ट्रसँग प्रतिस्पर्धा गर्ने अगाडिदेखिको योजना हो। यसै योजनाअनुसार वेस्ट इन्डिजले विश्व क्रिकेटमा उदीयमान राष्ट्रका रूपमा नेपालसँग सिरिज खेल्ने सहमति जनाएको क्यानका प्रवक्ता लामाले बताए। 'उहाँहरूले उदीयमान क्रिकेट राष्ट्रसँग सिरिज खेल्ने योजना बनाइराख्नुभएको थियो, यसबिच हामीले प्रस्ताव राख्यौं र एक किसिमले सहज रूपमा नेपालसँग सिरिज खेल्ने सहमति भयो,' उनले भने, 'पक्कै पनि यसले हाम्रो क्रिकेट विकासमा टेवा पुग्नेछ।'

क्यानले वेस्ट इन्डिज क्रिकेटलाई उनीहरूको बलियो प्रतिबद्धताका लागि गहिरो कृतज्ञता दिएको छ। गत वर्षको पुसमा भएको नेपाल प्रिमियर लिग (एनपिएल) दौरान वेस्ट इन्डिजका लिजेन्ड ब्रायन लाराले नेपाल भ्रमण गरेका थिए। नेपालको क्रिकेट विकासमा लाराले सक्दो सहयोग गर्ने वाचा गरेका थिए।

दुईपटकको विश्व च्याम्पियन वेस्ट इन्डिज

क्रिकेटको छोटो फर्म्याट (टी-२०) मा वेस्ट इन्डिजको रेकर्ड गर्विलो छ। वेस्ट इन्डिजले यो फर्म्याटमा हुने विश्वकप दुईपटक जितेको छ। सन् २०१२ र २०१६ मा गरी वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप जितेको हो। सन् २००६ मा वेस्ट इन्डिजले पहिलोपटक न्युजिल्यान्डसँग टी-२० आई खेलेको थियो। अहिलेसम्म वेस्ट इन्डिजले २१९ टी-२० आई खेल्दा ९३ खेलमा जित र ११२ मा हारको सामना गरेको छ। वेस्ट इन्डिजले निरन्तर रूपमा टी-२० विश्वकप खेलिरहेको छ।

नेपालले अहिलेसम्म दुईपटक टी-२० विश्वकपमा सहभागिता जनाएको छ। सन् २०१४ र २०२४ मा नेपालले विश्वकप खेलेको हो। नेपालले पहिलोपटक सन् २०१४ मा हङकङसँग टी-२० आई खेलेको थियो। ११ वर्षको यात्रामा नेपालले अहिलेसम्म ९९ टी-२० आईमा ५५ जित र ३९ खेलमा हारको सामना गरेको छ।

एक वर्षअघि वेस्ट इन्डिज 'ए' टोलीसँग प्रतिस्पर्धा

गत वर्षको वैशाखमा वेस्ट इन्डिजको 'ए' र नेपालबिच पाँच खेलको टी-२० सिरिज भएको थियो। त्यसवेला वेस्ट इन्डिज क्रिकेट बोर्डले नेपालविरुद्ध खेल्न सिनियर क्रिकेटर रोस्टन चेजलाई कप्तानी जिम्मेवारी दिएको थियो। नेपालविरुद्ध सन् २०१६ मा वेस्ट इन्डिजले टी-२० विश्वकप जितेका वेलाका ब्याट्समयान जोनसन चार्ल्स र आन्द्र फ्लेचरले पनि प्रतिस्पर्धा गरेका थिए। गत वर्षको आइसिसी टी-२० विश्वकपमा बलियो टोली बनाउन वेस्ट इन्डिजका प्रशिक्षक डारेन सामीले अनुभवी खेलाडी नेपाल पठाएका थिए। यद्यपि, वेस्ट इन्डिजसँग उत्कृष्ट प्रदर्शन गरे पनि नेपालले सिरिज गुमायो।

आइसिसी टी-२० विश्वकपअघि एक्सपोजर

वेस्ट इन्डिजसँगको सिरिजले आइसिसी पुरुष टी-२० विश्वकप छनोटअघि नेपाली टोलीलाई अन्तर्राष्ट्रिय एक्सपोजर प्रदान गर्ने अपेक्षा छ। नेपालले आइसिसी टी-२० विश्वकप २०२६ को एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटका लागि तयारी सुरु गरिसकेको छ। नेपालले गत चैतमा हङकङमा चारदेशीय टी-२० आई सिरिज खेलेको थियो। आगामी आइतबारदेखि नेपालले नेदरल्यान्ड्स र स्कटल्यान्डसँग त्रिकोणात्मक टी-२० आई सिरिज खेल्दै छ।

त्यसपछि जुलाईमा नेपालले टी-२० विश्वकप छनोटको तयारीस्वरूप श्रीलंकामा अभ्यास गर्ने छ। श्रीलंकाको अभ्यासपछि नेपालले अगस्टमा अस्ट्रेलियामा पाकिस्तान र बंगलादेशका 'ए' टोलीसँग अभ्यास खेल खेल्नेछ। अस्ट्रेलियामै रहँदा नेपालले बिग ब्यासका खेलाडी सम्मिलित टोलीसँग अभ्यास खेल खेल्नेछ। सेप्टेम्बरमा विश्वकपको तयारी गर्न नेपाल युएई पुग्नेछ। जहाँ नेपाल र वेस्ट इन्डिजबिच ऐतिहासिक टी-२० आई सिरिज हुनेछ। यो सिरिजपछि नेपालले अक्टोबरमा ओमानमा हुने विश्वकप छनोटमा प्रतिस्पर्धा गर्नेछ।

खेलतालिका

२५ सेप्टेम्बर २०२५, पहिलो टी-२० आई
२८ सेप्टेम्बर २०२५, दोस्रो टी-२० आई
३० सेप्टेम्बर २०२५, तेस्रो टी-२० आइ

■ १५औँ राष्ट्रपति रनिङ सिल्ड

लुम्बिनीका राहुलले तोडे ज्याभ्लिन थ्रोमा २७ वर्षअघिको रेकर्ड

नयाँ पत्रिका

१५औँ केन्द्रीय राष्ट्रपति रनिङ खेलकुद प्रतियोगिताको बिहीबार दोस्रो एथलेटिक्समा चार नयाँ जुनियर राष्ट्रिय कीर्तिमान बनेका छन्। छात्र ज्याभ्लिन थ्रो, छात्रा आठ सय मिटर दौड, छात्राको चार गुणा चार सय मिटर रिलेमा रेकर्ड बनेका हुन्। यसअघि प्रतियोगिताको उद्घाटन दिनमा दुई राष्ट्रिय रेकर्ड बनेका थिए। समग्रमा अहिलेसम्म जुनियर एथलेटिक्समा खेलाडीले ६ वटा नयाँ रेकर्ड बनाउन सफल भए। पहिलो दिन प्रदेशका प्रवीण रानामगरले छात्र सय मिटर दौड तथा सुदूरपश्चिम प्रदेशकी



लुम्बिनीका राहुल थारू

दशरथ रंगशालामा बिहीबार छात्र ज्याभ्लिन थ्रोमा लुम्बिनीका राहुल थारूले २७ वर्षअघि धीरेन्द्रजंग शाहको नाममा रहेको रेकर्ड तोडे। राहुलले ५७.४० मिटर थ्रो गरेका थिए। यसअघि धीरेन्द्रजंगले ५५.५० मिटरको रेकर्ड राखेका थिए।

संगीता विकले छात्रा चार सय मिटर दौडमा कीर्तिमान बनाएका थिए। दोस्रो दिनको खेल सकिँदा एथलेटिक्समा कुल ६ कीर्तिमान बनिसकेका छन्। शुक्रबार आठ स्वर्णको टुंगो लाग्नेछ।

पहिलो दिन १० र दोस्रो दिन आठ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो। दशरथ रंगशालामा भएको छात्र ज्याभ्लिन थ्रोमा लुम्बिनीका राहुल थारूले २७ वर्षअघिको कीर्तिमान भंग गरे। उनले ५७.४० मिटर थ्रो गर्दै ०५५ सालमा धीरेन्द्रजंग शाहले बनाएको ५५.५० मिटरको कीर्तिमान भंग गरेका हुन्। कर्णाली प्रदेशका सुशान्त नेपाली दोस्रो तथा सुदूरपश्चिमका लोकेश एडी तेस्रो भए। छात्रा आठ सय मिटर दौड दुई मिनेट १७.९ सेकेन्डका साथ गण्डकीकी नारायणी भण्डारीले कीर्तिमान बनाइन्। नारायणीले ०८१ सालमा सरिता खड्काले बनाएको दुई मिनेट २८.५ सेकेन्डको कीर्तिमान तोडिन्।

रिलेमा दुई वर्षमै रेकर्ड तोडियो

छात्र चार गुणा चार सय मिटर रिलेमा बागमतीका प्रवीण रानामगर, नीरज थारू, हस्त सुनार र शन्तबहादुर दराईको टोलीले कीर्तिमानी स्वर्ण जित्यो। सो टोलीले निर्धारित दूरी तीन मिनेट ३०.९ सेकेन्डमा पूरा गरेको थियो। यसअघि चन्द्र बोहरा, अमित, कविर विक र सुक्वीरले ०८० सालमा तीन मिनेट ३१.० सेकेन्डको कीर्तिमान राखेका थिए। सोही स्पर्धाको छात्रामा बागमतीकै दिना गोपाली, अनिशा थारू, भगवती खड्का र अस्मिता भुजेल सम्मिलित टोलीले कीर्तिमान स्थापित गरे। टोलीले निर्धारित दूरी तय गर्न चार मिनेट १२.८ सेकेन्ड समय खर्चेको थियो।

०८१ को संस्करणमा चार मिनेट १७.२ सेकेन्डका साथ भावना फर्साल, सरिता खड्का, हिमाली शाही र कृष्णा राणाले रेकर्ड बनाएका थिए। छात्रा ज्याभ्लिन थ्रोमा सुदूरपश्चिमकी पूजा साउदले स्वर्ण जितिन्। पूजाले ३०.३२ मिटर थ्रो गरिन्। छात्र लङ्जम्पमा गण्डकीका प्रदीप महतोले ६.६९ मिटर जम्प गर्दै पहिलो भए। सुदूरपश्चिमका विवेक चौधरी दोस्रो तथा बागमतीका दीपेन्द्र गिरी तेस्रो भए। छात्रामा बागमतीकी अनिशा थारूले स्वर्ण जितिन्।

खेल संक्षेप

मधेशलाई यू-१४ क्रिकेट उपाधि



काठमाडौं/ मधेश प्रदेशले यू-१४ राष्ट्रिय विद्यालय खेलकुदअन्तर्गत छात्र क्रिकेटको उपाधि बिहीबार जितेको छ। माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको फाइनलमा मधेशले लुम्बिनी प्रदेशलाई ६ विकेटले पराजित गऱ्यो। लुम्बिनीले दिएको ५१ रनको लक्ष्य मधेशले ९.१ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो। मधेशका लागि ताहिर अन्सारीले १३ रन र राहुल पासवानले १२ रन जोडे। बलिङमा लुम्बिनीका लागि सुरज यादव र कप्तान सन्दीप थापाले समान दुई विकेट लिए।

पहिले ब्याटिङको निम्तो पाएको लुम्बिनीले १८.५ ओभरमा अलआउट हुँदै ५१ रन बनाएको थियो। लुम्बिनीका लागि आरोनजंग गिरीले अविजित २९ रन र जोन ओलीले ११ रन जोडे। मधेशका लागि कृष्ण महतोले सर्वाधिक तीन विकेट लिए। खिलराज सर्राफ र कप्तान कमलेश दासले समान दुई विकेट हात पारे। यू-१४ राष्ट्रिय खेलकुदअन्तर्गत छात्र क्रिकेट अन्तिम प्रतियोगिता हो।

नेपालको पहिलो प्रतिद्वन्द्वी भुटान

काठमाडौं/ नेपालले साफ यू-२० महिला च्याम्पियनसिपको पहिलो खेलमा भुटानविरुद्ध प्रतिस्पर्धा गर्नेछ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले बिहीबार सार्वजनिक गरेको खेलतालिकाअनुसार नेपालले पहिलो प्रतिद्वन्द्वीका रूपमा भुटान पाएको हो। प्रतियोगिता ११-२१ जुलाईसम्म बंगलादेशमा हुनेछ। नेपाल र भुटानबिचको खेल ११ जुलाईमा हुनेछ। नेपालले १३ जुलाईमा घरेलु टोली बंगलादेशसँग खेल्नेछ। नेपालले राउन्ड रोबिन लिगको १७ जुलाईमा श्रीलंका र २१ जुलाईमा पुनः बंगलादेशसँग खेल्नेछ। शीर्ष स्थानमा रहने टोली च्याम्पियन बन्नेछ।

निब्स बास्केटबल आजदेखि

काठमाडौं/ नेसनल आइडियल बोर्डिङ स्कुल (निब्स)को आयोजनामा दोस्रो निब्स एसइई कप श्री बाई श्री बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा २४ पुरुष र १२ महिला टोलीको सहभागिता रहने निब्सका संस्थापक प्रिन्सिपल देवनारायण महतोले बताए। दुवै समूहका विजेताले १० हजार र उपविजेताले सात हजार रुपैयाँ पाउने महतोले जनाए। खेल लिग कम नकआउट आधारमा हुनेछ। दुईदिने प्रतियोगिताका खेल मण्डिखाटारस्थित आयोजककै कोर्टमा खेलाइनेछ।

पुलिसले एभरेस्टविरुद्ध खेल्ने

कास्की/ प्रथम प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। राउन्ड रोबिन लिगका आधारमा चलिरहेको प्रतियोगिताअन्तर्गत समूह 'ए'को विजेता नेपाल पुलिस क्लबले समूह 'बी'को उपविजेता एभरेस्टसँग फाइनल प्रवेशका लागि खेल्ने भएको छ। यसैगरी, समूह 'बी'को विजेता न्यु डायमन्ड स्पोर्टस् क्लबले अन्तिम चारमा स्थानमा समूह 'ए'को उपविजेता नेपाल एपिएफ क्लबसँग खेल्नेछ।


६ टोली सहभागी प्रतियोगितामा स्टेप रामपर र घरेलु टोली गण्डकी प्रदेशबाट बाहिरिएका छन्। लिग चरणअन्तर्गत समूह 'ए'को अन्तिम खेलमा एपिएफले रामपरलाई ३-० को सोझो सेटमा पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। एपिएफले रामपरलाई २५-६, २५-६ र २५-७ ले हरायो। यसैगरी समूह 'बी'को अन्तिम खेलमा एभरेस्टले गण्डकीमाथि ३-१ को जित निकाल्यो। गण्डकीले पहिलो सेटमा उत्कृष्ट प्रदर्शन गरी २५-६ ले बाजी मार्‍यो। त्यसपछिका लगातार तीन सेटमा एभरेस्टले २५-१४, २५-२२ र २५-१४ ले जित निकाली अन्तिम चारको स्थान सुरक्षित गऱ्यो।

फिफा महिला वरीयतामा नेपाल एक स्थान खस्कियो

नयाँ पत्रिका

फिफा महिला वरीयतामा नेपाल एक स्थान तल झरेको छ। विश्व फुटबलको सर्वोच्च निकाय फिफाले बिहीबार सार्वजनिक गरेको वरीयताअनुसार नेपाली महिला फुटबल टोली सय स्थानमा छ। यसअघिको वरीयतामा नेपाल ९९औँ स्थानमा थियो। नेपालले १२०१.८९ रेटिङ अंक पाएको छ। नेपालले एक स्थान ओरालो लाग्दा वरीयतामा झिनो ०.१२ अंक गुमाएको छ। एसियाली राष्ट्रमध्ये नेपाल २० औँ स्थानमा छ। यसैबिच पुरुष टोली १७५औँ स्थानमा छ।

> २ जुनमा थाइल्यान्डसँगको मैत्रीपूर्ण खेलमा २-० ले पराजित भएको नेपाली राष्ट्रिय महिला फुटबल टोली नयाँ फिफा वरीयतामा सय स्थानमा रहँदा दक्षिण एसियामा बंगलादेशले पाँच स्थान सुधार गरेको छ



फाइल तस्बिर

फिफाले पछिल्लो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको नतिजाका आधारमा वरीयता निर्धारण गरेको हो। नेपालले अन्तिमपटक अन्तर्राष्ट्रिय खेल थाइल्यान्डविरुद्ध खेलेको थियो। दुईपटक महिला विश्वकप खेलिसकेको थाइल्यान्डसँग नेपालले २-० ले नतिजा गुमाएको थियो। नेपालमाथिको जितसँगै थाइल्यान्डले एक स्थान सुधार गरेको छ। नेपाल र थाइल्यान्डबिच २ जुनमा मैत्रीपूर्ण खेल भएको थियो। नयाँ वरीयतामा थाइल्यान्ड ४६औँ स्थानमा छ।

नेपालले गत फेब्रुअरीमा चारदेशीय फुटबल प्रतियोगिता खेलेको थियो। नेपालले लेबनान र कीर्गिस्तानलाई हराएको थियो। नेपालले म्यानमारसँग एक खेल बराबरी गऱ्यो। तर, उपाधि भिडन्तमा भने नेपाल म्यानमारसँग पराजित भयो। चारदेशीय फुटबल प्रतियोगितामा फाइनल स्थान सुरक्षित गरेको नेपाली महिला टोलीले त्यसवेला चार स्थान सुधार गरेको थियो। नेपाल एकैपटक १०३ बाट ९९औँ स्थानमा पुग्यो।

यसै महिनामा थाइल्यान्डसँग हार व्यहोरेपछि नेपालको वरीयता एक स्थान खस्किएको हो। फिफा वरीयताको शीर्ष स्थानमा अमेरिका छ। स्पेन दोस्रो र जर्मनी तेस्रोमा यथावत् छ। ब्राजिल चौथोमा उक्लिँदा इंग्ल्यान्ड पाँचौंमा झरेको छ। एसियाली राष्ट्र जापानको दुई स्थान खस्किएर सातौंमा पुगेको छ।

दक्षिण एसियाको वरीयता

राष्ट्र	वरीयता
भारत	७०
नेपाल	१००
बंगलादेश	१२८
पाकिस्तान	१५७
श्रीलंका	१५९
माल्दिभ्स	१६३
भुटान	१७१

नेपालको उच्च स्थान ९१

सन् २००३ मा नेपाली महिला फुटबल टोली फिफा वरीयतामा समावेश हुँदा ९८औँ स्थान रहेको थियो। सोही वर्ष नेपाल १०३औँ स्थानमा झऱ्यो। नेपालले महिला फिफा वरीयतामा अहिलेसम्म उच्च स्थान प्राप्त गरेको ९१औँ स्थान हो। सन् २०१७ को १५ डिसेम्बरमा फिफाले तत्काल जारी गरेको वरीयतामा नेपालले ९१औँ स्थान रक्षा गरेको थियो। महिला टोली त्यो भन्दामाथि जान सकेको छैन। सन् २०१८ मा नेपाल ९४ स्थानमा रह्यो। फिफा वरीयतामा नेपालले अहिलेसम्म तल्लो स्थान पाएको नै सन् २०१५ को २५ सेप्टेम्बरमा हो। त्यसवेलाको वरीयतामा नेपाली महिला टोली ११९औँ स्थानमा सीमित भएको थियो। यसैगरी, सन् २०२० को १८ डिसेम्बरमा नेपाल ९२औँ स्थानमा थियो। गत वर्षको २४ जुनमा नेपाल ९८औँ स्थानमा थियो।

बंगलादेशले माऱ्यो पाँच स्थान छलाङ

दक्षिण एसियाली राष्ट्रमा वरीयतामा ठुलो छलाङ मारेको राष्ट्र बंगलादेश हो। बंगलादेशले पाँच स्थान सुधार गरेको छ। नयाँ वरीयताअनुसार बंगलादेश १२८औँ स्थानमा छ। दक्षिण एसिया (साफ)मा शीर्ष वरीयतामा रहेको भारतले समेत स्थान गुमाएको छ। उज्वेकिस्तानसँगका दुईवटा मैत्रीपूर्ण खेलमा समान १-० ले पराजित भएको भारतले एक स्थान गुमाएको छ। नयाँ वरीयतामा भारत ७०औँ स्थानमा छ।

बंगलादेशले वरीयता सुधार गर्दा जुनमै भएका मैत्रीपूर्ण खेलमा जोर्डन र इन्डोनेसियालाई बराबरीमा रोकेको थियो। आफूभन्दा माथिल्लो वरीयतामा रहेका राष्ट्रलाई बराबरीमा रोकेपछि बंगलादेशले राम्रो वरीयता अंक बटुलेको हो। दक्षिण एसियामा पाकिस्तान १५७औँ र माल्दिभ्स १६३औँ स्थानमा छन्। भुटान १७१औँ स्थान यथावत् छ। श्रीलंका एक स्थान तल झर्दा १५९औँ स्थानमा पुगेको छ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिहुयाब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट



यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com